सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१६ फागुन २०८२, शनिबार (28 Feb 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३१० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-



झ्याउनयाँ

रवि-बालेन सम्बन्ध

गीतबाट सुरु भएको प्रीत



● पवन बराइली, कमलराज भट्ट

बुढ्यौलीमा एक्लोपन



● शान्ति तामाङ

नागढुंगा सुरुङमार्गको ट्रायल वैशाखमा



चैत तेस्रो सातासम्ममा सुरुङ सञ्चालनको ठेक्का सम्झौता गर्ने तयारी, सात कम्पनी प्राविधिक रूपमा योग्य

(विस्तृत पृष्ठ ७)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

४ खर्ब ६ अर्ब लागत अनुमान गरिएको बुढीगण्डकीका नाममा सरकारले नागरिकबाट १ खर्ब ७२ अर्ब उठाइसक्यो

परियोजना कहिले सुरु हुने अझै छैन टुंगो



मिलन विश्वकर्मा/नयाँ पत्रिका

राष्ट्रिय गौरवको १२ सय मेगावाटको बुढीगण्डकी जलाशययुक्त विद्युत् आयोजना निर्माणका लागि भन्दै सरकारले नागरिकबाट पौने दुई खर्ब कर उठाइसकेको छ। हरेक निर्वाचनमा प्रायः सबै दलहरूको घोषणापत्रमा पनि यो आयोजना प्राथमिकतामा पर्छ । तर, ५३ वर्षअघि पहिचान भएको बुढीगण्डकी कहिले सुरु हुने भन्ने अझै निश्चित छैन।

सरकारले भने बुढीगण्डकी बनाउने भन्दै ०७२/७३ देखि नै पेट्रोलियम पदार्थमा नागरिकबाट कर उठाउन थालेको हो। भन्सार विन्दुमै डिजेल, पेट्रोल र हवाई इन्धनमा कर उठाउन थालिएको हो। चालू आर्थिक वर्षको माघसम्म यसरी एक खर्ब ७२ अर्ब उठाइसकेको छ, उठाउने क्रम पनि जारी छ।

बुढीगण्डकी निर्माणको 'मोडालिटी'मै सरकारको

» पृष्ठ २ मा क्रमशः

किन बनेन बुढीगण्डकी, कसरी बनाउन सकिन्छ ?



● **डा. बाबुराम भट्टराई**, पूर्वप्रधानमन्त्री

सरकारले कम्पनीको वित्तीय ढाँचा स्वीकृत गरेको छ। तर, कम्पनी मोडलअनुसार काम गर्दा केवल विद्युत् उत्पादनमै सीमित रहन्छ। परियोजनाबाट बहुपक्षीय लाभ लिन सकिन्छ। विद्युत् उत्पादन मात्रै गौरवको आयोजना हुँदैन। त्यसैले छुट्टै कानुन बनाएर प्राधिकरणमार्फत बहुउद्देश्यीय आयोजना अघि बढाउन आवश्यक छ। यसरी मात्र परियोजना साँच्चिकै राष्ट्रिय गौरवको आयोजनामा परिणत हुन्छ।



● **अर्जुनकुमार गौतम**, ऊर्जाविज्ञ

आयोजना कहिले विदेशी लगानीमा बनाउने भनियो, कहिले स्वदेशीमा। कहिले विकास समिति, कहिले प्राधिकरणमार्फत। अस्थिर नीति र अस्पष्ट निर्णयले निर्माण सुरु हुन सकेन। ड्याम पोखरा, चितवन र काठमाडौंबाट नजिक छ र राजमार्गछेउमा रहेकाले पर्यटन विकासमा ठुलो योगदान दिन सक्छ। यो लाभ अन्य आयोजनाले दिन सक्दैन।

■ कांग्रेस, एमाले, नेकपा, रास्वपा र उज्यालो नेपालको घोषणापत्रमा बुढीगण्डकी

पहिलाका चुनावमा जस्तै यसपटकको २१ फागुनको निर्वाचनका लागि पनि दलहरूले घोषणापत्रमा यो परियोजनाको मुद्दा प्राथमिकताका साथ समेटेका छन्। कांग्रेस, एमाले, रास्वपा, उज्यालो नेपाल पार्टीलगायतले यसको निर्माण सुरु गर्ने बताएका छन्।

कांग्रेसले पाँच वर्षमा यसको निर्माण सुरु गर्ने बताएको छ। कांग्रेसको घोषणापत्रमा भनिएको छ, 'पाँच वर्षमा विद्युत् खपत ७५० युनिट र जडित क्षमता १४ हजार मेगावाट पुऱ्याउँदै बुढीगण्डकी र दुधकोशीजस्ता ठुला आयोजना अघि बढाउँछौं।' यसैगरी एमालेले पनि यस परियोजनाको कार्यान्वयन गर्ने बताएको छ। एमालेको घोषणापत्रमा भनिएको छ, 'हिउँदको समयमा समेत विद्युत् आपूर्तिको समस्या नरहने गरी माथिल्लो अरुण, दुधकोशी र बुढीगण्डकी आयोजनाको कार्यान्वयन गर्नेछौं। निजी विद्युत् आयोजना निर्धारित समयमा सम्पन्न गर्नेछौं।'

रास्वपाले दुई वर्षमा राष्ट्रिय गौरवको परियोजना निर्माण सम्पन्न गर्ने भनेको छ। बुढीगण्डकी राष्ट्रिय गौरवको परियोजना हो। नेकपा भने यसबारे मौन देखिन्छ।

उज्यालो नेपालले पनि पाँच वर्षमा यसको निर्माण सुरु गर्ने बताएको छ। 'आगामी पाँच वर्षभित्र ऊर्जा सुरक्षाको दृष्टिकोणले अत्यन्त महत्त्वपूर्ण मानिएका दुधकोशी (६७० मेगावाट), बुढीगण्डकी (१२०० मेगावाट)जस्ता जलाशययुक्त आयोजनाहरू वित्तीय व्यवस्था गरी निर्माण सुरु गरिनेछ,' उज्यालो नेपालको घोषणापत्रमा भनिएको छ।

यसअघि कांग्रेसले ०५१ को घोषणापत्रमा उल्लेख गरेको थियो, 'बुढीगण्डकी, ...जस्ता बृहत् आयोजनहरू विद्युत् निर्माणसमेत गर्ने लक्ष्य राखी विस्तृत अध्ययन तथा कार्यान्वयनका लागि अघि बढाइनेछ।' पछिल्लोपटक ०७९ मा फेरि यसलाई 'स्वदेशी लगानीमै बनाउने' भन्दै कांग्रेसले चुनावी एजेन्डा बनायो।

यस्तै, एमालेले ०७० मा '१० वर्षभित्र बुढीगण्डकीलगायत ठुला परियोजना' सम्पन्न गर्ने घोषणा गऱ्यो। ०७४ मा पुरानै घोषणा हुबहु दोहोऱ्यायो। ०७४ मा माओवादीले '१० वर्षभित्र बुढीगण्डकी परियोजना निर्माण गर्ने' भन्यो। ०७९ पनि भन्यो, 'बुढीगण्डकी जलविद्युत् परियोजनाको निर्माण कार्य तीव्रताका साथ अघि बढाइनेछ।'

■ ५३ वर्षअघि पहिचान भएको आयोजना

बुढीगण्डकी परियोजना ५३ वर्षअघि नै पहिचान भएको थियो। सन् १९७३/७४ मा प्रारम्भिक पहिचान भइसकेको यस आयोजनाको पूर्वसम्भाव्यता अध्ययन सन् १९८३/८४ मा सम्पन्न भयो। सुरुमै यसलाई ६०० मेगावाट क्षमतामा निर्माण गर्ने योजना बनाइएको थियो। पछि नेपाल विद्युत् प्राधिकरणले सन् २०१०/११ मा थप अध्ययन गरी पुरानो प्रतिवेदन अद्यावधिक गऱ्यो। परियोजनाको सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन र बोलपत्र दस्ताबेज तयारीका लागि डिसेम्बर २०१२ मा फ्रान्सको ट्याक्टेवेल इन्जिनियरिङसँग ठेक्का सम्झौता गरिएको थियो। उक्त कम्पनीले १२ सय मेगावाट क्षमतामा आयोजना निर्माण गर्ने अध्ययन प्रतिवेदन ३१ अक्टोबर २०१५ मा प्राधिकरणलाई बुझाएको थियो।

■ धमाधम बन्दै छ रातो मच्छिन्द्रनाथ रथको पांग्रा



ललितपुरको बेलाछेंमा धमाधम निर्माण भइरहेको रातो मच्छिन्द्रनाथ जात्राका लागि रथको पांग्रा। वर्षा र सहकालका देउता रातो मच्छिन्द्रनाथ जात्रामा प्रयोग हुने रथका पांग्रा कालिगढले परम्परागत शैली र विधिअनुसार निर्माण गरिरहेका हुन्। पांग्रा डेढ महिनामा बनाइसक्ने लक्ष्य छ। चारमध्ये दुईवटा पांग्रा गत २३ र २४ भदौको जेन-जी विद्रोहमा आगजनी हुँदा क्षतिग्रस्त बनेका थिए। हरेक १२ वर्षमा रथको पांग्रा फेर्ने प्रचलन छ। रथको चार पांग्रालाई हरिशिद्धि, लुप्तसंहार, टीकाभैरव र अन्नदीकुन्दर गरी चार भैरवको प्रतीकका रूपमा लिने गरिन्छ। पाटनमा हरेक वर्ष रातो मच्छिन्द्रनाथको जात्रा मनाउने गरिन्छ।

तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

■ ब्रिटिस गोर्खा सैनिकको मुद्दामा सर्वोच्च फैसला

नेपालमै भर्ती, पेन्सन र व्यवस्थापनका लागि छुट्टै निकाय बनाउन निर्देशन

■ न्यायाधीश हरिप्रसाद फुयाँल र महेश शर्मा पौडेलको संयुक्त इजलासले एक वर्षअघि गरेको फैसलाको हालै सार्वजनिक पूर्णपाठमा दिइएको निर्देशन–



हरिप्रसाद फुयाँल



महेश शर्मा पौडेल

- बेलायत सरकारसँग समन्वय गरी गोर्खा भर्ती नियुक्ति व्यवस्थापन गर्न एक छुट्टै निकायको स्थापना गरी एक लियाजन अफिसर नियुक्त गरी गोर्खा भर्तीलाई अवलोकन गर्ने
- भूतपूर्व गोर्खा सैनिकहरूले प्राप्त गर्ने पेन्सन भारतमार्फत आउने सम्झौताको व्यवस्थामा परिमार्जन गरी बेलायतबाट सिधै नेपालमा आउने व्यवस्था गर्ने
- त्रिपक्षीय सम्झौतामा भएका व्यवस्थाहरू भारत र बेलायतबिचको द्विपक्षीय सम्झौताअनुरूप भएको हुँदा हालको परिवेशमा उक्त सम्झौताको सान्दर्भिकतासमेतका पक्षमा अध्ययन विश्लेषण गरी नेपाल, नेपाली र गोर्खा सैनिकहरूको हित संरक्षण हुने गरी उपयुक्त रूपमा परिमार्जन गरी द्विपक्षीय सम्झौता गर्न पहल गर्ने
- उच्चस्तरीय कूटनीतिक माध्यमबाट बेलायत सरकारसँग भूतपूर्व गोर्खा सैनिकको समस्याबारे परिणाममुखी वार्ताको थप पहल गर्ने
- नेपालस्थित ब्रिटिस गोर्खाहरूको तलब भुक्तानीको प्रक्रियामा नेपालबाहेक अन्य बैंकहरूको प्रयोग भएको देखिएमा त्यस्तो निरन्तरता विचारणीय देखिन्छ, उक्त समयमा भारत त्रिपक्षीय सम्झौताको पक्ष रहे पनि वर्तमान समयमा समेत भारतलाई सोही सम्झौताको पक्ष कायम गर्नुको कुनै अर्थ देखिँदैन

शिल्पा कर्ण/नयाँ पत्रिका

सर्वोच्च अदालतले ब्रिटिस गोर्खा सैनिकको भर्ती, व्यवस्थापन र पेन्सन प्रणालीबारे आठबुँदे निर्देशनात्मक आदेश जारी गरेको छ। न्यायाधीश हरिप्रसाद फुयाँल र महेश शर्मा पौडेलको संयुक्त इजलासले एक वर्षअघि गरेको फैसलाको हालै सार्वजनिक पूर्णपाठमा अब गोर्खा भर्ती प्रक्रियादेखि पेन्सनसम्मका विषय नेपाल सरकारको जानकारी र समन्वयमा हुनुपर्ने उल्लेख छ। साथै, यसका लागि नेपालमै छुट्टै निकाय स्थापना गरी 'लियाजन अफिसर' नियुक्त गर्न सरकारलाई निर्देशन दिएको छ।

'...नेपालबाट बेलायती सेनाको नियुक्त गरिने नेपाली नागरिकको संख्यालगायतको जानकारी नेपाल सरकारलाई प्राप्त हुनु उचित देखिँदा बेलायत सरकारसँग समन्वय गरी गोर्खा भर्ती नियुक्ति व्यवस्थापन गर्न एक छुट्टै निकायको स्थापना गरी एक लियाजन अफिसर नियुक्त गरी

» पृष्ठ २ मा क्रमशः

एकै दिन कांग्रेसका चार र रास्वपाका दुई चुनावी सभा

चुनाव आउन एक साताभन्दा कम समय बाँकी रहँदा कांग्रेसले शुक्रबार बुटवल, कपिलवस्तु, बागलुङ र पोखरा तथा रास्वपाले चितवन र तनहुँको दमौलीमा चुनावी सभा गरेर मत मागे

पोखरामा **रोहितराज पराजुली**
हेटौंडामा **पोष्टराज अधिकारी**

कांग्रेस सभापति गगन थापाले कांग्रेसको सरकारले शक्तिशाली आयोग बनाएर हरेक काण्डको छानबिन गर्ने अठोट व्यक्त गरेका छन्। पोखरामा आयोजित चुनावी सभालाई शुक्रबार सम्बोधन गर्दै सभापति थापाले अब कांग्रेस नेतृत्वको सरकारले आफू र निवर्तमान सभापति शेरबहादुर देउवाबाटै सम्पत्तिको छानबिन गर्ने घोषणा पनि गरे।

'सरकारको पहिलो काम शक्तिशाली आयोग गठन गर्छ, त्यसले ०४६ पछि प्रधानमन्त्री हुनुभएका शेरबहादुर देउवाको सम्पत्ति, मन्त्री भएको गगन थापाको सम्पत्ति, सबैभन्दा पहिला त्यहाँबाट छानबिन सुरु गर्छ। आफ्नो 'बा' भए पनि छाड्दैन, एउटा-एउटा कुराको, काण्डको छानबिन गर्छ,' उनले भने, 'भविष्यमा त्यस्तो कुनै काण्ड हुन दिँदैन, त्यसका लागि आवश्यक कानुन र संस्था बनाउँछ।'

सभापति थापाले निर्वाचनपछिको परिणामले

» पृष्ठ २ मा क्रमशः



पोखराको चुनावी सभामा कांग्रेस सभापति गगन थापाले भने, 'सरकारको पहिलो काम शक्तिशाली आयोग गठन गर्छ, त्यसले ०४६ पछि प्रधानमन्त्री हुनुभएका शेरबहादुर देउवाको सम्पत्ति, मन्त्री भएको गगन थापाको सम्पत्ति, सबैभन्दा पहिला त्यहाँबाट छानबिन सुरु गर्छ।'



चितवनको चुनावी सभामा रास्वपा सभापति रवि लामिछानेले भने, 'आजसम्म पनि सिंहदरबार कसले जलायो भन्छन्। त्यसैले जलायो, जसले सिंहदरबारलाई भ्रष्टाचारको अखडा बनायो। सिंहदरबार जलाउने र बालबालिकालाई गोली ठोक्ने एउटै समूह हो, एउटै मानिस हुन्।

पाकिस्तान-अफगानिस्तान सीमा तनाव युद्धमा परिणत

क्षेत्रीय अस्थिरताको जोखिम, संयमता अपनाउन अन्तर्राष्ट्रिय समुदायको अपिल

नयाँ पत्रिका

अफगान तालिबानले सीमा क्षेत्रनजिक रहेका पाकिस्तानी सैन्य चौकीहरूविरुद्ध आक्रमण घोषणा गरेपछि जवाफमा पाकिस्तानले शुक्रबार अफगानिस्तानका विभिन्न क्षेत्रमा हवाई आक्रमण गरेको छ। अफगानिस्तानको तालिबान सरकारले बिहीबार राति सीमा क्षेत्रनजिक रहेका पाकिस्तानी सैन्य अड्डाहरूमा आक्रमण सुरु गरेको जनाएको थियो।

त्यसको केही घण्टामै पाकिस्तानले अफगान राजधानी काबुल तथा आफ्नै २,६०० किलोमिटर (१,६१५ माइल) लामो सीमासँग जोडिएका प्रान्तका लक्षित स्थानहरूमा बमबारी गरेको बताइएको छ। यी बम आक्रमण दुई देशबिच जारी तनावमा अहिलेसम्मकै सबैभन्दा ठुलो घटना मानिएको छ। गत अक्टोबरमा एक साताभन्दा चलेका घातक झडपपछि दुवै देशले युद्धविरामका सहमति जनाएका थिए।

पाकिस्तानी सेनाका प्रवक्ता लेफ्टिनेन्ट जनरल अहमद सरिफ चौधरीका अनुसार हवाई आक्रमणमा २२८ जना अफगान तालिबान लडाकु मारिएका र ३१४ जना घाइते भएका छन्। तर,

» पृष्ठ २ मा क्रमशः

नेपालमै भर्ती...

पृष्ठ १ बाट क्रमशः

गोर्खा भर्तीलाई अवलोकन गर्ने,' फैसलामा छ ।

हाल नेपालस्थित 'आर्मी रिक्रुटमेन्ट एन्ड ट्रेनिङ डिभिजन'अन्तर्गतको कार्यालयले गोर्खा भर्ती प्रक्रिया हेर्दै आएको छ । तर, यसमा नेपाल सरकारको प्रत्यक्ष संलग्नता र पूर्ण तथ्यांक नरहेको भन्दै अदालतले सुधारको आवश्यकता औंल्याएको छ ।

अदालतले भूतपूर्व गोर्खा सैनिकको पेन्सन भारतमार्फत आउने व्यवस्था परिमार्जन गरी बेलायतबाट सिधै नेपालमै आउने व्यवस्था गर्न पहल गर्न पनि भनेको छ । 'भूतपूर्व गोर्खा सैनिकहरूले प्राप्त गर्ने पेन्सन भारतमार्फत आउने सम्झौताको व्यवस्थामा परिमार्जन गरी बेलायतबाट सिधै नेपालमा आउने व्यवस्था गर्ने,' फैसलाको पूर्णपाठमा छ ।

गोर्खा सत्याग्रह संघर्ष समिति नेपालका तर्फबाट ललितपुरका भीमबहादुर लिम्बू तावा र लालबहादुर घिसिङले रिट दर्ता गराएका थिए । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रधानमन्त्री, परराष्ट्रमन्त्री, रक्षामन्त्रीलगायत विपक्षी रहेको रिटमा ब्रिटिस सरकारबाट सन् १९४७ सालको त्रिपक्षीय सम्झौता कार्यान्वयनको विषय उठाएका थिए । जसमाथि गत वर्षको १३ फागुनमा फैसला भएकोमा एक वर्षपछि पूर्णपाठ सार्वजनिक भएको हो ।

त्रिपक्षीय सम्झौता कार्यान्वयनबारे अदालतले भनेको छ, 'त्रिपक्षीय सम्झौतामा भएका व्यवस्थाहरू भारत र बेलायतबिचको द्विपक्षीय सम्झौताअनुरूप भएको हुँदा हालको परिवेशमा उक्त सम्झौताको सान्दर्भिकतासमेतका पक्षमा अध्ययन विश्लेषण गरी नेपाल, नेपाली र गोर्खा सैनिकहरूको हित संरक्षण हुने गरी उपयुक्त रूपमा परिमार्जन गरी द्विपक्षीय सम्झौता गर्न पहल गर्ने ।' सन् १९९७ अघि अवकाशप्राप्त गोर्खा सैनिकहरूको समान पेन्सन तथा सेवा-सुविधा र समग्रमा उनीहरूको हितमा पहल गर्नसमेत अदालतले भनेको छ ।

गोर्खा सैनिकमा भर्ती रहेका र अवकाश पाएकाहरूको समेत वास्तविक तथ्यांक बेलायती सरकारसँग माग्न तथा उपरान्त नेपालले पनि राख्ने व्यवस्था गर्न उक्त इजलासले आदेशमार्फत निर्देशन दिएको छ । 'उच्चस्तरीय कूटनीतिक माध्यमबाट बेलायत सरकारसँग भूतपूर्व गोर्खा सैनिकको समस्याबारे परिणाममुखी वार्ताको थप पहल गर्ने,'न्यायाधीशद्वयले भनेका छन्, 'उक्त वार्तामा पहिलो र दोस्रो विश्वयुद्धको क्रममा ज्यान गुमाएका वा घाइते भएका गोर्खा सैनिकहरूको वास्तविक संख्या यकिन गरी उनीहरूको परिवारलाई आवश्यक क्षतिपूर्ति तथा परिपूरण दिन कूटनीतिक तहबाट पहल गर्ने ।'

रिटको विषयको संवेदनशीलता र अत्यावश्यकतासमेत ध्यानमा राखी सो विषयमा सम्बन्धित निकायबाट यथाशीघ्र पहल गर्न भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेपाल सरकार, परराष्ट्र मन्त्रालय र रक्षा मन्त्रालयको नाममा यस्ता निर्देशनात्मक आदेश जारी भएका हुन् । '...भूतपूर्व गोर्खा सैनिकहरूले पाउनुपर्ने अधिकारबाट वञ्चित हुनुपर्ने अवस्था सिर्जना भएतर्फ पनि यस इजलासको गम्भीर ध्यानाकर्षण भएको छ,'उक्त फैसलामा छ ।

'समयानुकूल सम्झौता जरुरी'

अदालतले ७८ वर्ष पुरानो त्रिपक्षीय सम्झौता अहिलेको परिवेशअनुसार परिमार्जन गर्नुपर्ने धारणा व्यक्त गरेको छ । त्यतिबेला नेपाल तुलनात्मक रूपमा कमजोर अवस्थामा रहेको र शक्तिशाली बेलायतसँग सम्झौता भएको सन्दर्भलाई पनि इजलासले स्मरण गरेको छ । अदालतले भनेको छ, '...वर्तमान परिवेशलाई ध्यानमा राखी त्रिपक्षीय सम्झौतामा आवश्यक परिवर्तन गरी बेलायत र नेपालबिच दुवै पक्षको हित र मागहरू सम्बोधन हुने गरी द्विपक्षीय सम्झौता गर्नु समयानुकूल देखिन्छ ।' सम्झौता गर्ने अन्य पक्षहरूले सद्नियत साथ पालना गरेसम्म सम्झौताको मान्यता रहने अन्यथा नेपाल सरकारलाई आफ्नो दायित्व सीमित गर्ने तथा सम्झौता खारेज गर्नेसम्मको अधिकार हुन सक्ने फैसलामा छ ।

गोर्खा रेजिमेन्ट त्यतिबेला भारत र नेपालमा विभाजित अवस्थामा रहेकाले सम्झौतामा भारतको संलग्नता स्वाभाविक थियो । तर, अहिले नेपाल र भारतस्थित गोर्खा रेजिमेन्टहरू अलग-अलग संरचनामा रहेकाले बेलायती सेनामा कार्यरत गोर्खाहरूका लागि 'इन्डियन पे कोड' लागू गरिरहनुको औचित्य नरहेको न्यायाधीशहरूको मत छ ।

इजलासले भनेको छ, 'नेपालस्थित ब्रिटिस गोर्खाहरूको तलब भुक्तानीको प्रक्रियामा नेपालबाहेक अन्य बैंकहरूको प्रयोग भएको देखिएमा त्यस्तो निरन्तरता विचारणीय देखिन्छ । उक्त समयमा भारत त्रिपक्षीय सम्झौताको पक्ष रहे पनि वर्तमान समयमा समेत भारतलाई सोही सम्झौताको पक्ष कायम गर्नुको कुनै अर्थ देखिँदैन ।' त्रिपक्षीय सम्झौता हुनुअघि नै भारत र बेलायतबिच सम्झौताका मुख्य प्रावधान तय भइसकेका थिए । त्यसरी दुई देशबिच पूर्वनिर्धारित सहमतिका आधारमा पछि तीन देशबिच भएको सम्झौताले तेस्रो पक्ष अर्थात् नेपालको हितलाई कसरी, के र कति हदसम्म सम्बोधन गरेको छ भन्ने विषय विचारणीय रहेको इजलासको निष्कर्ष छ ।

एकै दिन...

पृष्ठ १ बाट क्रमशः

दुईथरी अतिवादलाई पक्षपोषण गर्न सक्ने खतरा रहेको औंल्याए । 'एउटा अतिवाद जसले भदौ २३ र २४ को घटनाको अवमूल्यन गर्छ, त्यो हुँदै होइन भन्छ, युवाहरूको सहभागिता देख्दैन, त्यो केवल षड्यन्त्र भयो भन्छ, युवाहरूको असन्तुष्टि भएको देख्दैन । त्यस्तै, अर्को खतरनाक अतिवाद छ, जो त्यो मौका छोपेर सिंहदरबार जलाउन पनि लगाउँछ, मौका पर्दै गर्दा आफैं जेलबाट पनि भाग्छ,' थापाले भने, 'यो दुवै अतिवाद हिजो पनि देख्यौं, भोलि पनि यो अतिवाद आउन सक्छ ।' थापाले सरकार चलाउनेबारे आफूले सात वर्षदेखि तयारी गरेको र सरकारमा गएकै दिनदेखि के-के गर्ने भन्ने खाकामा स्पष्ट रहेको बताए । 'सरकारमा गए मात्रै सिक्ने, योजना बनाउनेलाई दिने भनियो भने देश फेरि पछाडि धकेलिन्छ, सिकेर तम्तयार भएको टिमलाई देश हाँक्ने जिम्मा दिनुपर्छ, त्यस्तो टिम नेपाली कांग्रेससँग मात्रै छ,' उनले भने ।

रविको आक्रोश- सिंहदरबार जलाउने र गोली हान्ने एउटै समूह

रास्वपा सभापति रवि लामिछानेले सिंहदरबार जलाउने र बालबालिकामाथि गोली हान्ने घटना एउटै समूहसँग जोडिएको आरोप लगाएका छन् । शुक्रबार चितवनमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै लामिछानेले जेन-जी आन्दोलनका क्रममा बालबालिकामाथि गोली प्रहार गरिएपछि सिंहदरबार जलेको दाबी गरे । 'पहिले गोली हानियो, त्यसपछि संरचना जलेका हुन्,' उनले भने । अझै पनि सिंहदरबार कसले जलायो भन्ने प्रश्न उठिरहेको उल्लेख गर्दै उनले भ्रष्टाचारका कारण नै सिंहदरबार जलेको दाबी गरे । सिंहदरबार चलाउने र गोली हान्ने समूह एउटै रहेको उनको जिकिर छ । 'आजसम्म पनि सिंहदरबार कसले जलायो भन्छन् । सिंहदरबार त्यसैले जलायो, जसले सिंहदरबारलाई भ्रष्टाचारको अखडा बनायो,' उनले भने, 'सिंहदरबार जलाउने र बालबालिकालाई गोली ठोक्ने एउटै समूह हो, एउटै मानिसहरू हुन् ।' लामिछानेले अब आफूहरूले सिंहदरबार बनाउने र बदल्ने दाबी पनि गरे ।

रास्वपा बन्द उद्योग तथा कारखाना चलाउने पार्टी बन्न चाहन्छ : बालेन

रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह बालेनले रास्वपा बन्द भएका सबै उद्योग तथा कारखाना चलाउने पार्टी बन्न चाहेको बताएका छन् । चितवनमा आयोजित चुनावी सभामा शाहले भने, 'हाम्रो देश हेर्दौंडा सिमेन्ट कारखानाजस्तै भएको छ । मेसिन पनि छ । मेनपावर पनि छ, खानी पनि छ, तर बन्द । अब चल्नुपर्‍यो । नेपाली कांग्रेसको वाइवाइ फ्याक्ट्रीजस्तै चल्नुपर्‍यो अब त्यो पनि । पूरै देशभरि चल्नुपर्‍यो । बन्द भएका सबै उद्योग तथा कारखाना चलाउने पार्टी बन्न चाहन्छौं हामी ।'

बालेनले किसानले उत्पादन गरेको दुध, तरकारी सडकमा बगाउनुको एउटै कारण सिन्डिकेट रहेको बताए । बिचौलियाको सिन्डिकेट र विदेशबाट अनुदानमा आउने सस्तो तरकारीका कारण नेपाली किसान मर्कामा परेको उनको भनाइ छ । उत्पादन गर्ने किसान र उपभोक्ताबिचको दूरी कम गर्न नीतिगत सुधार आवश्यक रहेको बालेनले बताए ।

नेपालमा वर्षायाममा खेर जाने विद्युत् ऊर्जाको सदुपयोग गर्दै देशैभर 'कोल्ड स्टोरेज' (शीतभण्डार) निर्माण गर्नुपर्नेमा उनको जोड छ । सिजनमा सस्तो हुने तरकारी भण्डारण गरेर अभावका वेला बिक्री गर्न सकिने व्यवस्था भए किसान र उपभोक्ता दुवैलाई लाभ पुग्ने उनले दाबी गरे ।

भावपूर्ण
श्रद्धाञ्जली

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो ।



जन्म
बि.सं.: २०२७/१/१८

स्वर्गारोहण
बि.सं.: २०८२/११/०५

स्व. बोल कुमारी लामिछाने

हाम्रा अनन्य मित्र श्री अनिल लामिछानेको ममतामयी माता
स्व. बोल कुमारी लामिछानेको असामयिक निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छौं । यस दुःखद् निधन भएको १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं र शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

जोईन मिडिया हाउस प्रा.लि.
रेन्बो मिडिया प्रा.लि.
कसमस एडभरटाईजिङ एण्ड मिडिया प्रा.लि.
फ्युचर हब मिडिया मल्टिप्रर्पोज प्रा.लि.
हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन

परियोजना कहिले...

पृष्ठ १ बाट क्रमशः

अस्थिर नीति देखिन्छ । ०६९ देखि ०७८ सम्म कहिले विकास समितिमार्फत बनाउने, कहिले चिनियाँ कम्पनी 'चाइना गेजुवा वाटर एन्ड पावर ग्रुप कम्पनी' (गेजुवा)लाई जिम्मा दिने र दिने कहिले खोस्ने प्रक्रिया जारी रह्यो । पछिल्लोपटक स्वदेशी लगानीमै ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वपुँजीबाट परियोजना अघि बढाउने गरि स्वीकृत भएको छ ।

बुढीगण्डकी जलविद्युत् आयोजना राष्ट्रिय गौरवको परियोजना मानिए पनि ५३ वर्षसम्म निर्माण अल्झिएको छ । १२ सय मेगावाट क्षमताको यस आयोजनाका लागि सरकारले नागरिकबाट पौने दुई खर्ब कर उठाइसकेको छ, तर बारम्बार नीति र मोडेल परिवर्तन तथा राजनीतिक अस्थिरताका कारण काम भने अघि बढ्न सकेको छैन ।

विदेशी र स्वदेशी मोडलबिचको विवादपछि अन्ततः स्वदेशी लगानीमा कम्पनी स्थापना भए पनि निर्माण प्रक्रिया ढिला भइरहेको छ । जसका कारण आयोजनाका लागत निर्माणपूर्व नै २६ अर्ब रुपैयाँले बढिसकेको छ । विगतमा जस्तै प्रमुख दलहरूले यसपटक पनि बुढीगण्डकी जलविद्युत् आयोजनालाई चुनावी एजेन्डा बनाएका छन् ।

कम्पनी स्थापना भएको साढे तीन वर्षपछि बुढीगण्डकी परियोजनाको लगानी मोडालिटी अन्ततः स्वीकृत भएको छ । चार खर्ब ६ अर्ब रुपैयाँ ब्याजसहितको संशोधित लागत अनुमानमा सरकारले यसलाई सार्वजनिक-निजी साझेदारी मोडलमा अघि बढाउने ढाँचा अनुमोदन गरेको हो । १२ फागुनको मन्त्रिपरिषद् बैठकले यसलाई औपचारिक स्वीकृति प्रदान गरेको छ । पूर्वऊर्जामन्त्री कुलमान घिसिङको पहलमा तयार गरिएको मोडालिटीअनुसार ७० प्रतिशत ऋण र ३० प्रतिशत स्वपुँजीको संरचना तय गरिएको छ ।

यसमा दुई खर्ब ८४ अर्ब ३९ करोड रुपैयाँ ऋण लगानी हुनेछ, जसमा सरकारले सहुलियतपूर्ण कर्जाका रूपमा एक खर्ब ५० अर्ब रुपैयाँ प्रदान गर्नेछ । यो रकम पेट्रोलियम पदार्थमा उठाइने पूर्वाधार करबाट व्यवस्थापन हुनेछ । कर्मचारी सञ्चय कोष, बैंक तथा अन्य संस्थाबाट एक खर्ब चार अर्ब रुपैयाँ व्यावसायिक कर्जा लिइनेछ भने ३० अर्बको ऊर्जा बन्ड पनि जारी गरिनेछ ।

स्वपुँजीतर्फ सरकारले ९७ अर्ब ४७ करोड लगानी गर्नेछ र सरकारबाट हालसम्म आयोजना खर्च भएको झन्डै ४५ अर्ब रुपैयाँ पनि पुँजीमा गणना गरिनेछ । नेपाल विद्युत् प्राधिकरणले २४ अर्ब ३६ करोड रुपैयाँ लगानी गर्ने प्रस्ताव छ । यससँगै वर्षौंसम्म अन्योल, बहस र प्रतीक्षामा रहेको बुढीगण्डकी परियोजनालाई अब निर्माणतर्फ अघि बढाउने संकेत देखिएको छ । यद्यपि, यसको कार्यान्वयन र समयतालिका अझै स्पष्ट हुन बाँकी छ ।

पाँच दशकअघि पहिचान भएको बुढीगण्डकी परियोजनाको निर्माण नीति लामो समयदेखि अस्थिर देखिएको छ । सरकारले ०६९ मा बुढीगण्डकी जलविद्युत् आयोजना विकास समिति गठन गरेको थियो, जसले परियोजना अघि बढाउने काम गर्दै आएको थियो । तर, ०७३ मा सो विकास समिति खारेज गरी परियोजना 'चाइना गेजुवा वाटर एन्ड पावर ग्रुप कम्पनी' (गेजुवा) लाई दिने निर्णय भयो । त्यसवेला प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड थिए ।

०७४ मा शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा उक्त आयोजना गेजुवाबाट फिर्ता गरियो । त्यसपछि ०७५ मा एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री हुँदा परियोजना पुनः गेजुवालाई सुम्पिएको थियो । राष्ट्रिय योजना आयोगले ०७४ मा परियोजना स्वदेशी लगानीमा अघि बढाउन सिफारिस गरेको भए पनि विदेशी कम्पनीलाई जिम्मा दिइयो । अन्ततः चैत ०७८ मा परियोजना आफ्नै लगानीमा अघि बढाउने निर्णय गर्दै गेजुवाबाट फिर्ता लिइयो । त्यसवेला प्रधानमन्त्री देउवा थिए ।

चिनियाँ कम्पनी गेजुवाबाट परियोजना फिर्ता लिने निर्णयपछि १७ भदौ ०७९ मा स्वदेशी लगानीमा 'बुढीगण्डकी जलविद्युत् कम्पनी लिमिटेड' दर्ता गरिएको थियो । यसमा अर्थ मन्त्रालयको ५० प्रतिशत, ऊर्जा मन्त्रालयको ३० प्रतिशत र नेपाल विद्युत् प्राधिकरणको २० प्रतिशत सेयर स्वामित्व छ । तर, कम्पनी स्थापना भए पनि निर्माण कार्य अघि बढ्न सकेको छैन ।

कम्पनी गठनसँगै ०७४ मा बनाइएको वातावरण, मुआब्जा वितरण, पुनर्वास तथा पुनर्स्थापना इकाइ पनि खारेज गरियो । कम्पनी स्थापना भएको वर्ष ०८०/८१ बाटै निर्माण प्रक्रिया सुरु गर्ने भनिएको थियो । २ साउन ०८० मा गोरखाको सिउरेनीटारमा फिल्ड कार्यालय उद्घाटन गर्दै तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले एक वर्षभित्र निर्माण सुरु गर्ने घोषणा गरेका थिए । तर, अहिलेसम्म परियोजनाको निर्माण सुरु भएको छैन ।

कम्पनी सञ्चालनमा आएको साढे तीन वर्ष बितिसक्दा पनि परियोजना निर्माणका लागि आवश्यक पूर्वतयारीको काम अधुरै छ । डिटेल प्रोजेक्ट रिपोर्ट र टेन्डर दस्ताबेजलाई अद्यावधिक गर्नुपर्नेछ । साथै पहुँचमार्ग विस्तार, नयाँ पक्की पुल निर्माण, लाइसेन्स प्राप्तिलगायतका निर्माण पूर्वतयारीका काम बाँकी नै छन् ।

लगानी जुटाउने कार्य पनि अझै बाँकी छ । हाल सरकारले मात्र लगानी मोडालिटी स्वीकृत गरेको छ, जसअनुसार तोकिएको निकायसँग वित्तीय व्यवस्थापन सम्झौता गर्नुपर्नेछ । लगानी सुनिश्चित भएपछि मात्रै निर्माण अघि बढाउन सकिनेछ । ऊर्जा बन्ड जारी गर्नका लागि पनि आवश्यक तयारी र प्रक्रिया पूरा गर्न आवश्यक छ ।

ऊर्जाविज्ञ अर्जुनकुमार गौतमका अनुसार सरकारको अस्थिर र अस्पष्ट नीतिका कारण बुढीगण्डकी परियोजनामा आत्मविश्वास कमजोर भयो र निर्माण सुरु हुन सकेन । 'यो आयोजना कसरी अघि बढाउने भनेर स्पष्ट नीति थिएन । कहिले विदेशी लगानीमा बनाउने भनियो, कहिले स्वदेशीमा । कहिले विकास समिति, कहिले प्राधिकरणमार्फत । विदेशी कम्पनीलाई दिने र खोस्ने प्रक्रिया दोहोरियो । अस्थिर नीति र अस्पष्ट निर्णयले गर्दा निर्माण सुरु हुन सकेन,' उनले भने, 'पटक-पटक सरकार परिवर्तन हुँदा परियोजनाको प्राथमिकता बदलिन पुग्यो । विगतमा सरकारले यसको क्षमता कति बनाउने भनेरसमेत प्रस्ट निर्णय लिन सकेन । प्राविधिक रूपमा पनि सरकार दुविधामा थियो ।'

बुढीगण्डकी जलविद्युत् परियोजनाका सिइओ अरुण रजौरियाले जनवरी २०२८ देखि निर्माण सुरु गर्ने लक्ष्य रहेको बताए । 'निर्माणपूर्व तयारीमा करिब दुई वर्ष लाग्नेछ । यसअन्तर्गत लगानी सम्झौता, पहुँचमार्ग र पुल निर्माण, लाइसेन्स प्राप्ति, टेन्डर आह्वानलगायतका काम हुनेछ,' उनले भने, 'तर, कम्पनीको एक्लो प्रयासले मात्र यो सम्भव छैन । राजनीतिक दल र सरकारको सहयोग पनि आवश्यक छ । विभिन्न भेटवार्तामा दलहरूले सहयोग गर्ने प्रतिबद्धता जनाइसकेका छन् ।' रजौरियाले पुनर्वास र पुनर्स्थापनामा सरकारले सहयोग गर्नुपर्ने अवस्था रहेको पनि बताए ।

परियोजना समयमा सुरु नहुँदा लागत निरन्तर वृद्धि भएको छ । सन् २०१५ मा डिटेल प्राविधिक अध्ययन (डिपिआर) तयार गर्दा यसको लागत दुई अर्ब ५९ करोड डलर अनुमान गरिएको थियो । हालसम्म लागत बढेर दुई अर्ब ७७ करोड डलर पुगेको छ, अर्थात् १८ करोड डलरले वृद्धि भएको छ । मंगलबारको विनिमय दर (प्रतिडलर १४५.१२) अनुसार यसले करिब २६ अर्ब १२ करोड रुपैयाँ खर्चको आँकडा बनाएको छ ।

बुढीगण्डकी परियोजना ५३ वर्षअघि नै पहिचान भएको थियो । सन् १९७३/७४ मा प्रारम्भिक पहिचान भइसकेको यस आयोजनाको पूर्वसम्भाव्यता अध्ययन सन् १९८३/८४ मा सम्पन्न भयो । सुरुमै यसलाई ६०० मेगावाट क्षमतामा निर्माण गर्ने योजना बनाइएको थियो । पछि, नेपाल विद्युत् प्राधिकरणले सन् २०१०/११ मा थप अध्ययन गरी पुरानो प्रतिवेदन अद्यावधिक गऱ्यो । परियोजनाको सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन र बोलपत्र दस्ताबेज तयारीका लागि डिसेम्बर २०१२ मा फ्रान्सको ट्र्याक्टेवेल इन्जिनियरिङसँग ठेक्का सम्झौता गरिएको थियो । उक्त कम्पनीले १२ सय मेगावाट क्षमतामा आयोजना निर्माण गर्ने अध्ययन प्रतिवेदन ३१ अक्टोबर २०१५ मा प्राधिकरणलाई बुझाएको थियो ।

राष्ट्रिय गौरवको १२ सय मेगावाटको बुढीगण्डकी जलाशययुक्त विद्युत् आयोजना निर्माणका लागि भन्दै सरकारले नागरिकबाट पौने दुई खर्ब कर उठाइसकेको छ । सरकारले बुढीगण्डकी बनाउने भन्दै ०७२/७३ देखि नै पेट्रोलियम पदार्थमा नागरिकबाट कर उठाउन थालेको हो । भन्सार विन्दुमै डिजेल, पेट्रोल र हवाई इन्धनमा कर उठाउन थालिएको हो । चालू आर्थिक वर्षको माघसम्म एक खर्ब ७२ अर्ब उठाइसकेको छ, उठाउने क्रम पनि जारी छ ।

पहिला बुढीगण्डकी नै शीर्षक राखेर कर उठाउने गरेकोमा ०७४/७५ देखि परिवर्तन गरेर 'पूर्वाधार विकास कर' राखिएको छ । जुन पैसा सरकारले आफ्नो ढंगले खर्च गर्दै आएको छ । यद्यपि, मुआब्जा वितरणमा सरकारले लगानी गर्दै आएको छ ।

पछिल्ला तीन आवका बजेटमा बुढीगण्डकी परियोजना निर्माण सुरु गर्ने भनिए पनि हालसम्म निर्माण प्रक्रिया सुरु भएको छैन । आव ०७९/८० को बजेटमा लगानी मोडल र स्रोत व्यवस्थापन गरी काम अघि बढाउने योजना बनाइयो । तर, कम्पनी स्थापनाबाहेक ठोस उपलब्धि भएन । त्यसपछि आव ०८०/८१ को बजेटमा पनि लगानी मोडालिटी तय गरी निर्माण अघि बढाउने भनियो, तर प्रगति देखिएन । चालू आव ०८१/८२ को बजेटमा यसै आवदेखि निर्माण सुरु गर्ने भनिए पनि काम अझै सुरु भएको छैन ।

नेपालमा विद्युत् उत्पादनलाई सन्तुलित बनाउन जलाशययुक्त आयोजना अनिवार्य छ । हाल नदी प्रवाहमा आधारित जलविद्युत् हुँदा बर्खामा पूर्ण उत्पादन हुन्छ, तर सुक्खा समयमा न्यून हुन्छ । बर्खामा विद्युत् निर्यात गर्नुपरे पनि हिउँदमा आयात गर्नुपर्छ । हिउँदमा समेत विद्युत् आत्मनिर्भर हुन जलाशययुक्त आयोजना आवश्यक छ । हाल नेपालमा कुलेखानी (१०६ मेगावाट) मात्र जलाशययुक्त छ भने तनहुँ (१४० मेगावाट) निर्माणको चरणमा छ । यीमध्ये १२ सय मेगावाट क्षमताको बुढीगण्डकी सबैभन्दा उपयुक्त मानिन्छ । आयोजनाको सम्भाव्यता अध्ययन, डिटेल इन्जिनियरिङ डिजाइन, वातावरणीय मूल्यांकन र बोलपत्र तयारी अन्तिम चरणमा छन् । अधिकांश आवश्यक जग्गा प्राप्त भइसकेको छ, लगानी जुटेपछि तत्काल निर्माण सुरु गर्न सकिन्छ ।

राष्ट्रिय राजमार्गनजिक रहेको र प्रमुख सहरहरूबाट सजिलै पहुँच हुन सक्ने भएकाले निर्माण सामग्री ढुवानी सहज हुनेछ । ऊर्जाविज्ञ गौतमले भने, 'बुढीगण्डकी ड्याम पोखरा, चितवन र काठमाडौंबाट नजिक छ र राजमार्गछेउमा रहेकाले पर्यटन विकासमा ठुलो योगदान दिन सक्छ । यो लाभ अन्य जलाशययुक्त आयोजनाले दिन सक्दैन ।'

यस आयोजना बनेमा हिउँदको विद्युत् मागमा पनि नेपाल आत्मनिर्भर हुनेछ । भविष्यमा जलयात्रा, माछापालन, सहरीकरण, बाढी नियन्त्रण र सिँचाइमा समेत लाभ पुग्नेछ । निर्माणका क्रममा ६ हजार रोजगारी सिर्जना हुनेछ र सिमेन्ट, बालुवा, छडजस्ता उद्योगहरूको माग बढ्नेछ । यसले समग्र अर्थतन्त्रलाई पनि चलायमान बनाउनेछ ।

पाकिस्तान...

पृष्ठ १ बाट क्रमशः

अफगानिस्तानले भने आफ्नोतर्फ आठ सुरक्षाकर्मी र पाकिस्तानतर्फ ५५ सुरक्षाकर्मी मारिएको दाबी गरेको छ । पाकिस्तानका रक्षामन्त्री खवाजा आसिफले शुक्रबार अफगानिस्तानविरुद्ध 'खुला कारबाही' सुरु भएको घोषणा गर्दै तालिबान प्रशासनप्रति धैर्यता समाप्त भएको बताएका छन् । तालिबान सरकारका प्रवक्ता जबिहुल्लाह मुजाहिदले पाकिस्तानको 'हरेक कदमको जवाफ दिइने' चेतावनी दिएका छन् ।

तालिबान शासित इस्लामिक इमिरेट अफगानिस्तानको रक्षा मन्त्रालयका अनुसार डुरान्ड लाइनआसपास रहेका पाकिस्तानी सैन्य पोस्टहरूमा गरिएको प्रतीकारात्मक कारबाही बिहीबार मध्यरातमा समाप्त भएको थियो । अफगान सेनाप्रमुख फसिहुद्दिन फितरतको निर्देशनमा कारबाही रोकेको जनाइएको छ ।

अफगान पक्षले केही पाकिस्तानी सैनिक पक्राउ गरेको, हतियार बरामद गरेको तथा दुई सैन्य ब्यारेक र १९ जाँच चौकी नियन्त्रणमा लिएको दाबी गरेको छ । यी दाबी स्वतन्त्र पुष्टि हुन सकेका छैनन् । गत साता पनि पाकिस्तानले अफगानिस्तानमा हवाई हमला गरेको थियो ।

सन् २०२१ मा तालिबानले अफगानिस्तानको सत्ता नियन्त्रणमा लिएपछि इस्लामाबाद-काबुल सम्बन्ध क्रमशः चिसिँदै आएको छ । पछिल्लो डेढ वर्षमा पाकिस्तानभित्र आतंकवादी आक्रमण बढेपछि पाकिस्तानले त्यसको आरोप तालिबानमाथि लगाउँदै आएको छ ।

विश्लेषकहरूका अनुसार तालिबानको शक्ति गुरिल्ला शैलीको असामान्य युद्धमा केन्द्रित छ भने पाकिस्तानको शक्ति परम्परागत सैन्य संरचना, हवाई क्षमता र प्रतिरोध शक्तिमा आधारित छ ।

अन्तर्राष्ट्रिय समुदायले दुवै देशलाई संयमता अपनाउन र वार्तामार्फत समस्या समाधान गर्न आग्रह गरेका छन् । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले बढ्दो तनावप्रति चिन्ता व्यक्त गरेका छन् । इरानले मध्यस्थताको इच्छा व्यक्त गरेको छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सडक डिभिजन तुम्लिङटार, संखुवासभा

ठेक्का सम्झौता किन अन्त्य नगर्ने बारे अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशन मिति : २०८२/११/१६)

यस डिभिजन अन्तर्गत तपशील बमोजिमका ठेक्काहरूको निर्माण कार्यका लागि तोकिएको समय व्यतित हुँदा समेत प्रगति सन्तोषजनक नरहेको र निर्माण कार्य सम्पन्न गर्ने तर्फ निर्माण व्यवसायी अग्रसर भएको नदेखिएकोले उक्त ठेक्का किन अन्त्य नगर्ने ? यस सम्बन्धमा ठोस कारण तथा प्रमाण सहित १५ (पन्ध्र) दिनभित्र ठेक्कासँग सम्बन्धित निर्माण व्यवसायी आफैं वा निजको आधिकारिक प्रतिनिधि मार्फत यस कार्यालयमा उपस्थित भई औचित्य सहितको स्पष्ट चित्तबुझ्दो लिखित जवाफ पेश गर्नुहुन अनुरोध छ । अन्यथा ठेक्का सम्झौताका शर्तहरू र सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४ तथा नेपाल सरकारका प्रचलित अन्य ऐन कानून बमोजिम ठेक्का अन्त्य गर्ने तर्फ आवश्यक प्रकृया अगाडी बढाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपशील

क्र.सं.	ठेक्का नं.	ठेक्का विवरण	निर्माण व्यवसायीको नाम
१	RDTLR/337310113/082/083-02 (Re)	Reactive/Recurrent maintenance works along Leguwaghat-Bhojpur (NH03) Road Section, Bhojpur	Diburang Builders Pvt. Ltd. Bhojpur
२	RDTLR/337310113/082/083-03 (Re)	Reactive/Recurrent maintenance works along Bhojpur-Chakhewa (NH03) Road Section, Bhojpur	Diburang Builders Pvt. Ltd. Bhojpur
३	RDTLR/33701169/081/082-11	Construction Of Blacktopped Road Including Structural Works Along Gumba (Bhojpur)-Kot-Dipsa-Pandhare Road, Bhojpur	R & RR Nirman Sewa Pvt. Ltd. Bhojpur


डिभिजन प्रमुख

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार १६ फागुन ०८२
nayapatrikaofficial @nayapatrika

रवि-बालेन सम्बन्ध
गीतबाट सुरु भएको प्रीत

● पवन बराइली

● कमलराज भट्ट



राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाह कुनै वेला दुई नदीका किनारजस्ता थिए। उनीहरू आपसमा तिखो आलोचना गर्थे, कटाक्षका शब्द खनिन्थे। सम्बन्ध यति चिसिएको थियो कि राजनीतिक वृत्तमा कुरा हुन्थ्यो, 'यी दुई भाइ कहिले मिल्दैनन्।'

थोरै फ्ल्यासब्याकमा जाऔँ। ०७९ मा स्थानीय तहको निर्वाचनमा शाह काठमाडौं महानगरपालिकाको मेयरका प्रत्याशी बनेका थिए। त्यसवेला लामिछाने ग्यालेक्सी टेलिभिजनमा कार्यरत थिए। टेलिभिजनमा अन्तरवार्ता लिँदै लामिछानेले शाहलाई सोधेका थिए, 'तपाईंले ९० हजार भोट ल्याएर जित्छु भन्नुभएको छ। भोटै काउन्ट गरेर भन्नुभएको छ। त्यो अलि गफजस्तो सुनिन्छ।' शाहले प्रतिप्रश्न गरेका थिए, 'तपाईंको झोलामा १० वटा सुन्तला छ भने लगभग १० वटा छ भन्नुहुन्छ कि १० वटै भन्नुहुन्छ ?'

यता शाह महानगरको मेयरमा निर्वाचित भए। उता लामिछाने टेलिभिजनबाट राजीनामा दिएर राजनीतिक मैदानमा उत्रिए। राष्ट्रिय स्वतन्त्र पार्टी गठन गरेर चितवन क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभाको निर्वाचनमा उम्मेदवार बने।

रास्वपाले प्रतिनिधिसभामा २० सिट जित्यो। लामिछाने गृहमन्त्री बने। उनी गृहमन्त्री हुँदा शाहले नदी किनारका सुकुमबासी बस्ती हटाउन गृह मन्त्रालयसँग सहयोग माग्यो। मन्त्रालयमै पुगेर लामिछानेलाई भेटे र समस्या समाधानका लागि आग्रह पनि गरे। तर, लामिछानेले प्रक्रिया पुऱ्याएर निर्णय गर्ने जवाफ फर्काए।

दुई भाइको चर्चाचर्की परेको एउटा प्रसंग थियो, भुटानी शरणार्थी प्रकरण। ०८० वैशाखतिरको कुरा हो। भुटानी शरणार्थी प्रकरणले संसद् र सडक तातियो। शरणार्थी प्रकरण र भ्रष्टाचारविरोधी आन्दोलनमा लामिछाने सडकमा ओर्लिए। त्यसवेला उनी गृहमन्त्रीबाट बाहिरिसकेका थिए। लामिछानेलाई लक्षित गरी शाहको लेखे, 'तपाईंहरूलाई यत्रो भोट दिएर नेता बनाएको आन्दोलन गर्नलाई होइन, सिधै कारबाही गर्नलाई हो, सिधै कारबाही गर्ने नीति बनाउनलाई हो।'

राजनीतिमा स्थायी मित्र वा शत्रु हुँदैन भन्ने भनाइलाई उनीहरू आफैंले पछिल्लो समय पुष्टि गरेका छन्। कहिले सामाजिक सञ्जालमा कटाक्ष गर्ने, कहिले असहयोगमा र असहमति देखाउने यी दुई अनुहार अहिले सँगसँगै चुनावी अभियानमा देखिएका छन्। नेपाली राजनीतिमा यो दृश्य धेरैका लागि 'सरप्राइज' बनेको छ।

दुई नेताबिच कटाक्ष र घोचपेच चलिरहँदा देशमा पुराना राजनीति दलप्रति आक्रोश चुलिँदै थियो। यता आक्रोशको अभिव्यक्ति सडकमा देखियो। जेन-जी आन्दोलन भयो। संसद् विघटन भयो। नयाँ निर्वाचनको घोषणा भइसकेपछि राजनीतिक ध्रुवीकरण तीव्र बन्यो। यही पृष्ठभूमिमा वैकल्पिक शक्तिहरू एक ठाउँमा आउनुपर्ने बहस उठ्यो। त्यो 'वैकल्पिक शक्ति'को केन्द्रमा रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी देखिन थाल्यो।

तर परिस्थिति सहज थिएन। पार्टी सभापति लामिछाने कारागारभित्र थिए। यहीबिच शाह र लामिछानेबिच सम्भावित सहकार्यको चर्चा बाहिरिन थाल्यो। यी दुई पात्रको सम्भावित मिलनले नेपाली राजनीतिमा 'सरप्राइज' दिन सक्ने आकलन गर्न थालियो। रास्वपाभित्र 'अब नमिली हुँदैन' भन्ने बहस क्रमशः बलियो बन्दै गयो।

दसैँआसपासको कुरा हो। रास्वापाले स्वर्णिम वाग्लेको नेतृत्वमा शिशिर खनाल, पुकार बमसहितको वार्ता टिम बनायो। जसले नयाँ शक्तिहरूसँग वार्ता गर्ने जिम्मेवारी लियो। अन्तरिम सरकारको मन्त्री रहेका कुलमान घिसिङसँग पनि सहकार्यको कुरा वार्ता टिमले गऱ्यो। यसै सन्दर्भमा शाहसँग पनि छलफल गर्ने कुरा उठ्यो।

रास्वपाका नेता असिम शाहका अनुसार घिसिङलाई प्रधानमन्त्रीका रूपमा अघि सार्ने सम्भावनाबारे आन्तरिक बहस भएको थियो। जेलभित्र रहेका कारण तत्काल लामिछानेलाई प्रधानमन्त्रीको उम्मेदवार बनाउने अवस्था थिएन। नेता शाह भन्छन्, 'त्यसवेलासम्म बालेन्द्र शाह र रवि लामिछानेलाई एउटै टेबलमा बसाल्न सकिन्छ भन्ने विश्वास कसैलाई थिएन।'

तर, वार्ता टोलीले पहल गर्न छाडेन। शिशिर खनाल, स्वर्णिम वाग्ले र बालेन शाहका टिमका कुमार बेनबिच गोप्य बैठक बस्यो। दुई नेताको सहकार्य सम्भव छ भन्ने विश्वास वार्ता टोलीमा बढ्दै गयो।

■ सम्बन्धको सेतु बने असिम

प्रारम्भिक गोप्य छलफलपछि शिशिर खनाल र असिमबिच छुट्टै भेट भयो। शिशिरले कुमार बेनसँग सकारात्मक संवाद भएको जानकारी दिए। सम्भावनाको झिल्को देखिएको थियो। त्यसपछि असिम र उनका दाजु आसिफ सक्रिय भए। उनीहरूले बालेन शाहसँग संवाद अघि बढाउने रणनीति बनाए।

संवादका केही चरणपछि दुई भाइले थाहा पाए, बालेन राजनीतिको मूलधारमा आउने मनस्थितिमा पुगेका छन्। तर, कुन पार्टी रोज्ने भन्ने निर्णयमा पुगेका छैनन्। उता सबैभन्दा कठिन काम थियो- रवि लामिछानेलाई कसरी समेट्ने ? लामिछानेसँग असिमको व्यक्तिगत सम्बन्ध राम्रो थियो। तर, दुई पात्रलाई एउटै टेबलमा ल्याउनु सामान्य कुरा थिएन। असिम-आसिफ दाजुभाइको बुझाइ थियो- रवि र बालेनलाई एक ठाउँमा ल्याउन सक्ने हामी नै हौं। एकठाउँमा ल्याउन फरक तरिका अपनाउनुपर्छ।

'यो पहल कुनै व्यक्तिगत स्वार्थका लागि थिएन,' असिम भन्छन् 'नेपाली राजनीति असामान्य मोडमा थियो। चुनावको वातावरण अनिश्चित थियो। वैकल्पिक शक्तिहरूलाई एउटै मञ्चमा देख्ने चाहना धेरैको थियो। दुईजनालाई एक ठाउँमा ल्याउन सके राजनीतिमा नयाँ सन्देश जान सक्थ्यो भन्ने विश्वास थियो।'

यही विश्वासबाट योजना बन्यो, रवि-बालेनको मिलन। अनि असम्भवजस्तो देखिएको सम्भावनाले आकार लिँदै गयो।

०००

लामिछानेलाई भेट्न असिम नियमित कारागार पुगे। पहिलो भेटमा उनले भने, 'बालेनसँग सहकार्यको सम्भावना छ।' लामिछानेबाट कडा प्रतिक्रिया कडा आयो। असिम लामिछानेलाई उद्धत गर्दै भन्छन्, 'कहाँ हुन्छ यस्तो कुरा ? यस्तो पनि सम्भव हुन्छ ? भन्नुभयो।'

असिमले शाहसँग मात्रै होइन, घिसिङसँग समेत सहकार्यको विकल्प भएको नानकारी लामिछानेलाई गराए। तर, पहिलो बैठकमा निराश भएर फर्किए असिम।

उता बालेन शाहसँगको संवाद पनि सहज थिएन। दुई अलग व्यक्तित्व। एकातिर फरक राजनीतिक यात्राबाट आएका लामिछाने, अर्कातिर स्वतन्त्र छविबाट उदाएका शाह।

असिम रविलाई भेट्न दोस्रोपटक कारागार पुगे। फेरि बालेनसँग मिल्ने प्रस्ताव राखे। रविले सिधै अस्वीकार गरे। तेस्रोपटक पनि अस्वीकार गरे। तर, असिमले हार मानेनन्। उनले रविसँग पटक-पटक कारागार पुगेर संवादलाई निरन्तरता दिए। क्रमशः रवि पनि सुन्ने मोडमा आए। 'विश्वासको सानो झिल्को देखापर्न थाल्यो र यता बालेनसँग पनि निरन्तर वार्ता चलिरहेको थियो,' असिम भन्छन्।

> भेटपछि असिमले एउटा योजना बनाए, रवि-बालेनलाई एउटै गाडीमा राखेर बाहिर निकाल्ने। गाडी निस्किँदा दृश्य केही फिल्मीजस्तै देखियो। रवि-बोलेन एउटै गाडीमा बसेको तस्बिर सामाजिक सञ्जालमा छायो। त्यो तस्बिरले धेरै अर्थ बोकेको थियो।

सबै भेटघाट गोप्य रूपमा चलिरहेको थियो। रवि, बालेन, असिम, आसिफ, स्वर्णिम, शिशिर र कुमारलाई मात्रै भेटघाटबारे थाहा थियो। सीमित टिमले दुवैतिर वार्ता अघि बढाइरह्यो।

लामिछाने जेलभित्र थिए। जेलमै भेट गराउने विकल्प सम्भवजस्तै थिएन। 'स्वास्थ्य बहानामा अस्पताल पुऱ्याउने उपायबारे सोचियो, तर त्यो अत्यन्त जोखिमपूर्ण र नैतिक रूपमा जटिल थियो। रविदाइले बिरामीको बहाना गर्ने कुरा असम्भवजस्तै थियो। उहाँ प्रेसरका बिरामी हुँदा पनि अस्पताल जान अस्वीकार गर्नुभएको थियो। आफ्नै अडानमा अडिग', असिम भन्छन्। उता शाह जेलभित्र पुगेर लामिछानेलाई भेट्ने वातावरण पनि सहज थिएन। त्यहीबिच बालेन शाह पितृशोकमा परे। झन्डै १५ दिन संवाद हुन सकेन। पछि फेरि संवाद अघि बढाए। अन्ततः वैकल्पिक उपाय सोचियो, फोन संवाद। निश्चित मिति तय गरियो। कम्तीमा एक घन्टा प्रत्यक्ष फोन वार्ता गराउने तयारी भयो।

'सबै सेटअप लगभग तयार भइसकेको थियो,' असिम सुनाउँछन्,'ठिक त्यही दिन अदालतले रविदाइ जेलमुक्त हुने निर्णय सुनायो। फोन संवाद गर्ने भनेकै दिन रिहा हुनुभयो।'

लामिछाने जेलमुक्त भएपछि औपचारिक वार्ताका लागि बाटो खुल्यो। अब प्रश्न फेरियो,'कसरी भेटाउने ? कहाँ भेटाउने ?'

■ त्यो संगीतमय साँझ

पहिलो प्रत्यक्ष भेटका लागि स्थान छानियो–कमलपोखरीस्थित असिम शाहको घर। समय तोकियो–साँझ ७ बजे। पुष ८ गते। बालेन शाह पौने ७ बज्दै आइपुगे। बैठक कोठामा राखिएको गितार देख्नेबित्तिकै उनी बजाउन थालिहाले। असिम सुनाउँछन्, 'त्यो साँझ पुराना नेपाली गीत, केही हिन्दी गीत, बिचबिचमा हल्का च्याप पनि मिसाएर गाउनुभयो। महम्मद रफीको गीत पनि गाउनुभयो। माहोल रमाइलो हुँदै गयो। केही मिनेटपछि रविदाइ आइपुग्नुभयो। उपस्थित सबैले स्वरमा स्वर मिलाउँदै गाउन थाल्यौं।'

माहोल औपचारिक थिएन। बैठकजस्तो पनि थिएन। गीतले दुई नेताबिचको दूरी घटाइसकेको थियो। असिमका अनुसार त्यो भेटको एजेन्डा नै दुई नेताबिच खुलेर कुरा होस् भन्ने थियो। नभन्दै रवि-बालेनबिच ठट्टा पनि चल्यो। बिस्तारै दुवैजना खुल्दै गए। त्यसवेला राजनीतिक योजनाभन्दा पारिवारिक कुराकानी भए। भविष्यको योजना, विगतका संघर्ष-दुवैले खुलेर बाँडे। असिम भन्छन्,'गीतले माहोल हलुका बनायो। माहोल यति आत्मीय हुँदै गयो कि समय गएको पत्तै भएन। माहोल केवल सांगीतिक मात्रै थिएन। गीतपछि दुवैजनालाई केही समय बेग्लै कोठामा राखियो।'

भेटपछि असिमले एउटा योजना बनाए, रवि-बालेनलाई एउटै गाडीमा राखेर बाहिर निकाल्ने। गाडी निस्किँदा दृश्य केही फिल्मीजस्तै देखियो। रवि-बोलेन एउटै गाडीमा बसेको तस्बिर सामाजिक सञ्जालमा छायो। त्यो तस्बिरले धेरै अर्थ बोकेको थियो।

तर, त्यतिवेलासम्म कुनै औपचारिक निष्कर्ष बनेको थिएन। असिम भन्छन्, 'प्रधानमन्त्री को बन्ने भन्ने प्रश्न झन् टाढाको कुरा थियो। त्यो साँझ केवल दुईजनालाई सँगै राखेर भेटघाट मात्रै गराइयो।'

त्यसपछि बैठकको स्थान फेरियो। गोपनीयता झन् कडा गरियो। दुईजनाको दोस्रो बैठक बस्यो। तर, रवि अझै पूर्ण रूपमा बालेनसँग मिल्न सहमत थिएनन्। यसैबिच बालेनको ज्वागलमा भेटघाटको शृंखला सुरु भयो। रवि-बालेनको वार्ता झन्डै भंग हुने अवस्थामा पुगेको थियो। असिमका अनुसार बालेन शाहले आफ्नै बाटो तय गर्ने संकेत दिन थालिसकेका थिए। 'बालेनले स्वतन्त्र रूपमा पार्टी खोल्ने तयारी अघि बढाइसकेका थिए। ज्वागलमै कार्यालय राखेर अघि बढेका थिए।'

त्यो गतिले लामिछानेलाई सोच्न बाध्य बनायो। असिमका अनुसार यदि बालेन एक्लै अघि बढे भने समीकरण अर्कै दिशामा जान सक्थ्यो। म्याराथन बैठकपछि रवि र असिमबिच गम्भीर छलफल भयो। अन्ततः रवि सहमतिनजिक पुगे।

असिमले फेरि रविलाई आफ्नै गाडीमा राखेर ज्वागल बालेनसँग भेट्न पुऱ्याए। त्यहाँ 'वान-टु-वान' वार्ता भयो। अन्ततः रास्वपाले बालेनलाई प्रधानमन्त्रीको उम्मेदवार बनाउँने कुरा बाहिरियो। त्यो मिटिङ सम्झँदै असिम भन्छन्,'रविदाइको अनुहारको रङ केही गम्भीर निर्णय गरेजस्तो देखिन्थ्यो।'



● असिम साह
रास्वपा नेता

> त्यो साँझ बालेनले पुराना नेपाली गीत, केही हिन्दी गीत, बिचबिचमा हल्का च्याप पनि मिसाएर गाउनुभयो। मोहम्मद रफीको गीत पनि गाउनुभयो। माहोल रमाइलो हुँदै गयो। केही मिनेटपछि रविदाइ आइपुग्नुभयो। उपस्थित सबैले स्वरमा स्वर मिलाउँदै गाउन थाल्यौं।

त्यसअघि बनेको वातावरणमा कुलमान घिसिङलाई पनि छलफलमा बोलाइएको थियो। कुलमानसहित रवि र बालेनको एउटा बैठक बालुवाटारमा बस्यो। त्यसवेला गोप्य भनिएको बैठकको सूचना बाहिरियो। तर, त्यो वार्ता निष्कर्षविहीन टुंगियो। कुलमानसँग सहकार्यको सम्भावना क्रमशः कमजोर हुँदै गयो। रवि-बालेनबिचको सम्बन्धले आकार लिँदै गयो। अन्तिम सहमति बनाउने रणनीति तय भयो। राति बालेन पक्षबाट भूपदेव शाहहरू आए। रवि पक्षबाट शिशिर खनाल, स्वर्णिम वाग्ले, डिपी अर्यालसमेत सहभागी भए।

तर, मुख्य प्रश्न उही थियो– शक्ति बाँडफाँट कसरी गर्ने ? छलफलबाट एउटा सूत्र आयो– एकजनाले पार्टी सञ्चालन गर्ने, अर्काले प्रधानमन्त्रीको उम्मेदवारको जिम्मा लिने। 'प्रधानमन्त्रीको उम्मेदवार को ? पार्टी सभापति, केन्द्रीय समिति, पदाधिकारी बाँडफाँट कसरी ? लगायत विषयमा छलफल भयो। त्यसैअनुसार सहमतिका बुँदा कोरिन थाले। त्यसवेला राति ११ बजिसकेको थियो,' असिम सम्झिन्छन्।

सहमति औपचारिक घोषणामा पुग्न बाँकी थियो। राजनीतिक अंकगणितभन्दा पर, व्यक्तिगत विश्वासको आधारमा बनेको रवि-बालेनको मिलन आफ्नो निर्णायक क्षणतर्फ अघि बढिरहेको थियो। रातभर चलेको छलफलपछि बिहान ४:१४ बजे सहमतिको मस्यौदा टुंगियो। राजनीतिक रूपमा यो ठुलो सन्देश थियो– नयाँ पुस्ताका दुई अनुहार एउटै फ्रेममा। 'एकजना सभापति भएर पार्टी चलाउने सहमति भयो। एकजना प्रधानमन्त्री भएर सरकार चलाउने योजना बन्यो,' उनी भन्छन्,'बालेनले मेयरबाट राजनीतिमा दिएपछि पार्टी प्रवेश गराउने र चुनावी प्रचार गर्नेसम्मको योजना बन्यो।'

रास्वपाका नेता तथा बालेननिकट मानिने सस्मित पोखरेलका लागि रवि लामिछाने र बालेन्द्र शाहबिचको सहकार्य कुनै आकस्मिक राजनीतिक गणित होइन। उनी यसलाई समय, जनमत र वैकल्पिक धारको स्वाभाविक मिलनको रूपमा व्याख्या गर्छन्। उनका अनुसार, दुवै नेताहरू वैकल्पिक राजनीतिक धारबाट आएकाले उनीहरूको मिलन जबर्जस्ती गठजोड नभई अर्गानिक प्रक्रिया हो। उनी भन्छन्,'जेन-जी आन्दोलनपछि ग्राउन्डबाटै वैकल्पिक शक्तिहरू एक हुनुपर्छ भन्ने आवाज आयो। विशेषगरी रवि र बालेन एकै ठाउँमा उभिनुपर्छ भन्ने दबाब बलियो थियो। यही राजनीतिक माहोलले दुईजनाको सहकार्यको वातावरण तयार भयो।'

पोखरेलको बुझाइमा, पछिल्लो समय दुवै नेताको कार्यशैली पनि मिल्दोजुल्दो थियो। लामिछानेको प्राथमिकता पार्टीलाई बलियो बनाएर चुनावमा लैजाने थियो। त्यसमा शाहले सहयोगी भूमिका खेले। मेयरका रूपमा कार्यकारी अनुभव बटुलेका बालेन सरकार सञ्चालनमा एक्जक्युटिभ ढंगले काम गर्न सक्षम देखिएको पोखरेलको विश्लेषण छ। 'पार्टी र सरकार चलाउँदा एकअर्कालाई सघाउने स्पष्ट समझदारी बनेको छ,' उनी भन्छन्, 'दुवैको केमेस्ट्री मिलेको छ र एकअर्काबाट प्रभावित पनि छन्। भविष्यको सम्भावनालाई ध्यानमा राखेर निर्णय गर्ने बालेनको स्वभाव, र संगठन निर्माणमा केन्द्रित रविको भूमिका हुने भएकाले सहकार्य दीर्घकालीन छ।'

विवेकशील पार्टीका पूर्वनेता मिलन पाण्डेको बुझाइमा लामिछाने र शाहबिचको समझदारी सुझबुझपूर्ण निर्णय हो। उनका अनुसार, निर्वाचनका दुवै नेताले आफ्नो इगो र व्यक्तिगत लोकप्रियतालाई साइडमा राखेर सम्झौता गरेको देखिन्छ। पाण्डे भन्छन्,'सम्झौताको स्वरूप हेर्दा एकजनाले पार्टीको कमान्ड सम्हाल्ने, अर्काले सरकारको सम्हाल्ने देखिन्छ। यो एक तहको राजनीतिक परिपक्वता हो।'

पाण्डेका अनुसार, नेपालको राजनीतिमा सहकार्य प्रायः टिकेको देखिँदैन। 'पार्टी निर्माण गर्दा एकजुट हुन्छन्, तर प्रतिफल लिने वेला विवेक र राजनीतिक सन्तुलन गुम्दा समस्या आउँछ,' उनी भन्छन्, 'अहिले देशभर घन्टी बजिरहेको छ। यो घन्टी पुराना दलहरूलाई मात्र होइन, रास्वपा स्वयंका लागि पनि बजिरहेको हो। यदि गलत आश्वासन दोहोरियो भने जनताले फेरि घन्टी बजाउने चेतावनी दिइरहेका हुन्।'

राजनीतिकशास्त्री प्रा. कृष्ण पोखरेल रवि-बालेनको मिलनले पुराना राजनीतिक दलहरूलाई विद्युतीय झट्का दिएको बताउँछन्। उनीहरूको मिलनले नेपालको राजनीतिमा नयाँ रसायन सिर्जना गरेको पोखरेलको विश्लेषण छ। 'उनीहरूलाई वैचारिक हिसाबले लोकप्रियतावादी भनिन्छ। तर, जसले जे भने पनि अहिले काम डेलिभर गर्ने नेतृत्व चाहिएको छ', पोखरेल भन्छन् 'उनीहरूको एजेन्डा मिल्यो र एकैठाउँमा आएका हुन्। पुराना राजनीतिक दलहरू राज्य दोहनमा लागे। त्यसकारण हामी अघि सर्नुपर्छ भनेर उनीहरू आएको देखिन्छ।'


पुराना राजनीतिक दलहरूको असफलताले रवि-बालेन मिलन सम्भव गराएको मान्छन् उनी। 'वैचारिक र सैद्धान्तिक रुपले प्रस्ट छौं भन्ने राजनतिक दलहरूले साँच्चै डेलिभर गरेको भए रास्वपा आवश्यक थिएन,'उनी भन्छन्,'रवि-बालेनको अग्निपरीक्षा निर्वाचनपछि सुरु हुनेछ। सरकार बनाउनु र चलाउनु फरक कुरा हुन्। राष्ट्रिय सभामा रास्वपाका एउटा पनि सिट छैन। विधेक र बजेट पास गर्दा राष्ट्रिय सभाबाट पारित हुनुपर्छ। त्यसैले आउने यात्रा कठिन छ।'

निर्वाचनमा लैंगिक तथा यौनिक अल्पसंख्यक

यौनिकता



● टीकाराम भुसाल
अधिकारकर्मी



नेपालको संविधानले सबै नागरिकलाई समान अधिकार, सम्मान, स्वतन्त्रता र राज्यका निकायमा सहभागिताको प्रत्याभूति गरेको छ। तर, व्यवहारमा हेर्दा लैंगिक तथा यौनिक अल्पसंख्यक (एलजिबिटिक्युआई) समुदायको राजनीतिक सहभागिता अझै पनि शून्य र चुनौतीपूर्ण रहेको देखिन्छ।

जेन-जी आन्दोलनपश्चात् हुन लागेको प्रतिनिधिसभा निर्वाचन २०८२ यस सन्दर्भमा नेपालको समावेशी लोकतन्त्रको वास्तविक परीक्षा बनेको छ। लोकतन्त्रको अर्थ केवल मतदान गर्ने अधिकारमा सीमित हुँदैन, समावेशी सहभागिता पनि सँगसँगै आउने गर्छ। नेतृत्व गर्ने, नीति-निर्माणमा सहभागी हुने र राज्यका निर्णय प्रक्रियामा प्रभाव पार्ने अधिकार पनि नागरिकको मौलिक अधिकार हो।

संविधानको धारा १८, ४२ र ८४ ले समानता, सामाजिक न्याय र समावेशी प्रतिनिधित्वको सुनिश्चितता गरेको छ। तर, यी प्रावधान संविधान जारी भएको १० वर्ष बितिसक्दा पनि व्यवहारमा पूर्ण रूपमा कार्यान्वयन हुन सकेका छैनन्।

आगामी निर्वाचनमा लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायको उम्मेदवारीको अवस्था हेर्दा समावेशिताको नारा केवल औपचारिकतामा खुम्चिएको देखिन्छ। देशको कुल जनसंख्याको करिब ५१ प्रतिशत हिस्सा ओगट्ने महिलाका लागि प्रत्यक्षतर्फ १६५ मध्ये जम्मा ८ देखि १० प्रतिशत हाराहारी मात्र सिट सुरक्षित गरिनुले 'लैंगिक समानता' भाषणमा जति चर्को छ, व्यवहारमा उति नै फितलो रहेको स्पष्ट हुन्छ। 'सिस्जेन्डर' महिलाकै उपस्थिति त चुनौतीपूर्ण रहेको अवस्थामा लैंगिक तथा यौनिक अल्पसंख्यक व्यक्तिको राजनीतिक पहुँच कति दयनीय होला, सहजै अनुमान लगाउन सकिन्छ।

> भन्डै दुई दशक बितिसक्दा पनि प्रमुख दलमा यस समुदायको संस्थागत प्रतिनिधित्व स्थापित हुन नसक्नु र प्रतिनिधित्वको ग्राफ ओरालो लागी शून्यतामा पुग्नु निकै चिन्ताजनक विषय हो।

यद्यपि, केही सकारात्मक संकेत भने देखिएका छन्, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले यस समुदायकी पारलैंगिक महिला भूमिका श्रेष्ठलाई र प्रगतिशील लोकतान्त्रिक पार्टीले रुक्सना कपालीलाई समानुपातिक सूचीमा समावेश गरेका छन्।

ठुला दलकै विभेद

लैंगिक तथा यौनिक अल्पसंख्यक व्यक्तिले नेतृत्व गरेको समावेशी समाजवादी पार्टीले प्रत्यक्षमा ६ र समानुपातिकमा १५ जना लैंगिक तथा यौनिक अल्पसंख्यक व्यक्तिलाई उम्मेदवार बनाएर ऐतिहासिक पहल गरेको छ। तर, कांग्रेस, एमाले, नेकपा, राप्रपा र जसपाजस्ता समावेशी लोकतन्त्रको संरक्षण गर्ने प्रमुख राजनीतिक दलले यो समुदायलाई पूर्णतः बेवास्ता गर्नु भनेको संविधानले प्रत्याभूत गरेको समावेशिता र समानताको भावनाविपरीत जानुजस्तै हो।

राजनीतिक दलहरूले नीतिगत रूपमा समावेशिताको कुरा गरे पनि व्यवहारमा त्यो प्रतिबिम्बित हुन सकेको छैन। समावेशिता अझै पनि औपचारिक प्रतिबद्धतामा सीमित देखिन्छ। कुल जनसंख्याको करिब आठ-नौ प्रतिशत हिस्सा ओगट्ने यो समुदायलाई उपेक्षा गरिरहँदा, के दलहरूले उनीहरूको भोटको मात्र अपेक्षा गरेका हुन् वा संसद्मा उनीहरूको प्रतिनिधित्व पनि स्वीकार्य छ ? यो प्रश्न आजको राजनीतिक वृत्तमा गम्भीर बनेर उभिएको छ। जबसम्म राजनीतिक दलले यो समुदायलाई नीतिगत र व्यावहारिक रूपमा स्विकार्दैनन्, तबसम्म यस समुदायको आवाज संसद्सम्म पुग्न र उनीहरूले न्यायको महसुस गर्न सम्भव देखिँदैन।

०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा समावेशिताको उत्साहजनक अभ्यास देखिएको थियो। परिणामस्वरूप, नेपालको संसदीय इतिहासमै पहिलोपटक एकजना समयौनिक व्यक्तिले सांसदका रूपमा प्रतिनिधित्व गर्ने अवसर पाएका थिए। तर, विडम्बना, त्यसपछिका ०७०, ०७४ र ०७९ का निर्वाचनमा यो प्रतिनिधित्वको शृंखला तोडियो र संसद्मा यस समुदायको सहभागिता शून्य भयो।

भन्डै दुई दशक बितिसक्दा पनि प्रमुख दलहरूमा यस समुदायको संस्थागत प्रतिनिधित्व स्थापित हुन नसक्नु र प्रतिनिधित्वको ग्राफ ओरालो लागि शून्यतामा पुग्नु निकै चिन्ताजनक विषय हो।

राजनीतिक दलहरू लोकतन्त्रका मुख्य आधार हुन्, तर व्यवहारमा अधिकांश दलले समावेशी लोकतन्त्रको मर्मलाई नै संकुचित तुल्याएका छन्। यस समुदायलाई निर्णय प्रक्रियाबाट टाढा राख्ने, नेतृत्व तहमा निषेध गर्ने, पहिचान लुकाउन बाध्य पार्ने र राजनीतिक सुरक्षा नदिने प्रवृत्ति अझै व्याप्त छ। यसले संरचनागत बहिष्कारलाई निरन्तरता दिनुका साथै लोकतन्त्रको समावेशी चरित्रमाथि नै प्रश्न उठाएको छ। व्यावहारिक रूपमा पनि यस समुदायका लागि चुनावी मैदान निकै कठिन छ। लैंगिक पहिचानअनुसारको नागरिकता प्राप्तिमा कठिनाइ, आर्थिक अभाव, सामाजिक बहिष्कारको डर, सुरक्षा जोखिम र मानसिक दबाबले उनीहरूको सहभागितामा तगारो हालेको छ। समाजमा व्याप्त चेतनाको कमी र राजनीतिक दलहरूको उदासीनताले गर्दा यो समुदायले आफ्ना राजनीतिक अधिकार प्रयोग गर्ने नसक्ने प्रतिकूल अवस्था सिर्जना भएको छ।

समाज



● शान्ति तामाङ

> ढल्किँदो उमेरसँगै दीर्घ रोग, शारीरिक कमजोरी, आँखा, कानको समस्या, उपचार खर्च महँगो हुनु र स्वास्थ्य सेवामा पहुँच कठिन हुने गर्छ। एक्लोपन, तनाव, डिप्रेसन, चिन्ता, आफ्ना अनुभव र विचारको कदर नहुनु थप समस्या बन्ने गरेको छ।

बुढ्यौलीमा एक्लोपन

रोजगारी, शिक्षा, स्वास्थ्य सुविधा र राम्रो जीवनस्तरको खोजीमा मानिस सहरतर्फ सर्ने क्रम बढेसँगै ज्येष्ठ नागरिक एक्लिएका छन्

जोगबहादुर तामाङ ८२ वर्षका भए। पछिल्लो ६ वर्षमा उनलाई दुईपटक स्ट्रोक भयो। त्यसैले, उनको विगतको सम्पूर्ण स्मृति हरायो। स्ट्रोककै कारण अहिले उनी दैनिक औषधिको सहारामा जीवन चलाइरहेका छन्। २०२६ सालमै नुवाकोट छाडेर मकवानपुर, चितवन हुँदै बर्दिया पुगेका उनले आफ्नो जीवनकालको ऊर्जावान् समयमा राजनीति, समाजसेवामा समेत बिताए। पञ्चायतकालमै उनी निर्विरोध वडा अध्यक्षसमेत भएका थिए। उनकै पहलमा बर्दियामा प्राथमिक तहको विद्यालयसमेत खुल्यो। तर, उनलाई त्यो घटनाक्रमबारे अहिले केही पनि याद छैन। अहिले उनलाई आफ्नो जन्मथलो नुवाकोटको अमारे र जेठो छोरो रामबहादुर तामाङबाहेक अरू याद छैन।

सहारा चाहिने यो वेलामा पनि जोगबहादुर दिनभर एक्लै बस्छन्। काठमाडौंको गोकर्णस्थित भैरवचौरछेउ बस्ने उनी घरवरपरै घुम्छन्। बाँकी रहेको समय टेलिभिजन त हेर्छन्, तर केही प्रतिक्रिया दिँदैनन्। उनका छोरा रामबहादुर तामाङका अनुसार 'बुबालाई आफ्नो जन्मथलो अमारेका केही कुरा मात्र याद छ। जहिले अमारे जाने मात्रै भनिरहनुहुन्छ। त्यहाँको जग्गा, घट्टबाहेक अरू कुरा याद छैन।'

काठमाडौं कपनका ७७ वर्षीय तारानाथ पौडेलको दैनिकी बिहान एक घन्टा हिँडेर सुरु हुन्छ। उनी नजिकैको मन्दिर बिहानै पुग्छन्। तीन छोरा, एक छोरी भएका उनी कान्छो छोरासँग कपनमा बस्छन्। दिनभरजसो एक्लै हुने उनले छोराबुहारीको कार्यालय बिदा हुँदा मात्र सँगै बस्न, खान पाउँछन्। अरू वेला धेरैजसो उनी एक्लै हुन्छन्। 'नाति-नातिना पनि छन्। तर, हामीसँग खेल्दैनन्। उनीहरूको आफ्नै सुर हुन्छ,' उनले भने।

उमेर बढेसँगै उनले प्रेसरको औषधि खान थालेको पाँच वर्ष भइसकेको छ। उनलाई राज्यले आफूजस्तो ज्येष्ठ नागरिकका लागि केही गरे राम्रो हुन्थ्यो भन्ने लाग्छ। तर, कार्यान्वयनको पाटो जहिले फितलो भएकाले उनलाई त्यो विश्वास छैन। 'हामीलाई महिनाको चार हजार दिन्छ। स्वास्थ्य बिमा बन्द गऱ्यो,' उनले भने।

मिठुमाया बस्नेत वसन्तपुरमा बस्छिन्। उनी ७४ वर्षकी भइन्। पाँच वर्षदेखि उनी काठमाडौं बस्न थालेकी हुन्। काठमाडौंमा बस्न थालेपछि उनको दैनिकी केही घन्टा हनुमानढोका दरबार क्षेत्रमा टहलिएर बित्छ। दिनभर डेरामा एक्लै हुन्छिन्। 'बिहान नौ बजे उठेर भात पकाउँछु। खान्छु। अनि घाम तापेर दिन बिताउँछु,' बस्नेतले भनिन्। उनी हनुमानढोका दरबार क्षेत्रमा आउनुको अर्को कारण आफूजस्तै पाका उमेरका साथीभाइ भेटिने र सुखदुःखका कुरा साट्न पाउनु पनि हो। पाठेघरको क्यान्सर भएपछि उनको पाठेघर फालियो। अहिले उनलाई अरू समस्या छैन।

ओखलढुंगाका रामबहादुर मगर काठमाडौं प्याफल बस्छन्। ७८ वर्षका उनी छोरासँग प्याफल बस्दै आएका छन्। उनको दैनिकी पनि दिनभरजसो दरबार क्षेत्रवरपर बित्छ। 'भात खायो। आयो। घुम्यो। बुढाहरूसँग गफगाफ गऱ्यो। यस्तै गरि बित्दै छ,' मगरले भने। उमेर बढेसँग उनलाई प्रेसर, सुगर, पायल्सको समस्या देखिएको छ। यही वर्ष उनको मुटुको शल्यक्रियासमेत भयो। ओखलढुंगाका उनी रोगले गाँजेपछि धेरैजसो काठमाडौं बस्न थालेका हुन्। तर, सहरमा सबै व्यस्त भएपछि दिन कटाउन यसरी खुला ठाउँ धाउन थालेका हुन्। 'जस्तो भए पनि खप्नुपर्छ। ठिकै छ,' उनले यति मात्र भने। उनलाई टिभी, मोबाइल केही चाहिँदैन। उनीसँग समय बिताउने अरू विकल्प पनि छैन। दिनभरजसो आफूजस्तै साथी खोज्दै बस्ने उनले भने, 'उमेरकै कारण नातिनातिना अर्कै किसिमको, आफू अर्कै किसिमको हुने रहेछ। त्यसैले तीन, चार बजेसम्म यही बसेर समय बित्छ।'

कालिमाटी बस्ने पूर्णमान शाक्य ८० वर्षका भए। उनका चार छोरा र पाँच छोरी गरी नौ छोराछोरी छन्। उनी कान्छो छोरासँगै कालिमाटी बस्दै आएका छन्। परिवारका सबै सदस्य काठमाडौं लागेपछि उनी पनि घरमा ताला झुन्ड्याएर रामेछापबाट यतै आए। दरबार क्षेत्रमै टहलिँदै गरेका उनले हाँस्दै भने, 'दिन त बसेरै बित्छ।



पूर्णमान शाक्य र रामबहादुर मगर



जोगबहादुर तामाङ

नहिर्डौं भने खुट्टा कुँजिएला।' प्रेसरको औषधि खाइरहेका उनलाई यो उमेर मिठो, मसिनो खान र अलिअलि पैसा चलाउने अवस्था भए हुन्थ्यो जस्तो लाग्छ। 'खान, लाउन र बस्न राम्रोसँग पाए हुन्थ्यो। सरकारले भत्ता त दिन्छ। तर, खानेकुरा नरम, कमलो खोज्ने यो उमेरमा त्यतिले नपुग्ने रहेछ,' उनले भने।

रमा गौतम ७९ वर्षको भइन्। उमेर बढेसँगै उनी हिँड्डुल गर्न सक्दिनन्। त्यसैले घरको करेसाबारीभन्दा पर पुग्न सक्दिनन्। उनी समय कटाउन कहिलेकाहीं सामाजिक सञ्जाल म्यासेन्जर चलाउँछिन्। अमेरिकामा भएका नातिनातिनीसँग वेलावेला कुरा गर्छिन्। त्यसैले उनलाई घरिघरी एक्लो भएको अनुभव हुन्छ। दिक्क लाग्छ।

'दिनभर एक्लै हुन्छु। बोल्ने साथी कोही हुँदैन। एक्लै भएपछि दिक्क लाग्छ। मनमा कुरा धेरै खेल्छ। निराश बनाउँछ,' उनले भनिन्। उनलाई सुगर, एलर्जीजस्ता समस्या छ। एक्लै भएपछि झनै समय काट्न गाह्रो छ।

पुस्तकालयविद्को रूपमा परिचित इन्दिरा दली पनि उमेरले ७९ वर्ष नै पुगिन्। उमेर हुन्जेल सक्रिय जीवन बिताएकी उनलाई आजकल घुँडा दुख्ने समस्याले सताएको छ। त्यसैले, उनी दिनभर घरमै हुन्छिन्। छोराबुहारी आफ्नै काममा व्यस्त भएपछि उनको दिन पनि घरभित्रै बित्छ। ज्येष्ठ नागरिक अनुभवको धनी भएकाले उनीहरूको अनुभव पुस्तान्तरण गर्न विभिन्न कार्यक्रम हुनुपर्ने र स्वास्थ्य सुविधा निःशुल्क हुनुपर्नेमा उनी जोड दिन्छिन्। 'ज्येष्ठ नागरिक अनुभवको धनी हो। त्यो अनुभवको संरक्षण गर्नका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्नुपर्छ। ज्ञानको कुरा पुस्तान्तरण गर्नुपर्छ,' दलीले भनिन्।

पूर्ण केशरी श्रेष्ठ ८१ वर्ष पुगिन्। उनको दैनिकी पूजापाठ गरेर सुरु हुन्छ। दिनभर चोकमा घाम ताप्छिन्। चार बजेपछि घरतर्फ लाग्छिन्। मुटुको अप्रेसन गरेका कारण घरदेखि धेरै पर जान सक्दिनन्। तीन छोराछोरी आफ्नै काममा व्यस्त छन्। नातिनातिना पनि काम र पढाइमै व्यस्त भएकाले दिनभरजसो उनी एक्लै पर्छिन्।

कहिलेकाहीं टेलिभिजनमा समाचार हेरेर पनि उनी समय कटाउँछिन्। 'चोकमा आएन भने त एक्लै हो,' उनले भनिन्, 'खुसी नै छु। जीवनमा कसैलाई चित्त दुख्ने गरी केही भन्नु छैन। अहिलेसम्म छोराबुहारीले खान दिएको छ। लाउन दिएको छ।' राज्यले दिएको चार हजार भत्ता लिइरहेको उनलाई अरू सजिलो हुने केही भए हुन्थ्यो लाग्छ। 'उमेर बढेसँगै विभिन्न समस्या आउने रहेछ। मुटुको अप्रेसन गरेका कारण कतै जान हुँदैन। हामीलाई पनि व्यस्त बनाउने खालको केही काम गरे हुन्थ्यो,' उनले भनिन्।

मंगलबजारकी इन्द्रलक्ष्मी रञ्जित पनि ७६ वर्षमा हिडिँरहेकी छिन्। तैपनि, उनको काम भने चर्कै छ। बिहानै ५ बजे नै उठ्छिन्।

साप्ताहिक राशिफल

१६ फागुन (शनिबार)
२२ फागुन (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद्। मो. : ९८५१०६११२४

मेष

(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साताको प्रारम्भमा नै भेटघाट एवं मनोरञ्जनमा बित्नेछ। मेवामिष्ठान्न आदि खान पाइने र मनोरञ्जनमा रमाउने योग रहेको छ। आत्मविश्वास र शीघ्र निर्णय गर्ने क्षमता अभिवृद्धि हुनेछ। सहयात्रीद्वारा प्राप्त सल्लाहबाट गरिएको कामबाट फाइदा हुनेछ। शारीरिक प्रतिस्पर्धाका कामतिर मन जानेछ। विगतका कमीकमजोरी सम्झने समय होइन, बुद्धिको उपयोग गरी भाग्य बढाउने समय छ।

वृष

(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

साताको प्रारम्भमा गरिएका जुनसुकै काममा सफलता प्राप्त हुनेछ। शत्रुले तपाईंको छवि बिगार्ने प्रयास गरे पनि तिनको क्रियाकलापले उल्टै उनीहरूकै हानि हुनेछ। बुधबारदेखि व्यावसायिक स्थितिमा सुधार आउनेछ। साताको अन्त्यमा लामो व्यावसायिक यात्राको योग रहेको छ। धार्मिक सामाजिक कामको दायित्व भने थपिन सक्छ।

मिथुन

(का, कि, कु, घ, ङ, छ, के, को, ह)

घरायसी वातावरणमा केही धमिलोपन आउने समय चलेको छ। सामान्य कुराले पनि मन पिरोल्नेछ। मानसिक अशान्ति र बेचैनी हुने योग छ। पढाइलेखाइमा जाँगर चल्नेछैन। विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। प्रेमसम्बन्धमा पनि तिक्तता आउन सक्छ। अनाहकमा अरूले गरेका गल्तीको पनि सजाय भोग्नुपर्ने अवस्था आउला। बोलेको कुराले विपरीत अर्थ प्रदान गर्न सक्छ।

कर्कट

(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

आफन्तबाट सहयोग र हौसला प्राप्त हुनेछ। प्राप्त गरेको ज्ञान अरूलाई बाँड्दा आत्मबल बढ्नेछ। व्यावसायिक क्षेत्रबाट लाभ मिल्नेछ। साताको अन्त्यमा छोराछोरीबाट सन्तोषप्राप्त हुनेछ। इष्टमित्रले प्रशंसा गर्नेछन्। अभिभावकवर्गको आशीर्वादले काम बन्ने योग रहेको छ। राम्रो समाचार सुन्न पाउनुहुनेछ।

सिंह

(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

साताको सुरुमै भाइबहिनीका तर्फबाट खुसीको खबर प्राप्त हुने योग रहेको छ। धार्मिक र सामाजिक काममा समय बित्नेछ। दीनदुःखीलाई दिएको सानो सहयोगले रोकिएको काम बन्न सक्छ। पशुपालक र दुग्धव्यवसायमा संलग्नहरूले मनग्गे लाभ प्राप्त गर्नेछन्। साताको अन्त्यमा सामाजिक र पारिवारिक सम्बन्ध सुदृढ हुनेछ।

कन्या

(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

घरायसी बन्दोबस्तका सामान र सुनचाँदीजस्ता धातुको कारोबारबाट लाभ मिल्नेछ। मंगलबार र बुधबार बोलीमा पूर्ण प्रभाव रहे तापनि विवाद र झगडामा पछि हट्नु नै वेश हुनेछ। साताको अन्त्यमा नातेदार र कुटुम्वले काममा सहयोग गर्नेछन्। आकस्मिक रूपमा स्वास्थ्यमा समस्यासमेत आउन सक्छ। छोराछोरीको स्वास्थ्य एवं पढाइप्रति जिम्मेवारी बोध हुनेछ।

तुला

(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

साताभर अन्न, फलफूल आदि कृषिजन्य व्यवसायबाट मनग्गे फाइदा हुने योग रहेको छ। नोकरीबाट असन्तोष बढ्नेछ। अनावश्यक खर्चतर्फ मन आकर्षित हुनेछ। साताको अन्त्यमा कुनै नयाँ काम गर्ने सोच बनाउनु भएको छ भने स्थगित राख्नु राम्रो हुन्छ। प्रतियोगितात्मक क्रियाकलापमा सफल हुनुहुनेछ। मित्रशक्ति र कुटुम्वबाट साथसहयोग पाइनेछ।

वृश्चिक

(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

साताको प्रारम्भमा विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। आफन्तको सहयोगमा महत्त्वपूर्ण कार्य सम्पादन हुनेछ। बिहीबार पारिवारिक समस्याले मन खिन्न हुनेछ। दीर्घकालीन लगानीले पिरोल्न सक्छ। साताको अन्त्यमा अकस्मात धनप्राप्तिको योग रहेको छ। समयलाई उपयोग गर्न सके राम्रो फाइदा लिन सकिनेछ। समग्रमा यो साता मध्यम खालको छ।

धनु

(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

मिष्ठान्न भोजन प्राप्त हुनेछ। पठनपाठनमा प्रगति हुनेछ। अरूबाट तपाईंका कामको उच्च मूल्यांकन हुने संकेत छ। बोलीको कदर हुनेछ। शुक्रबार प्रशंसा, बढुवा वा जिम्मेवारी मिल्ने देखिन्छ। साताको अन्त्यमा प्रशासनिक र राज्यपक्षबाट हुनुपर्ने काममा सफलता प्राप्त हुनेछ। साताको अन्त्यमा छरछिमेकमा कसैसँग व्यर्थमा वादविवाद हुन सक्छ।

मकर

(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

मातापिता वा विशिष्ट व्यक्तिको विचारले प्रभावित तुल्याउन सक्छ। विगतमा गरिएको श्रमको समुचित मूल्यांकन हुनेछ। पितृधनबाट फाइदा उठाउन सकिनेछ, प्रशस्त आम्दानी हुने संकेत पनि छ। साताको अन्त्यमा आलोचनाबाट बच्ने प्रयास गर्नुहोला। शुभ-समाचार प्राप्त हुनाले मन फुरुंग हुनेछ। इष्टदेवको पूजा उपासना गरी अगाडि बढ्दा फइदा हुने देखिन्छ।

कुम्भ

(गु, गे, गो, सा, सि, सु, से, सो, द)

साताको प्रारम्भमा आफन्त वा साथीभाइले निस्वार्थ भावले सहयोग गर्नेछन्। उत्साहपूर्वक काम गर्ने समय रहेको छ। यात्राको योग रहेकाले तीर्थव्रत तथा देवालय आदिको भ्रमण हुनुका साथै मनोरञ्जनप्राप्त पनि होला। साताको अन्त्यमा सामाजिक कामबाट प्रशंसा मिल्नेछ। कर्म गरेबापत राम्रै सफलता मिल्नुका साथै सहयोगीहरूको साथ पाइएला।


मीन

(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

सचेतता एवं संयमता अपनाउनु अत्यावश्यक छ। पछाडि कुरा काट्नेहरूले षड्यन्त्रको तानाबाना रच्ने प्रयास गर्नेछन्। नजिकैका मित्रले समेत तपाईंको भावनालाई बुझ्न सक्दैनन् सचेत रहनुपर्नेछ। नातागोताको कामधन्दामा सरसहयोग गर्दा सन्तुष्टि प्राप्त हुनेछ धार्मिक कार्यमा मन जानुका साथै रमाइलो यात्राको अवसर मिल्नेछ, अधुरा काम सुचारु हुनेछन्, सामाजिक प्रतिष्ठा बढ्नेछ।

फिरन्ते जीवनशैली बिताउने राउटे जातिले प्रयोग गर्ने कोसीबारे धेरैलाई जानकारी नहुन सक्छ। राउटे जातिलाई सरकारले चार हजार रुपैयाँ भत्ता दिने गरेको छ। भत्ताबाहेक उनीहरू काठका सामग्री निर्माण गर्छन्। बाँदरको सिकार गर्छन्। माग्दै नजिकका गाउँमा पुग्छन्। जंगलमा गएर काठ ल्याई कोसी निर्माण गरी नजिकका गाउँमा गएर अन्नसँग साटेर जीविका चलाउने गर्छन्। आफूले बनाएको काठको भाँडा बोकेर अन्न साट्न गाउँमा पुग्ने र फर्केर आउन भ्याउने समय अन्दाज गरेर उनीहरू बाँसको व्यवस्था गर्छन्।

कोसी काठबाट बनाइन्छ। यो कचौरा आकारको हुन्छ। यो हातले कुँदेर वा खोपेर बनाइन्छ। कोसी बनाउनका लागि काठलाई आवश्यक साइजमा काटिन्छ। बाहिरी भागलाई बन्चरो वा धारिलो औजारले गोलो आकार दिइन्छ। भित्र खोस्रिने (खोप्ने) गरिन्छ। बिच भागलाई बिस्तारै खोपेर भाँडोको आकार बनाइन्छ। मोटाइ मिलाएर हल्का र सन्तुलित बनाइन्छ। त्यसपछि सफा र चिल्लो बनाइन्छ। सतहलाई घोटेर पनि चिल्लो बनाइन्छ। कहिलेकाहीं प्राकृतिक तेल लगाएर टिकाउ बनाइन्छ।



तारानाथ पौडेल



मिठुमाया बस्नेत

आफैं बिहानको चिया, खाजा बनाउँछिन् । नातिनातिनाका लागि खानासमेत बनाउँछिन् । खाना खाएर घरको काम सकेपछि बचेको समय उनी चोकमा घाम ताप्न निस्किन्छिन् ।

एक महिनाअघि मात्र उनको आँखाको अप्रेसन भयो । अप्रेसनपछि उनले अलि राम्रो देख्न थालेकी छिन् । सुगरको पनि औषधि खान्छिन् । तैपनि, उनी घरभित्रको धेरै काम गर्छिन् । बाँकी बचेको समय घरभन्दा बाहिर निस्केर चोकमा घाम ताप्छिन् । आफूजस्तै साथी खोज्छिन् । किनभने, उनलाई फोन चलाउन आउँदैन । टिभी हेर्न मन लाग्दैन । अहिलेसम्म आफूलाई राम्रै भएको भन्दै कसैलाई नराम्रो भन्न मन नलाग्ने उनी बताउँछिन् । छिमेकीसँगको सम्बन्ध राम्रै छ । 'घरभित्रको धेरै काम आफैं गर्छु । बुहारीले भ्याउँदा उनले पनि गर्छिन् । घरभित्रको काम सकाएर चोकमा आएर घाम ताप्छु,' उनले भनिन्, 'छोराछोरी, नातिनातिना सबै आफ्नै काममा व्यस्त हुन्छन् । कहिलेकाहीं एक्लो भएकोजस्तो लाग्छ । तर, घरको कामले सबै भुलिन्छ ।'

डम्बरकुमारी तामाङ थापाथली बस्न थालेको २५ वर्ष भयो । उमेरले ७१ वर्ष लागेकी उनलाई अचेल सन्चो छैन । त्यसैले दिनभरजसो सुतेरै बित्छ । चिकित्सकका अनुसार उनको फोक्सोमा पानी जमेको छ । कमजोर आर्थिक अवस्थाका कारण कहिले उपचार हुने हो पत्तो छैन । 'खै के भयो, भयो । डाक्टरले फोक्सोमा पानी जमेको भन्छ । गाह्रो हुन्छ । सुतेर बसेको तीन महिना भइसक्यो,' उनले भनिन् । सुकुम्बासी बस्तीमा उनीसँगैको दौंतरी खासै भेट्दिँदैनन् । शरीरले साथ दिएकै बेला पनि उनी वरपर खास डुल्दिनन् । बरु मौका मिल्दा वर्षको एकपटक भए पनि आफ्नो जन्मथलो दोलखा जान्छिन् । बढ्दो उमेर र गाउँमा एक्लै भएपछि उनी यो सुकुम्बासी बस्तीमा बाँकी समय छोरीसँग बिताउन बसेकी हुन् । छोरी, नातिनातिना आफ्नै काममा व्यस्त भएपछि उनीसँग दिनभर सुतेर बस्नेबाहेक अरू विकल्प छैन । 'सुत्दा-सुत्दा दिक्क लाग्छ । तैपनि के गर्नु,' उनले भनिन् । रोगको उपचार सहज रूपमा भैदिए हुन्थ्यो भन्ने उनलाई लागेको छ ।

नियात्राकार घनश्याम राजकर्णिकार ८५ वर्षमा हिँडिरहेका छन् । उमेर बढेसँगै आफ्नो शरीरलाई बढी रेखदेख, माया ममता गर्न दिनहुँ योगा, प्राणयाम, हिँडडुल गर्न छुटाउँदैनन् । आफ्नो बुढेसकालमा उनले खानमा विशेष ध्यान दिने, बाहिरका खाना नखाने, सभासमारोहमा कम जाने गरेका छन् । 'अहिले आफ्नो जीवनलाई डाँडापारिको घाम अर्थात् अन्तिम घडी ठानेर शान्ति पाउन प्रयत्नशील छु । भगवान् बुद्धको शिक्षाअनुसार शान्तिप्राप्त गर्न ध्यान भावनामा निर्लिप्त हुनुपर्छ । यसैमा म अहिले यथाशक्य लागिरहेको छु । त्योबोहक अलिअलि लेख्ने, पढ्ने गरिरहेको छु,' उनले भने, 'यो गर्ने, त्यो गर्ने भनेर लागिपरेको छैन ।'

बुढ्यौलीको यो बेला आफूलाई राज्यले केही गर्न नपरे पनि अन्य धेरैलाई बुबा, आमा सम्झेर हेरविचार गर्नुपर्ने बताए । 'बुढ्यौलीमा राज्यले केयर गर्ने गर्नुपर्छ । स्वास्थ्यको सुविधा सकेसम्म निःशुल्क गर्नुपर्छ । मासिक भत्ता वृद्धि गर्नुपर्छ । असहाय ज्येष्ठ नागरिकको जिम्मा राज्यले लिनुपर्छ,' राजकर्णिकारले भने ।

६० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक हुन् । विश्वमा यो संख्या १३ प्रतिशत छ । ३.५ प्रतिशतले यो संख्या बढिरहेको देखिएको छ । २०७८ को जनगणनाअनुसार नेपालमा यो संख्या २९ लाख ७७ हजार ३१८ अर्थात् १०.२१ प्रतिशत भएको छ । जुन ०६८ को जनगणनामा २१ लाख ५४ हजार ४१० अर्थात् ८.१३ प्रतिशत थियो । पछिल्लो तथ्यांक हेर्दा नेपालमा पनि ज्येष्ठ नागरिकको जनसंख्या बढ्दै गएको देखिन्छ । आर्थिक वर्ष ०७९/८० बाट वृद्ध भत्ता पाउने उमेर घटेर ६८ कायम भएको छ । स्वास्थ्यसम्बन्धी समस्या, आर्थिक समस्या, मानसिक तथा भावनात्मक समस्या, सामाजिक, पारिवारिक समस्याजस्ता विषयमा अझै पनि बहस हुन सकेको छैन ।

ढल्किँदो उमेरसँगै दीर्घरोग, शारीरिक कमजोरी, आँखा, कानको समस्या, उपचार खर्च महँगो हुनु र स्वास्थ्य सेवामा पहुँच कठिन हुने गर्छ । एक्लोपन, तनाव, डिप्रेसन, चिन्ता, आफ्ना अनुभव र विचारको कदर नहुनु थप समस्या बन्ने गरेको छ । छोराछोरी विदेश वा टाढा हुनु, हेरचाह गर्ने व्यक्ति नहुनु, परिवारमै उपेक्षा वा दुर्व्यवहार, समाजबाट अलग्गिएको महसुसजस्ता अरू समस्याहरू भएका छन् ।

■ यस्तो छ नीति

रोजगारी, शिक्षा, स्वास्थ्य, सुविधा र राम्रो जीवनस्तरको खोजीमा मानिस सहरतर्फ सर्ने प्रक्रिया बढेको छ । गाउँबाट सहरतर्फ जाने प्रक्रिया बढेसँगै मान्छेका आवश्यकता, चाहनामा फरकपन देखिएको छ । जसले ज्येष्ठ नागरिकलाई थप एक्लाएको छ । ज्येष्ठ नागरिकका लागि हाम्रा नीति, नियमले केही कुरा बोलेको छ । तर, त्यो पर्याप्त देखिन्न ।

ज्येष्ठ नागरिकसम्बन्धी ऐन २०६३ अनुसार ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह गर्नु प्रत्येक सदस्यको कर्तव्य हुने भन्छ । ऐनअनुसार सार्वजनिक सवारीसाधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिकस्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग प्रदान गर्नु-गराउनु सबैको कर्तव्य हुनेछ । सार्वजनिक भाडादरमा ५० प्रतिशत छुट दिनुपर्नेछ । नेपाल सरकारले तोकेको संस्थामा ज्येष्ठ नागरिकले उपचार गराउँदा लाग्ने शुल्कमा कम्तीमा ५० प्रतिशत छुट दिनुपर्नेछ ।

दफा २० मा व्यवस्था भएअनुसार ज्येष्ठ नागरिकको हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रको स्थापना र सञ्चालन स्थानीय सरकारले गर्नुपर्ने भनिएको छ । संघ सरकारले ज्येष्ठ नागरिकको बारेमा धेरै जिम्मेवारी स्थानीय तहलाई दिएको छ । केही काम पनि भएका छन् । काठमाडौं महानगरपालिका कार्यवाहक प्रमुख सुनिता डंगोलले माघ १९ गते जारी गरेको भिडियो सन्देशअनुसार ७० वर्ष उमेर पूरा भएका ज्येष्ठ नागरिकको घरमै स्वास्थ्य जाँच तथा स्वास्थ्य सर्वेक्षण गर्ने भएको छ ।


सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको आइतबार बसेको बैठकमा बोल्दै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्रद्धा श्रेष्ठले ज्येष्ठ नागरिकप्रतिको पारिवारिक जिम्मेवारीलाई कानुनी तथा नीतिगत रूपमा सुनिश्चित गर्न राष्ट्रिय नीति, ऐन वा नियममार्फत सम्बोधन गर्नका लागि सरकार तयारीमा रहेको बताएकी छिन् ।

■ के भन्छन् विज्ञ ?

ललितपुरको लगनखेलस्थित मानसिक अस्पतालमा कार्यरत डा. अनन्तराज अधिकारीका अनुसार उमेर ढल्किएसँगै ज्येष्ठ नागरिकमा विभिन्न शारीरिकसँगै मानसिक समस्या आउने गरेको छ । पारिवारिक संरचनामा आएका परिवर्तनले पछिल्लो समय ज्येष्ठ नागरिकमा एक्लोपना, एन्जाइटी, डिप्रेसन, डिमेन्सियाजस्ता समस्या देखिएका छन् । 'पछिल्लो समय ज्येष्ठ नागरिकमा पनि मानसिक समस्या बढेको देखिन्छ । यसले गर्दा कतिपय ज्येष्ठ नागरिक लागुपदार्थ सेवन गर्ने, अल्कोहलमा फस्ने, आत्महत्यासम्मका घटना घटेका छन्,' उनले भने, 'उहाँहरूमा यस्तो समस्या आउन नदिनका लागि परिवार, समुदाय र राज्यले नै काम गर्नुपर्ने हुन्छ ।' उनका अनुसार बुढ्यौलीमा देखिने यस्ता समस्या समाधानका लागि उनीहरूलाई परिवार साथमा भएको अनुभूति गराउनुपर्छ । आत्मबल र आत्मसम्मान वृद्धि हुने खालका क्रियाकलाप गर्नुपर्छ । उहाँहरूमा मानसिक समस्या देखिएमा मनोसामाजिक परामर्शको व्यवस्था गर्नुपर्छ ।

समाजशास्त्री मीना उप्रेतीले ज्येष्ठ नागरिकको विषयमा कुरा गर्दा व्यक्तिगत, पारिवारिक र सामाजिक परिवेशलाई हेर्नुपर्ने बताइन् । 'उहाँहरूमा उमेरगत कारण नै विभिन्न समस्या देखिन्छ । त्यसलाई हाम्रो पारिवारिक संरचनामा आएका परिवर्तनले मलजल गरेको छ । प्रविधिको विस्तारले त्यसलाई झनै व्यापक बनाएको छ,' समाजशास्त्री उप्रेतीले भनिन्, 'ज्येष्ठ नागरिकलाई वृद्धभत्ता मात्र दिएर हुन्न । उहाँहरू ज्ञानको खानी हो । उहाँहरूबाट ज्ञान लिन नीति नै बनाएर काम गर्नुपर्छ ।'

उपेक्षामा अपांगता भएका व्यक्तिका मुद्दा



सवाल



● रमेश पोखरेल, सचिवालय सदस्य
राष्ट्रिय अपांग महासंघ नेपाल

०७८ को जनगणनाअनुसार नेपालमा ६ लाख ४७ हजार सात सय ४४ जना अर्थात् कुल जनसंख्याको २.२ प्रतिशत अपांगता भएका व्यक्ति छन् । फागुन २१ गते निर्वाचनमा भने जम्मा ७६ जना अपांगता भएका व्यक्ति उम्मेदवार बनेका छन् । एकजना प्रत्यक्षतर्फ र बाँकी ८५ जना अपांगता भएकाहरू समानुपातिक प्रणालीअन्तर्गत विभिन्न 'क्लस्टर' समूहमा परेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीले रमेश प्रसाईंलाई प्रत्यक्षमै उम्मेदवार बनाएको हो ।

राजनीतिक दलहरूले अपांगता भएकालाई क्लस्टरमा राख्नुपर्ने प्रावधान छ । संविधानको धारा ८४ को उपधारा ३ बमोजिम दलहरूले उम्मेदवारी दिँदा अपांगता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्नेछ भनेको छ । त्यसअनुसारको क्लस्टरमा केही दलले समावेश गरेको भेटियो । त्यो पनि न्यून समावेश गरेका छन् । केहीले आफ्नो कार्यकर्ता, पार्टीको पूर्णकालीन कार्यकर्तालाई समेत जबर्जस्ती अपांगता परिचयपत्र बनाउन लगाएरसमेत उम्मेदवार बनाएका छन् ।

> यो निर्वाचनमा मतदाता शिक्षासमेत अपांगमैत्री छैनन् अन्तरिम सरकारले पनि अपांगता भएका व्यक्तिलाई पूर्ण रूपमा बहिष्कारजस्तै गरेको छ । फागुन २१ को निर्वाचनमा सबैतिरबाट अपांगता भएका व्यक्ति उपेक्षामा परेका छन् । उम्मेदवारले आफ्ना वाचापत्र, प्रतिज्ञापत्रमा समेत अपांगता भएका व्यक्तिको सवाललाई ध्यानमा राखेका छैनन् ।

दलहरूले अपांगता भएका क्लस्टरमा अपांगता भएका व्यक्तिलाई प्राथमिकता दिएका छैनन् । संवैधानिक व्यवस्थालाई दलहरूले उल्लंघन गरेका छन् । यसको भागिदार निर्वाचन आयोग हुनुपर्छ । दलहरूको सबै क्लस्टर हेरेर अद्यावधिक गर्ने जिम्मेवारी आयोगको हो । दलले संवैधानिक व्यवस्थालाई नै उल्लंघन गरे पनि उनीहरूलाई सचेत गराइएन । त्यसैले, दलहरूको मनोबल बढेको छ । यसको प्रमुख कारण आयोगका पदाधिकारीको नियुक्ति नै राजनीतिक दलले गर्ने भएर नै हो ।

दलहरूलाई लगाम लगाउने आयोगले हो । तर, आयोगले केही गर्न सकेन । दलहरूले छलछाम गर्ने, आयोगले संरक्षण दिने काम भइरहेको छ । हामीले ०७४, ०७९ मा मतदाता शिक्षा अपांगमैत्री हुनुपर्छ भनेर धेरै वकालत गर्‍यौं । फलस्वरूप राष्ट्रिय अपांग महासंघलाई नै सहभागी गराएर मतदाता शिक्षा दिन थालिएको थियो । नमुना मतदान केन्द्रमा अपांगता भएका व्यक्तिको पहुँचयुक्त छ-छैन ? भनेर चेकजाँचका लागि समेत बोलाउँथ्यो । हामी विभिन्न ठाउँमा अनुगमनका लागि जान्थ्यौं । प्रतिक्रिया पनि दिने गर्थ्यौं । तर, फागुन २१ मा हुन लागेको निर्वाचनमा आयोग, सरकारले पूरै बेवास्ता गर्‍यो । यो वर्गलाई नै अस्वीकार गरेकोजस्तो अनुभूति भएको छ ।

यो निर्वाचनमा मतदाता शिक्षासमेत अपांगमैत्री छैनन् । अन्तरिम सरकारले पनि अपांगता भएका व्यक्तिलाई पूर्ण रूपमा बहिष्कारजस्तै गरेको छ । फागुन २१ को निर्वाचनमा सबैतिरबाट अपांगता भएका व्यक्ति उपेक्षा परेका छन् । उम्मेदवारले आफ्ना वाचापत्र, प्रतिज्ञापत्रमा समेत अपांगता भएका व्यक्तिको सवाललाई ध्यानमा राखेका छैनन् ।

कसरी पुग्ने मतदानस्थल ?

आफू जाने मतदान केन्द्र अपांगमैत्री छ-छैन ? अपांगता भएका व्यक्तिलाई त्यसमै चिन्ता छ । मतपत्रमा कसरी छाप लगाउने ? सामान्य शिक्षा पनि यो वर्गलाई नदिएको हुनाले राज्य अपांगता भएका व्यक्तिप्रति बेखबर रहेको, बेवास्ता गरेको र यो वर्गलाई भोट बैंकको रूपमा मात्र प्रयोग गर्ने, अधिकार नदिने र उनीहरूलाई सधैं अपांग नै बनाएर राख्न चाहेको महसुस हुन्छ ।

एक्काइसौं शताब्दीमा पनि देख्ने मान्छेको पाखुरामा समातेर नदेख्नेले मतदान गर्नुपर्छ । देख्नेले नदेख्नेले भनेअनुसार नै मतदान गरिदिए भन्ने के ग्यारेन्टी हुन्छ ? अहिलेसम्म दृष्टिविहीनले आफैं मतदान गर्न सक्ने अवस्था छैन । अरू अपांगका लागि अपांगमैत्री भौतिक संरचना छैन ।


यो विषयमा हामीले आयोगलाई पटक-पटक भन्यौं । हामीलाई पर्यवेक्षणका लागि खटाऊ भन्यौं । उनीहरूले हुन्छ पनि भने । तर, पर्यवेक्षकलाई तालिम दिनुपर्छ । त्यो तालिम आयोगले दिँदैन । पर्यवेक्षक भएर जनका लागि खर्च चाहिन्छ । त्यो खर्चको व्यवस्था पनि आयोगले गर्दैन । लोकतन्त्रमा निर्वाचन हुनु सुन्दर पक्ष हो । तर, अहिलेको निर्वाचनमा अपांगता भएका व्यक्तिलाई सबैले बेवास्ता गरेको छ ।

अब हामीले गर्ने दुई काम हुन् । पहिलो अहिले बनेका नीति, नियम र प्रावधान कार्यान्वयन गर्नका लागि विभिन्न सरकारी संयन्त्रमा वकालत र पैरवी निरन्तर गरिरहेका छौं । थप कुरालाई संशोधन गर्नका लागि वकालत र पैरवी गरिरहेका छौं । अपांगमैत्री मतदाता शिक्षा छैन । यही नभएको कुरालाई कसरी गर्ने ? भन्नेबारे सुझाव, सल्लाह, पैरवी गरिरहेका छौं । गरिरहने नै छौं । जहिलेसम्म हुँदैन, खबरदारी गरिरहन्छौं । अहिलेको सरकारी संयन्त्रले निदाएकोजस्तो गरेको छ । त्यसैले हामीजस्तो वर्गलाई कठिन भएको छ ।

नयाँ आउने प्रतिनिधिसभा सांसदले अहिलेसम्म बनेका ऐन, कानुन, नियमावली कार्यान्वयन गरे पनि धेरै हुन्छ । यसका लागि संविधानमा रहेका प्रावधान अक्षरशः पालना गर्नुपर्छ । किनभने, कार्यान्वयनको पक्ष कमजोर छ । त्यसलाई जोड दिनुपर्‍यो । धेरै कुरा अधुरा, अपूरा छन् । त्यसको विषयमा हामीले मन्त्रालयमा धेरै सुझाव दिएका छौं । ती सुझावलाई मनन गरेर नियम, नियमावली, कार्यविधि, निर्देशिका कहाँ-कहाँ संशोधन गर्नुपर्ने हो, हाम्रो उपस्थितिमा, हाम्रो सहभागितामा हामीले दिएको सुझावअनुसार नियमावली, कार्यविधि, विधानसमेत संशोधन हुने खालका उम्मेदवारले मात्रैले चुनाव जितून् । यति काम गरे भने यो वर्गका लागि धेरै काम हुन्छ ।

प्रस्तुति : **शान्ति तामाङ**

के हो राउटेको कोसी ?



रैथाने

कोसी दैनिक खाना खान वा सामान राख्न प्रयोग गरिन्छ । यसको बिक्रीले राउटेको जीविकोपार्जनमा धेरै सहज बनाएको छ ।


कोसी दैनिक खाना खाने वा सामान राख्ने कामका लागि प्रयोग हुन्छ । कोसी बिक्रीले उनीहरूको जीविकोपार्जनका लागि धेरै सहज भएको छ । कोसी बनाउनका लागि सिमल, टुनीलगायत कडा काठ छनोट गरिन्छ । काठ सुक्खा र बलियो हुनुपर्छ ।

दीपक राउटेका अनुसार राउटेहरूले कोसीको धेरै काममा प्रयोग गर्दै आएका छन् । 'कोसीमा आफूलाई जे सजिलो लाग्छ, त्यो राख्दा हुन्छ । राउटेहरूले पिठो, रोटी राख्ने गर्छन्,' राउटेले भने । उनीहरूलाई कोसी बनाउन एकदेखि दुई दिनसम्म लाग्छ । उनीहरूले यस्ता कोसी विभिन्न महोत्सव, सम्मेलनमा लगेर बिक्रीसमेत गर्ने गरेका छन् । यसका लागि राउटे समुदायको क्षेत्रमा लामो समयदेखि काम गर्दै आएका लालबहादुर खत्रीले संयोजन गर्दै आएका छन् । उनीहरूले बनाएका कोसी एक हजार रुपैयाँमा महोत्सवमा किन्न पाइन्छ । कोसी बिक्री गरेर उनीहरूले चामल, लत्ताकपडाजस्ता दैनिक उपभोग्य सामग्री किन्ने गरेका छन् । यस्ता धेरै महोत्सवमा सुर्खेतको लेकबँसीमा बस्ने राउटेहरू पुग्ने गरेका छन् । राउटे युवाहरू गाजली राउटे, दीपक राउटे र बन्दवीर राउटे त्यस्ता महोत्सवमा धेरैजसो पुग्ने गरेका छन् ।


माघ अन्तिम साता काठमाडौंमा भएको नेपाल आदिवासी ज्ञान महोत्सवमा समेत उनीहरूले बिक्रीका लागि ७० वटा कोसी ल्याएका थिए ।

प्रस्तुति : **शान्ति तामाङ**

झ्याप्पै !



रवि मिश्र
@rabimishra



नेताले जितेको, जनताले हारेको देश

डेसेनको पत्र पढ्दा डा. भट्टराईले जितिरहेको देखिन्छ, कसैले जित्नलाई कसैले हार्नुपर्छ, विचारणीय छ, नेताले जित्दा जनताले पटक-पटक हारेको देश हो नेपाल

पठन



● राजु स्याङ्तान



डा. बाबुराम भट्टराई त्यस्ता अग्ला विचारक थिए, जसले मार्क्सवादलाई किताबमा होइन, व्यवहारमै अभ्यास गरे । भट्टराईजत्तिको त्याग र समर्पण भएको व्यक्ति जब मार्क्सवादबाट नेपालको समस्या हल हुँदैन भन्दै फ्युजनतिर लागे दक्षिणपन्थको राजमार्ग फराकिलो हुँदै गयो । आज त्यही फराकिलो मार्गमा हिँड्नेहरू बढिरहेका छन् ।

धेरैअघिको होइन, मात्रै १२ वर्षअघिको हो । पहिलो संविधानसभा विघटन भएर देश दोस्रो संविधानसभाको दौडमा थियो । माओवादी पार्टी टुक्राटुक्रा हुँदै थियो । त्यहीवेला प्रधानमन्त्रीबाट राजीनामा दिइसकेका डा. बाबुराम भट्टराईले एक पत्रिकामा लेखे, 'खाँचो नयाँ शक्तिको ।'

लेखको सार थियो, नवउदारवाद र समाजवाद दुवैको राम्रा पक्ष लिएर नेपाल बनाउने । यो विचारको प्रशंसा र आलोचना दुवै भयो । त्यही वेला मानवशास्त्री डा. मेरी डेसेनले बाबुरामको नाममा चिठी लेखिन् । अंग्रेजीमा लेखिएको चिठीलाई लेखक खगेन्द्र संग्रौलाले अनुवाद गरेर नाम दिए,'बाबुरामलाई चिठी : विकास वा विनाश ?'

चिठीबारे डा. भट्टराईले ट्विटरमा यति लेखे, 'मेरी डेसेन लिखित' बाबुरामलाई चिठी' पढ्दा उनको खैरो किताबी मार्क्सवाद र मेरो हरियो जीवन्त मार्क्सवादबिचको अन्तर बुझ्न मद्दतै पुग्ने लाग्यो !' डेसेनले त्यहीँ टिप्पणी गरिन्,'खैरो रुख बाँकी नराख्ने विनाश भएपछि हरियो पात कहाँ फल्ने हो ? आफैँलाई डाइनोसर इकोनोमिक्सबाट मुक्त गरी मुलुक जोगाउनुमा लाग्नुस् ।' त्यसपछि टिप्पणी अघि बढेन ।

पहिलो संविधानसभाबाट संविधान बन्न नसक्नुको कारण भट्टराईले दुई विश्वदृष्टिकोणबिचको टकराव मानेका थिए । सोही लेखमा उनले लेखेका थिए, '...एउटा नवउदारवादी चिन्तन, जसले व्यक्ति र निजत्वलाई प्रधान मान्छ । अर्को मार्क्सवादी वा समाजवादी दृष्टिकोण, जसले सामूहिकता वा समाजलाई प्रधान मान्छ र व्यक्तिलाई सहायक । यी दुई दृष्टिकोणबिच राजनीति, समाजशास्त्र, अर्थशास्त्र, संस्कृति, सौन्दर्यशास्त्र सबै क्षेत्रमा बहस र प्रतिस्पर्धा पनि छ । पहिलो संविधानसभा विफलतामा टुंगिनुको मूल कारण यिनै दुई दृष्टिकोणको द्वन्द्व थियो । दुइटैले दुईतिर तान्न खोज्दा संविधान बनेन ।'

नवउदारवादीको निजत्वप्रधान र समाजवादीको समाजप्रधानबारे डेसेनले सन् १९९२ मा प्रकाशित इरानी श्रमिक कम्युनिस्ट पार्टीका नेता मनसुर हेकमतको अन्तर्वार्ताको लामो अंश साभार गरेकी छिन् । हेकमतको भनाइ छ, '..पुँजीवादी समाज त्यस्तो समाज हो, जसले सबै मानिसलाई आर्थिक श्रमविभाजनद्वारा निर्धारित ढाँचामा ढालेर एकैनासको बनाउँछ । यो प्रणालीमा हामी जीवनसम्बन्धी आफ्ना वैयक्तिक विचार भएका, आफ्नो खास मनोविज्ञान, स्वभाव र संवेगहरू भएका विशिष्ट मानिस नभई खास आर्थिक पदमा रहेका पदाधिकारी हौँ ।' समाजवादबारे हेकमतले भनेका छन्, '...यसविपरीत समाजवाद त्यस्तो समाज हो जसमा आफ्नो आर्थिक जीवनमाथि मानिसहरूको नियन्त्रण कायम हुन्छ, मानिसहरू अन्धा आर्थिक नियमका सिक्रीबाट मुक्त हुन्छन् र मानिसहरू आफैँ सचेत रूपले आफ्नो आर्थिक क्रियाकलापलाई परिभाषित गर्छन् ।' हेकमतको विचार अघि सार्दै डेसेनले समाजवादले व्यक्तिको निजत्वलाई मतलब नगर्ने भट्टराईको मतमाथि कडा प्रतिवाद गरेकी थिइन् ।

लेखमा भट्टराईले गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी लोकतन्त्रलाई पुँजीवादी क्रान्तिको भ्रूण भनेका थिए । पुँजीवादी क्रान्तिका प्राप्त उपलब्धिलाई संस्थागत गरेर समाजवादतिर पुग्न नयाँ नेतृत्व चाहिने विचार अघि सारेका थिए । भट्टराईको विचारप्रति डेसेनले गहिरो विमति राखेकी थिइन् । नवउदारवादको बाटोमा देश अघि बढ्दा सबैभन्दा धेरै क्षति नेपालको विविधतामा पर्ने चिन्ता डेसेनको थियो । वैदेशिक लगानीबाट देश बन्ने झुटो सपनाको उनले कडा आलोचना गरेकी थिइन् । उनले भनेकी थिइन्, 'म आधुनिकताको नाममा पश्चिमा अतिउपभोगको अन्धानुकरण गर्ने कुरालाई अस्वीकार गर्छु । नेपालको वामशक्ति यो रोगबाट आक्रान्त छ ।'

ओरालो यात्रा

डेसेनको पत्र पढ्दा भट्टराईको राजनीतिक यात्रा स्मृतिमा नाच्न थाल्छ । भट्टराईको क्रान्तिकारी यात्रा सम्झँदा जो कोही तरंगित हुन्छन् । २०४८ मा ४० बुँदे माग तत्कालीन देउवा सरकारसमक्ष राखेर जनयुद्धमा होमिँदा होस् वा जनयुद्धका भीषण दिनहरूमा होस् उनको छवि अग्लो क्रान्तिकारीको थियो । जब उनी क्रान्तिपछिको आर्थिक विकासका लागि मार्क्सवाद अपुग भएको भन्दै अन्तै लागे बौद्धिक जमातमा अन्योल छायो । भन्नलाई उनले 'वाम लोकतन्त्र' भनिरहे, तर उनको पार्टीमा लोकप्रियतावादको बुइ चढेकाहरू घुसिरहे । दक्षिणपन्थी विचारले टाउको उठाउन सुरु गऱ्यो । भट्टराई एक्लैले छाड्दैमा यस्तो भयो र ? यो प्रश्न उब्जिन्छ । दक्षिणपन्थी विचारको प्रभाव बढ्नुमा विश्व राजनीतिक तरंगको प्रभाव हुने नै भयो । तर, आन्तरिक कारण नै पहिलो मान्नुपर्ने हुन्छ । भट्टराई त्यस्ता अग्ला विचारक थिए, जसले मार्क्सवादलाई किताबमा होइन, व्यवहारमा भोगेका थिए । अमेरिकाको एक अन्तर्क्रियामा डेसेनले भट्टराईलाई अभ्यासरत मार्क्सवादी नै भनेकी थिइन् । भट्टराईजत्तिको त्याग र समर्पण भएको व्यक्ति जब मार्क्सवादबाट नेपालको समस्या हल हुँदैन भन्दै फ्युजनतिर लागे दक्षिणपन्थको राजमार्ग फराकिलो हुँदै गयो । आज त्यही फराकिलो मार्गमा हिँड्नेहरू बढिरहेका छन् । वामपन्थभित्र घुसेको दक्षिणपन्थलाई बढार्न भूमिका खेल्नुपर्थ्यो । उनी फ्युजनतिर नहिँडेको भए नेपालको लेफ्ट शक्ति यति निरीह सायदै हुने थियो । त्यसैले दक्षिणपन्थ यति हराभरा हुनुको जस भट्टराईलाई पनि जान्छ । किनकि अहिलेको सकारात्मक प्रगतिको सबैभन्दा ठुलो योगदानकर्तामध्ये भट्टराई पनि एक हुन्, र अहिलेको दुर्गतिको भागीदार पनि उनी एक हुन् । (भट्टराईलाई नै वामपन्थको छाताभित्र किन राखियो भने नेपालमा मार्क्सवादी कम्युनिस्टहरू नै वामपन्थी बन्नुपर्ने परिस्थिति छ ।)

६० को दशकमा नेपाली समाजका सिमानाका मुद्दाहरू मूलधारमा गुन्जिए । तर, ७० को दशकको सुरुवातपछि ती स्वर कमजोर हुँदै गए । कमजोर हुँदै जानुको महत्त्वपूर्ण कारणमध्ये एक थियो, सिमानाको मुद्दा मूलधारमा ल्याउन महत्त्वपूर्ण भूमिका खेलेका भट्टराईले साथ छोड्नु । अघि नै भनियो, भट्टराई किताबी वामपन्थी थिएनन्, मृत्युको कफन शिरमा बाँधेर हिँडेका नेता थिए । उनी आफैँ 'वाम लोकतन्त्र' भन्दै दक्षिणपन्थतिर लागेपछि वामपन्थी शिविरमा सन्नाटा छायो । किताबी बहसमा जोसिएका अर्ध/छद्म वामपन्थीहरू भट्टराई आफैँले लत्तो छाडेपछि तासको खलोबाट तासे उठेझैँ उठेर हिँडे ।

त्यसपछि के भयो ?

शताब्दियौँदेखिको समाजको समस्या छ, अल्ट्रा लेफ्ट बनेर समाधान गर्नुपर्ने । तर, भट्टराई हात उठाएर हिँडेपछि लेफ्ट शिविर भताभुंग भयो । राइटिस्ट मुटु बोकेर लेफ्टिस्ट बनेकाहरू पानीको फोकाजसरी बिलाए । बाँकी वामपन्थीहरूको स्वर मधुरो सुनिन थाल्यो ।

त्यसपछि समाजका घाउमा खिल पल्टिन थाले । वर्गको कुरा गर्नुलाई असफल मार्क्सवादीको बिल्ला भिराइयो । तर, यथार्थमा वर्गीय धाँजा झन्झन् बढ्दै गयो । जात-व्यवस्था अन्त्य हुनुपर्छ भन्ने आवाजलाई किनारामा धकेलियो । यथार्थमा अजित मिजारहरू न्यायको पर्खाइमा अस्पतालको चिसो कोठामा लडिनैरह्यो । सबस्टेसन चाहिँदैन, केबलकार बनाउन पाइँदैन भन्ने आदिवासीको आवाजलाई बुटले कुल्चियो । सभ्यता मास्ने विकास चाहिँदैन भन्ने आवाजलाई डलरेको ठप्पा लगाइयो । प्रकृति, पर्यावरण, आदिवासीको कुरा गर्नेलाई पछौटे, विकासविरोधी, गँवार भनियो । नदीको हत्या गर्ने, माटोको हत्या गर्ने कथित आधुनिक विकास चाहिँदैन भन्ने बहसलाई समाजबाटै असान्दर्भिक बनाउँदै लगियो ।

'खाँचो नयाँ शक्तिको' भन्दै भट्टराई अन्तै लागे । उनको नयाँ पार्टी स्याहार नपुगेको खुर्सानीको बिरुवाजस्तो कक्रक्क परेर बस्यो । यता पुष्पकमल दाहालहरूलाई आलोचना गर्ने मान्छे नभएपछि पार्टी एकलौटी हाँकिरहन स्वाद पर्दै गयो । केपी ओलीहरूबारे कुरा गर्ने बेकार छ । भट्टराई अन्तै लागेको एक दशकमा नयाँ र वैकल्पिक दाबी गर्ने अरू पनि पार्टी जन्मिए । तर, ती सबै दक्षिणपन्थका नयाँ भेरियन्टहरू मात्रै थिए । समाजको समस्या एकातिर, उनीहरूको च्याइँच्याइँ अर्कोतिर ।

यसैबिच जेन-जी आन्दोलन भयो । जेन-जी आन्दोलनपछि राजनीतिक पार्टीमा भूकम्प गयो । नयाँ पार्टी र पुराना पार्टी देखिने गरी ध्रुवीकृत भए । पुस्तान्तरणको बहस चर्कियो । नेपाली काँग्रेसमा नयाँ पुस्ता जबर्जस्त अगाडि आयो । तर, आन्दोलनपछि देखिएको एउटा परिदृश्यबारे भने खासै चर्चा भएको देखिन्न । त्यो हो, वामपन्थी विचारको ओरालो यात्रा, नवउदारवादी विचारको उकालो यात्रा । डेसेनको पत्र दोहोऱ्याएर पढ्दा वामपन्थी शक्ति कमजोर हुँदै गएको र भट्टराईले अंगीकार गरेको बाटोचाहिँ हराभरा हुँदै गएको महसुस हुन्छ । कसरी ? केही उदाहरण हेरौँ ।

जेन-जी आन्दोलनपछि अन्तरिम सरकार बन्यो । सुशीला कार्कीले प्रधानमन्त्रीको शपथ लिने कार्यक्रममा भट्टराई मात्रै उपस्थित थिए । यो संयोग मात्रै पक्कै थिएन । जेन-जी आन्दोलनपछि भट्टराई र बालेन्द्र शाहबिच निकट सम्बन्ध देखियो । भट्टराई शाहलाई भेट्नै पुगे । निर्वाचनमा उठ्न भट्टराईलाई शाहले सुझाब दिए । पछि भट्टराई ब्याक भए । यति मात्रै होइन, राजनीतिक पार्टीका चुनावी घोषणापत्र एकपछि अर्को सार्वजनिक भइरहँदा भट्टराईले रास्वपाको घोषणापत्रप्रति सकारात्मक प्रतिक्रिया दिए । उनले सामाजिक सञ्जालमा लेखे,'...दुई अंकको वृद्धिदर, दुई दशक निरन्तर'लाई राष्ट्रिय नारा बनाएर दृढतापूर्वक कार्यान्वयन नगरी देशको अर्थतन्त्रले फड्को मार्दैन र त्योविना हाम्रो युवा बेरोजगारीको प्रमुख राष्ट्रिय समस्या हल हुन्न भन्दै आएको छु । अहिले सबैले त्यो लक्ष्य राख्नु खुसीको कुरा हो । यसबारे प्रमुख दल चुप रहनु वा विपक्षमा उभिनु विडम्बनापूर्ण छ । कमसेकम रास्वपाले भिन्नै स्वरमा भए पनि यी दुई कुरा उठाएकोमा केही आशा पलाएको छ ।'

भट्टराईले १२ वर्षअघि नै सोही लेखमा युरोपियन सन्दर्भ उल्लेख गर्दै सामन्तवाद बढारेर औद्योगिक क्रान्तिको आधार तयार पार्ने काम नेपोलियनले गरेको लेखेका थिए । त्यस्तै, बाइसे-चौबीसे राज्यलाई 'एकीकरण' गर्न १८औँ शताब्दीमा पृथ्वीनारायण शाह जन्मिएको उल्लेख गरेका थिए । अबको कार्यभारका लागि पनि नयाँ नेतृत्व जन्मिनुपर्ने उनले औँल्याएका थिए । लेखेका थिए,'नेतृत्व भनेको पाको वा कपाल फुलेकै हुनुपर्छ भन्ने पनि होइन । परिवर्तन गर्ने विश्वका नेताहरू पनि ४० वर्षआसपासका नै छन् । त्यसरी नै हामीकहाँ पनि त्यही उमेरआसपासका नेताहरू नै आउन सक्छन् । अथवा, पुरानैमध्येबाट कसैले युगको आवाज सुनेर आफूलाई रूपान्तरण गर्न पनि सक्छन् ।'


१२ वर्षअघि भट्टराईले युरोपको उदाहरण दिँदै नेपोलियनजस्ता शासकको आवश्यकता रहेको बताउनु, सहरिया मध्यम र उच्च वर्गका युवाबिच लोकप्रिय बालेन्द्र शाह राजनीतिको मियोमा देखापर्दै जानु र शाहकै पार्टी रास्वपाको चुनावी घोषणापत्रले आशा पलायो भन्नु के संयोग मात्रै होला र ? यसको नतिजा आगामी समयले देखाउला ।

नवउदारवाद र समाजवादको जुन फ्युजनको सपना भट्टराईले देखेका थिए, त्यो अहिले चुनावी अभियानमा हिँडेका 'नयाँ' भनिएका नेताहरूले बाँडेको सपनासँग मिल्दोजुल्दो छ । उनीहरू एकठाउँमा डोजरले बस्ती भत्काउँछन्, सहरका श्रमिक लघार्छन् । भोट माग्ने ठाउँमा पुगेपछि 'हामी तपाईंहरूकै प्रतिनिधि हौँ' भन्दै थुम्थुम्याउँछन् । यति भन्न सकिन्छ, देश भट्टराईको दक्षिणपन्थी विचारतिर अघि बढिरहेको छ । समयको आजको विन्दुमा उभिएर डेसेनको पत्र पढ्दा भट्टराईले जितिरहेको देखिन्छ । कसैले जित्नलाई कसैले हार्नुपर्छ । नेताले जित्दा जनताले पटक-पटक हारेको देश हो नेपाल । डेसेनको पत्र मिहीन ढंगले पढ्दा लाग्छ- भट्टराईले जितिरहँदा देशले पनि जितिरहेको छ त ?

बेइजिङका लागि चुनौतीपूर्ण बन्दै 'पान्डा कूटनीति'

'पान्डा कूटनीति' चीनको सफ्ट पावरको सबैभन्दा प्रभावकारी उपकरणमध्ये एक बनेकोमा शंका छैन । तर, पान्डाहरूलाई कूटनीतिक उपकरणको रूपमा प्रयोग गर्ने कुरामा सीमा देखिएको छ ।

प्रकृति



● ची मेङ तान



जनवरी २७ मा जापानले आफ्ना अन्तिम दुई जायन्ट पान्डालाई बिदा गऱ्यो । 'सियाओ सियाओ' र 'लेई लेई' नामका ती जुम्ल्याहा पान्डा अहिले चीन फर्किसकेका छन् । योसँगै सन् १९७२ पछि पहिलोपटक जापान पान्डाविहीन भएको छ, जुन वर्ष टोकियो र बेइजिङबिच कूटनीतिक सम्बन्ध सामान्यीकरण भएको खुसीमा चीनले जापानलाई पान्डा दिएको थियो ।

चीन सरकारले लामो समयदेखि द्विपक्षीय सम्बन्धलाई बलियो बनाउन र आफ्नो विश्वव्यापी छवि चम्काउन आफ्नो देशमा मात्र पाइने विशाल पान्डा (जायन्ट पान्डा) ऋणमा वा उपहारमा दिने रणनीति अपनाउँदै आएको छ । 'पान्डा कूटनीति' नामले चिनिने यो अभ्यासअनुरूप चीनले विगत ५० वर्षमा जापानमा मात्रै ३० भन्दा बढी पान्डा पठाएको इतिहास छ ।

तर, टोकियो र बेइजिङबिचको सम्बन्ध अहिले तनावपूर्ण छ । गत नोभेम्बरमा जापानकी प्रधानमन्त्री साना ताकाइचीले ताइवानमा चिनियाँ आक्रमण भए आफूहरूले सैन्य प्रतिक्रिया दिन सक्ने भनी टिप्पणी गरेदेखि बिग्रिएको सम्बन्ध अझै सल्टिएको छैन । विवादका बिच चीनले टोकियोको इग्नो चिडियाखानामा राखिएका अन्तिम दुई पान्डालाई फिर्ता गर्न निर्धारित गरिएको समयभन्दा एक महिनाअगाडि नै ती जनावर देश ल्यायो । टोकियो महानगरले दुई पान्डाको समयावधि सकिनुअघि अर्को नयाँ पान्डा ऋणमा दिलाउन चीनसँग वार्ता गरिरहेको थियो । तर, विवादका कारण वार्ता स्थगित भयो भने भएका दुई पान्डा पनि फिर्ता गरिएको छ ।

पान्डा कूटनीतिको इतिहास

मित्र देशलाई पान्डा दिने चिनियाँ अभ्यासको इतिहास निकै पुरानो देखिन्छ । यो अभ्यासको प्रमाण कम्तीमा पनि सातौँ शताब्दीसम्म भेटिएको छ । त्यतिवेलाकी महारानी वु जेटियानले सद्भावनाका रूपमा जापानलाई नै दुईवटा पान्डा उपहार दिएको ऐतिहासिक प्रमाण भेटिन्छ । यद्यपि, आधुनिक पान्डा कूटनीतिको सुरुवात भने प्रायः १९७० को दशकबाट सुरु भएको हो । त्यो बेइजिङले सम्बन्ध निर्माणमा प्रयास तीव्र बनाएको दशक थियो, जब उसले धेरै ठुला देशहरूलाई पान्डा उपहार दिएको थियो । यसअन्तर्गत सन् १९७२ मा अमेरिका र जापान, सन् १९७३ मा फ्रान्स र सन् १९७४ मा बेलायत पान्डा उपहार पठाइए ।

तर, प्राकृतिक वासस्थानमा पान्डाको जनसंख्या घट्न थालेसँगै चीनले सन् १९८४ सम्ममा विदेशी मित्र देशलाई पान्डा उपहार दिन बन्द गऱ्यो । त्यसपछि उसले पान्डाहरू दीर्घकालीन ऋणस्वरूप विदेशी चिडियाखानामा पठाउने अभ्यास अवलम्बन गऱ्यो । प्रायः १५ वर्ष अवधिका लागि ऋणमा दिइने पान्डाका लागि प्रापक देशका चिडियाखानाले प्रतिवर्ष 'संरक्षण शुल्क'स्वरूप १० लाख अमेरिकी डलर तिर्नुपर्छ ।

सन् २०१९ पान्डा कूटनीतिका लागि शिखर वर्ष रह्यो, जर्ब चीन, मकाउ तथा हङकङभन्दा बाहिर २१ देश वा क्षेत्रहरूमा पान्डा पठाइएका थिए । सो वर्ष पान्डा रहेका देश वा भेगमा दक्षिण कोरिया, इन्डोनेसिया, मलेसिया, सिंगापुर, कतार, रुस, ताइवान, जर्मनी, स्पेन, अस्ट्रिया, डेनमार्क, बेल्जियम, मेक्सिको, अस्ट्रेलिया, थाइल्यान्ड, फिनल्यान्ड, क्यानडा, जापान, नेदरल्यान्ड्स, अमेरिका र बेलायत थिए । अहिले त्यस्तो देशको संख्या घटेर १६ पुगेको छ । यो गिरावटका लागि चीनले पान्डा कूटनीतिका लागि चयन गर्ने देशका लागि अपनाएको होसियारी पनि जिम्मेवार छ ।

चिनियाँ नागरिकहरू जायन्ट पान्डालाई देशको राष्ट्रिय सम्पदा मान्ने भएकाले योसँग चिनियाँहरू गहिरो भावनात्मक अपनत्व महसुस गर्छन् । यही महत्त्वको कारण, विदेशमा पान्डाहरूमाथि दुर्व्यवहार हुँदा बेइजिङले स्वदेशमा राष्ट्रवादी वृत्तबाट तीव्र प्रतिक्रिया सामना गर्नुपर्ने हुन्छ । उदाहरणका लागि, सन् २०२३ मा अमेरिकाको मेम्फिस चिडियाखानामा प्राकृतिक कारणले 'ले ले' नामक भाले पान्डाको मृत्यु भयो । त्यहीवेला उसँग बस्ने पोथी पान्डा 'या या' दुब्लाएको र बिरामी भएजस्तो देखिने तस्बिर अनलाइनमा देखापरे ।

लगत्तै चिनियाँ सामाजिक सञ्जालमा अमेरिकी चिडियाखानामा पान्डाहरूमाथि दुर्व्यवहार भएको हुन सक्ने अनुमान सुरु भयो । केहीले पान्डामाथि भएको सम्भावित दुर्व्यवहारमा अमेरिकाले चीनप्रतिको दुर्व्यवहार देखे । 'हाम्रो राष्ट्रिय सम्पदामाथिको यस्तो व्यवहार गर्नु चीनलाई अपमानित गर्ने र चिड्याउने प्रयास हो,' सामाजिक सञ्जालमा धेरै चिनियाँले यस्तो आयसका टिप्पणी गर्न थाले । चिनियाँ विदेश मन्त्रालयले दुवै पान्डालाई अमेरिकी चिडियाखानामा 'राम्रोसँग हेरचाह' गरिएको जोड दिँदासमेत आलोचना नरोकिएपछि पोथी पान्डा 'या या'को बसाइ छोट्याएर फिर्ता गर्नुपऱ्यो । यसपटक जापानमा रहेका दुई पान्डालाई छिट्टै फिर्ता गर्नुपर्छाडि पनि तीव्र सार्वजनिक प्रतिक्रियाबाट बच्ने चाहनाले काम गरेको हुन सक्ने विश्लेषण भइरहेको छ ।

'पान्डा कूटनीति' चीनको सफ्ट पावरको सबैभन्दा प्रभावकारी उपकरणमध्ये एक बनेकोमा विवाद छैन । यो कुरा जापानको उइनो चिडियाखानाबाट जुम्ल्याहा पान्डा सियाओ सियाओ र लेई लेईलाई फिर्ता गरिने घोषणापछि र फिर्ता गरिनुअघिको एक महिनामा उनीहरूको झलक हेर्नकै लागि चिडियाखाना पुगेको एक लाख ७८ हजार आगन्तुकको विशाल संख्याले नै बताउँछ । चिडियाखानामा पान्डा हेर्नेको थेग्न नसक्ने भिड हुनथालेपछि त्यहाँ पान्डा रहेको भागमा आगन्तुकहरूको संख्या प्रतिदिन ४,८०० जनामा सीमित गर्नुपरेको थियो ।

तर, पान्डाहरूलाई कूटनीतिक उपकरणको रूपमा प्रयोग गर्ने कुराका सीमाहरू छन् । यो केवल चीनभित्र पान्डासँग जोडिएर उत्पन्न हुने राष्ट्रवादी भावनाको जोखिमसँग मात्र सम्बन्धित छैन । द्विपक्षीय सम्बन्ध सुधार्नका लागि पान्डाजस्तो दुर्लभ जीव दान गर्ने वा ऋणमा दिने चिनियाँ अभ्यासको संरक्षणविद् तथा पशु अधिवक्ताहरूले पहिलेदेखि आलोचना गर्दै आएका छन् । यो अभ्यासले उक्त जीवको संरक्षणलाई असर गर्ने तिनको चिन्ता छ । पान्डाहरू राख्ने विदेशी चिडियाखानाले चीनमा रहेका पान्डाको संरक्षणस्वरूप भन्दै बर्सेनि लाखौँ अमेरिकी डलर पठाउँछन्, तर अझै यो जीव अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघको 'भल्नेरेबल अर्थात् असुरक्षित'भनिने सूचीमा कायम छ ।

मूलतः पान्डा कूटनीति एक नाजुक सन्तुलन कार्य हो । यसले चीनको अन्तर्राष्ट्रिय सम्बन्धलाई बलियो बनाउन निश्चय नै मद्दत गरेको छ । तर, चीनको यो कूटनीतिक दूत राजनीतिक वा संरक्षणसम्बन्धी विवादमा तानिँदा भने बेइजिङ अप्ठ्यारो खालको सार्वजनिक प्रतिक्रियाको निसाना बन्ने गरेको छ ।

*(लेखक नटिंघम विश्वविद्यालयका सहायक प्राध्यापक हुन् । यो लेख 'द कन्भरसेसन'बाट **श्रवण उप्रेती**ले अनुवाद गरेका हुन् ।)*

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार १६ फागुन ०८२

नागढुंगा सुरुङमार्गको ट्रायल वैशाखमा

चैत तेस्रो सातासम्ममा सुरुङ सञ्चालनको ठेक्का सम्झौता गर्ने तयारी, सात कम्पनी प्राविधिक रूपमा योग्य

पवन तिमिल्सिना/ नयाँ पत्रिका



बहुप्रतीक्षित नागढुंगा-सिस्नेखोला सुरुङमार्ग वैशाखबाट परीक्षण (ट्रायल)का रूपमा सञ्चालन गर्ने तयारी गरिएको छ। सडक विभागले वैशाखमा ट्रायल गर्ने योजना बनाए पनि सञ्चालनको जिम्मा पाएका कम्पनीको तयारीको अवस्थाले निर्भर हुने विभागका एक अधिकारीले बताए। सुरुङमार्ग सञ्चालनको ठेक्कामा सात निर्माण कम्पनी प्राविधिक रूपमा योग्य ठहरिएका छन्। नागढुंगा सुरुङ निर्माण आयोजनाले शुक्रबार प्राविधिक मूल्यांकनको नतिजा सार्वजनिक गरेको हो। जसअनुसार काष्ठमण्डप-गान्सु हेडटोङ जेभी (बल्खु- १४), एसएक्सआरबी-ब्राइट बुल जेभी (धरान- १३, सुनसरी), जेटिसिजी-डाँफे जेभी (शान्तिनगर), इएमएसएल-पिएससिपिएल जेभी (अहमदाबाद, गुजरात, भारत), समानान्तर-सिएफएचइसी जेभी (पुरानो बानेश्वर- ९), युक्सिन-एआरटी संयुक्त उपक्रम (बालाजु- ११) र वेदान्सी-रेन्केन संयुक्त उपक्रम (बुढानीलकण्ठ- ४) प्राविधिक रूपमा सफल भएका हुन्।

आयोजना प्रमुख सौजन्य नेपालले १ चैतमा आर्थिक प्रस्ताव खोल्ने तयारी गरिएको जानकारी दिए। आर्थिक मूल्यांकनमा सफल हुने कम्पनीलाई चैतको तेस्रो सातासम्ममा ठेक्का सम्झौता गर्ने तयारी रहेको उनले बताए। उनले भने, 'निर्माण कम्पनी हाज्मा एन्ड कर्पोरेसनको ठेक्का अवधि १२ वैशाखसम्म मात्रै छ। यही म्यादलाई लक्षित गरेर समयमै सुरुङ सञ्चालन गर्ने तयारीमा छौं। कम्पनीको पहिरो नियन्त्रणको काम बाँकी छ। त्यसपछि आयोजना हस्तान्तरणको कार्यक्रम रहनेछ।' यसरी वैशाखदेखि परीक्षणका रूपमा सुरुङलाई सञ्चालनमा ल्याउने सडक विभागको आन्तरिक योजना छ।

■ नागढुंगा-सिस्नेखोला सुरुङमार्ग आयोजना प्रमुख सौजन्य नेपाल भन्छन्–



१ चैतमा आर्थिक प्रस्ताव खोल्ने तयारी गरिएको छ। आर्थिक मूल्यांकनमा सफल हुने कम्पनीलाई चैतको तेस्रो सातासम्ममा ठेक्का सम्झौता गरिनेछ। निर्माण कम्पनी हाज्मा एन्ड कर्पोरेसनको ठेक्का अवधि १२ वैशाखसम्म मात्रै छ। यही म्यादलाई लक्षित गरेर समयमै सुरुङ सञ्चालन गर्ने तयारीमा छौं। कम्पनीको पहिरो नियन्त्रणको काम बाँकी छ। त्यसपछि आयोजना हस्तान्तरणको कार्यक्रम हुनेछ।

यसअघि दसैंमा तत्कालीन भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले आंशिक रूपमा सुरुङ खुलाउने भनेपछि निर्माण कम्पनीले नमानेपछि सम्भव भएन। त्यसपछि औपचारिक रूपमा नयाँ वर्ष १ जनवरी २०२६ बाट सुरुङमार्ग सञ्चालन गर्ने लक्ष्य राखिएको थियो। तर, तयारी नपुगेपछि त्यो मितिमा पनि सुरुङमार्ग सञ्चालनमा आउन सकेन। अहिले सुरुङमार्ग भौतिक रूपमा सञ्चालन गर्न सकिने अवस्थामा छ। तर, सेवाप्रदायक कम्पनी नहुँदा सञ्चालन गर्न सकिएको छैन।

छनोट हुने कम्पनीले पाँच वर्षसम्म सुरुङमार्ग सञ्चालन तथा मर्मतसम्बन्धी सम्पूर्ण काम गर्नुपर्नेछ। सुरुङमार्ग सञ्चालन गर्न वार्षिक ३५ देखि ४० करोड रुपैयाँसम्म खर्च लाग्ने अनुमान सडकले विभागले गरेको छ। यद्यपि, अब ठेक्का सम्झौता कतिमा हुन्छ, त्यो भने निर्णय हुन बाँकी छ।

सुरुङ २४सै घण्टा सञ्चालन गर्नुपर्ने हुनाले दुर्घटना, आगलागी वा प्रणाली बिग्रिएमा तत्कालै आपत् कालीन सेवा आवश्यक हुन्छ। सेवाप्रदायकले सिफ्ट प्रणालीमा कर्मचारी खटाउने, आपत्कालीन टोली स्थापना गर्ने हुनाले समयमै सेवा दिने व्यवस्था गर्नुपर्ने हुन्छ। यसका लागि एक सय ५० जनाको दरबन्दी प्रस्ताव गरिएको थियो।

सुरुङ सञ्चालन तथा मर्मत प्रमुखको नेतृत्वमा कर्मचारी रहनेछन्। सुरक्षा व्यवस्थापन युनिटमा सबैभन्दा बढी ६४ जना कर्मचारी रहने व्यवस्था गरिएको छ। त्यसपछि टोल उठाउन ५४ जना कर्मचारी रहनेछन्। ट्राफिक सुविधा अनुगमन तथा नियन्त्रणका लागि १४ जना, सिभिल संरचना तथा अन्य संरचना मर्मतका लागि आठ-आठजना कर्मचारी रहने व्यवस्था गरिएको छ। सुरुङमार्ग प्रयोग गर्ने सवारीसाधनका लागि उपभोग दस्तुर (टोल ट्याक्स) स्वीकृत गरिएको छ। परीक्षणको अवधिमा निःशुल्क प्रयोग गर्न दिएपछि व्यावसायिक सञ्चालनमा तोकिएको शुल्क तिर्नुपर्नेछ।

सुरुङमार्ग हुँदै काठमाडौं भित्रिँदा कार तथा भ्यानहरूलाई ६५ रुपैयाँ, मिनीबस तथा ट्रकलाई एक सय १५ रुपैयाँ, ठुला बस तथा ट्रकलाई दुई सय ६० रुपैयाँ र भारी उपकरणलाई ६ सय रुपैयाँ शुल्क तोकिएको छ। यस्तै, सुरुङमार्ग हुँदै काठमाडौंबाट बाहिरिँदा कार तथा भ्यानलाई ६० रुपैयाँ, मिनीबस तथा ट्रकलाई ८० रुपैयाँ, ठुला बस तथा ट्रकलाई दुई सय रुपैयाँ र ठुला उपकरणलाई दुई सय ५० रुपैयाँ शुल्क तोकिएको छ। सडकको बोर्डमा जम्मा हुने गरी सेवाप्रदायक कम्पनीले नै टोल ट्याक्स उठाउनुपर्नेछ।

परियोजनामा मुख्यतः मुख्य र रेस्क्यु गरेर दुई सुरुङमार्ग हुनेछन्। पश्चिम धादिङको सिस्नेखोलाबाट सुरु भएको सुरुङमार्ग काठमाडौं नागढुंगामा निस्कनेछ। २६ सय ८८ मिटरको मुख्य सुरुङमार्ग ३ वैशाख ०८१ र २,५५७ मिटरको रेस्क्यु टनेल भने २२ साउन ०८० मा छिचोलिएको थियो। मुख्य टनेल नियमित यातायात प्रयोजन र रेस्क्यु टनेल उद्धारकार्यमा प्रयोग हुनेछ। पछि ट्राफिक बढेको अवस्थामा रेस्क्यु टनेल विस्तार गरेर नियमित रूपमा सञ्चालन गर्ने तयारी छ।

आगामी बजेटमा करसम्बन्धी सुझाव दिन समिति गठन

काठमाडौं/ आगामी आर्थिक वर्ष ०८३/८४ को बजेट निर्माणका सम्बन्धमा सरकारलाई राय-सुझाव दिन राजस्व परामर्श समिति गठन गरिएको छ। अर्थमन्त्री रामेश्वरप्रसाद खनालको २८ माघको निर्णयअनुसार अर्थ मन्त्रालयका राजस्वसचिव भूपाल बरालको संयोजकत्वमा गठन भएको समितिले आफ्नो काम सुरु गरिसकेको छ।

उद्योग महासंघ र नेपाल आर्थिक संघका अध्यक्ष वा तोकिएका वरिष्ठ पदाधिकारीहरू रहेका छन्। राजस्व व्यवस्थापन महाशाखाका सहसचिव सदस्यसचिव रहने व्यवस्था छ।

राजस्व परामर्श समिति २०८२ अन्तर्गत विभिन्न विषयगत नौवटा उपसमिति गठन गरिएको छ। समितिले कर प्रणाली, भन्सार, आर्थिक अपराध, लगानी प्रवर्द्धनदेखि



समितिमा त्रिभुवन विश्वविद्यालयको अर्थशास्त्र केन्द्रीय विभागका विभागीय प्रमुख वा तोकिएको वरिष्ठ प्राध्यापक, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक, अर्थ मन्त्रालयबाट मनोनीत एक अर्थविज्ञ र एक करविज्ञ, साथै नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग व्यापार महासंघ, नेपाल घरेलु तथा साना समष्टिगत अर्थतन्त्रसम्मका विषयमा विस्तृत अध्ययन गरी सुझाव दिनेछ। आन्तरिक राजस्व उपसमितिले आयकर, मूल्य अभिवृद्धि कर (भ्याट), अन्तःशुल्क, शिक्षा सेवा शुल्क, डिजिटल सर्भिस ट्याक्स, ई-कमर्स कर तथा अन्य आन्तरिक करसम्बन्धी नीतिगत तथा कानुनी सुधार, कर दर पुनरावलोकन, प्रक्रिया सरलीकरण, कर प्रणाली र राजस्व प्रशासन सुधारका विषयमा काम गर्नेछ।

'वित्तीय स्थिरता सुदृढ बनाउन मौद्रिक नीति सहयोगी'



काठमाडौं/ नेपाल बैंक तथा वित्तीय संस्था परिसंघ (सिबिफिन)ले मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाले गरेको व्यवस्थाले वित्तीय स्थिरतलाई सुदृढ बनाउने भन्दै स्वागत गरेको छ। नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत गरेका व्यवस्थाले कर्जा तथा लगानी विस्तारलाई सघाउने सिबिफिनको ठहर छ। 'राष्ट्र बैंकद्वारा सार्वजनिक गरिएको आर्थिक वर्ष ०८२/८३ को मौद्रिक नीतिको दोस्रो त्रैमासिक अर्थात् अर्धवार्षिक समीक्षामार्फत अवलम्बन गरिएका सावधानीपूर्ण, मापनयोग्य तथा स्थिरतामुखी दृष्टिकोण र नीतिगत कदम स्वागतयोग्य भएको सिबिफिनले ठानेको छ,' सिबिफिनको विज्ञप्तिमा उल्लेख छ, 'मूल नीतिगत मापदण्डलाई यथावत् राख्दै पछिल्लो परिवेशअनुसारका लक्षित संरचनात्मक सुधारका कदम अघि बढाइनुले वित्तीय स्थिरतालाई थप सुदृढ र सबल बनाउने संकेत गरेको छ।'

समीक्षामा क्षेत्रगत कर्जाको दायरा विस्तारसहित लघु, घरेलु तथा साना उद्यम कर्जा विस्तारलाई प्रोत्साहन, लक्षित पुनर्संरचना सुविधा तथा विदेशी विनिमय जोखिममा सीमा वृद्धि, कालोसूची व्यवस्थामा लचकताजस्ता उदार व्यवस्थाहरूले संकुचित बनिरहेको कर्जा तथा लगानी विस्तारलाई सहजता प्रदान गर्ने सिबिफिनको निष्कर्ष छ। यसले उत्पादनमूलक, निर्यातमूलक एवं रोजगारमूलक क्षेत्रमा लगानी विस्तार गर्न, आर्थिक क्रियाकलापलाई बढावा दिन, वित्तीय बजार विकास गर्न तथा बैंकिङ क्षेत्रको क्रमिक आधुनिकीकरण गर्न सहयोगी सिद्ध हुने अपेक्षा गरिएको छ।

युएनकी आवासीय संयोजक याहिया र महासंघका अध्यक्ष ढकालबिच भेट

विकासशीलमा स्तरोन्नतिको समय तीन वर्ष थप्न आग्रह



काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपाल अतिकम विकसित मुलुकबाट विकासशीलमा स्तरोन्नति हुने म्याद थप गर्नुपर्नेमा जोड दिएका छन्। संयुक्त राष्ट्रसंघकी नवनियुक्त आवासीय संयोजक लीला पिटर याहियासँग शुक्रबार काठमाडौंमा भएको भेटमा उनले यस्तो आग्रह गरेका हुन्। महासंघ अध्यक्ष ढकालले मुलुक अझै संरचनात्मक रूपमा यो संक्रमणका लागि तयार नभएकाले व्यावसायिक समुदायसँगको व्यापक परामर्शका आधारमा नोभेम्बर २०२९ सम्म सार्न औपचारिक माग गरेका हुन्। अध्यक्ष ढकालले नेपालको स्तरोन्नति केवल सांकेतिक मात्र नभई दिगो र जनताका लागि लाभदायक होस् भन्ने सुनिश्चित गर्न महासंघ संयुक्त राष्ट्रसंघसँग मिलेर काम गर्न तयार रहेको समेत बताए।

नेपालको आर्थिक संवेदनशीलता अझै उच्च रहेकाले पनि निजी क्षेत्रले यो माग गरिरहेको स्पष्ट पारे। 'हाम्रो उद्देश्य प्रगति रोक्नु होइन, बरु स्तरोन्नति दिगो र आर्थिक रूपमा रूपान्तरणकारी होस् भन्ने सुनिश्चित गर्नु हो' उनले भने, 'बैंकहरूमा तरलता भए पनि निजी लगानीको इच्छाशक्ति कमजोर छ। यस्तो वेला हतारमा गरिने स्तरोन्नतिले अवरोध निम्त्याउन सक्छ।' सो अवसरमा संयुक्त राष्ट्रसंघकी नवनियुक्त आवासीय संयोजक लीला पिटर याहियाले संयुक्त राष्ट्रसंघ नेपालको निजी क्षेत्र सुदृढ साझेदारीका लागि सधैं सकारात्मक रहेको बताइन्।

गोदावरीमा लामिनारको नयाँ सोरुम



काठमाडौं/ गोदावरी ग्रेनाइट एन्ड टाइल्सले हरिसिद्धि, ललितपुरमा लामिनारको प्रिमियम एम्पोरियो सोरुम सञ्चालनमा ल्याएको छ। गोदावरी ग्रेनाइट एन्ड टाइल्सका डाइरेक्टर ओमप्रकाश गोयल र लुम्बिनी सेरामिक्स लिमिटेडका डाइरेक्टर आशुतोष खेतानले सोरुम शुक्रबार उद्घाटन गरेका छन्।

नयाँ सोरुमले आधुनिक आवासीय घर, व्यावसायिक भवन, होटेल, अस्पताल, विमानस्थल तथा ठुला सार्वजनिक पूर्वाधार परियोजनाका लागि विशेष रूपमा डिजाइन गरिएको लामिनारका उच्च गुणस्तरका, अत्याधुनिक र टिकाउ टाइल उपलब्ध गराउने कम्पनीले जनाएको छ। लामिनारका टाइल एनएस ६१७ प्रमाणित पूर्ण भिट्रिफाइड रहेका कारण पनि अवशोषण दर अत्यन्त न्यून अर्थात् ०.०८ प्रतिशतभन्दा कम छ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८२/११/१६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीहरुले यस डेभलपमेन्ट बैंकको विभिन्न शाखा कार्यालय/कार्यालयबाट विविध कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणीको विवरण	जमानतकर्ताको विवरण
१) ऋणी: सुरेश एण्ड हरि सुन चाँदी पसल दर्ता गर्ने कार्यलय: वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगंज, बाँके प्रा.फ.र.नं.:११३६/०७०/०७१ पान नं. ६१०८७५९३७ दर्ता मितिः २०७०/०५/११ फर्मको ठेगाना : कोहलपुर -११, बाँके **प्रोप्राइटर/जमानतकर्ताको नाम: सर्मिला वि.क.** बाबुको नामः कर्ण बहादुर वि.के पतिको नाम : हरिहर सुनार ससुराको नाम : नैने सुनार ठेगानाः जगतीपुर-०९, जाजरकोट, हालः कोहलपुर-१०, बाँके ना.प्र.नं.: ६२१००७/६९४, जारी मितिः २०६९/०३/११ जारी जिल्ला : जि.प्र.का., जाजरकोट **कर्जा लिएको शाखा : त्रिभुवनचोक, बाँके**	**क) नाम : नैने सुनार** बाबुको नामः रते सुनार बाजेको नाम : बुद्चो सुनार ठेगाना : जगतीपुर-०८, जाजरकोट हाल : कोहलपुर -१०, बाँके ना.प्र.नं.: ११६९, जारी मितिः २०५१/०४/२१ जारी जिल्ला : जि.प्र.का., जाजरकोट **ख) नाम : डोटी सुनार** बाबुको नाम : महाविरे सुनार पतिको नाम :नैने सुनार ससुराको नामः रते सुनार ठेगाना : जगतीपुर -०८, जाजरकोट हालः भेरी-१३, जाजरकोट ना.प्र.नं.:६२३००७/४७, जारी मितिः २०६३/११/१८ जारी जिल्ला : जि.प्र.का., जाजरकोट **ग) नाम: हरीहर सुनार** बाबुको नामः नैने सुनार बाजेको नामः रते सुनार ठेगाना : जगतीपुर-०८, जाजरकोट हाल : कोहलपुर-१०, बाँके ना.प्र.नं.: ६२१००७/७१५, जारी मितिः २०६९/०३/२१ जारी जिल्ला : जि.प्र.का., जाजरकोट
सुरक्षणमा रहेको धितोको विवरण : श्री मालपोत कार्यालय जाजरकोटमा नैने सुनारको नाममा दर्ता कायम रहेको जाजरकोट जिल्ला जगतिपुर-०७, स्थित कित्ता नं. ३९५ र १९८९ तथा जगतिपुर-०८, स्थित कि.नं. १८, ८६ र १३५ को क्षेत्रफल क्रमशः २३४.४६, ७९.४८, १९४.७२, १६४.९२ र ५५.६४ व.मी. रहेको घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

ऋणीको विवरण	जमानतकर्ताको विवरण
२) ऋणी: हरि बहादुर बस्याल बाबुको नाम : काले सार्की बाजेको नाम : चाउरे सार्की ठेगाना : सालु-०१, रामेछाप, हालः मन्थली -०१, रामेछाप ना.प्र.नं.: २११०१९/८९१७, जारी मितिः २०६५/११/०१ जारी गर्ने कार्यालय : जि.प्र.का. रामेछाप **कर्जा लिएको शाखा : मन्थली, रामेछाप**	**क) नाम : जानुका बसेल** बाबुको नाम : ठुमे सार्की पतिको नाम : हरिबहादुर बस्याल ससुराको नाम : काले सार्की ठेगानाः सालु-०१, रामेछाप, हालः मन्थली-०१, रामेछाप ना.प्र.नं.: २११०१९/२३९२८, जारी मितिः २०६८/०३/०६ जारी गर्ने कार्यालय : जि.प्र.का. रामेछाप

ऋणीको विवरण	जमानतकर्ताको विवरण
३) ऋणी: दक्षिणकाली वाइन प्रा.लि. दर्ता गर्ने कार्यालयः नेपाल सरकार उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता नं. : १७०२६६/७३/०७४ दर्ता मितिः २०७४/०३/१३ पान नं. ६०५९३२९२८ ठेगाना : दमक-१०, झापा **अध्यक्ष/अख्तियार प्राप्त व्यक्तिको नामः कृष्ण प्रसाद अधिकारी र देवी प्रसाद प्रसाई** **कर्जा लिएको शाखा : कुमारीपाटी, ललितपुर** **जमानतकर्ताको विवरण** **क) नाम: देवी प्रसाद प्रसाई** बाबुको नामः भिष्म प्रसाई बजेको नाम : जय प्रसाद प्रसाई ठेगाना : अर्जुनधारा-०८, झापा हालः अर्जुनधारा-०७, झापा ना.प्र.नं. :०४६९७११६४९, जारी मितिः २०६१/१०/१८ जारी गर्ने कार्यालय : जि.प्र.का. झापा	**ख) नाम: कृष्ण प्रसाद अधिकारी** बाबुको नाम : तारानिधि अधिकारी बाजेको नाम : बलभद्र अधिकारी ठेगाना : जलजला-०४, शंखुवासभा हालः काठमाडौं-०४, काठमाडौ ना.प्र.नं. :४/४८०, जारी मितिः २०५०/०२/१२ जारी गर्ने कार्यालय : जि.प्र.का., शंखुवासभा **ग) नाम : गीता देवी प्रसाई** बाबुको नामः भीष्म प्रसाई बाजेको नामः जय प्रसाद प्रसाई ठेगानाः अर्जुनधारा-०८, झापा हालः काठमाडौं-०२, काठमाडौ ना.प्र.नं. : ६९७१२८०२२, जारी मिति : २०५५/०८/०९ जारी गर्ने कार्यालय : जि.प्र.का., झापा **घ) नाम : लिलानाथ भुर्तेल** बाबुको नामः कृष्ण प्रसाद भुर्तेल बाजेको नाम : पदमलाल भुर्तेल ठेगाना : राजगढ-०४, झापा, हालः विर्तामोड-०२, झापा ना.प्र.नं. : ७६१५९३६०, जारी मिति : २०५७/११/२४ जारी गर्ने कार्यालय : जि.प्र.का., झापा
सुरक्षणमा रहेको धितोको विवरण : श्री मालपोत कार्यालय दमक, झापामा दक्षिणकाली वाइन प्रा.लि.को नाममा दर्ता कायम रहेको झापा जिल्ला, दमक न.पा./गा.वि.स वडा नं. १७ स्थित कि.नं. २०९ को क्षेत्रफल ५७४५.०० व.मि. को जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

ऋणीको विवरण	जमानतकर्ताको विवरण
४) ऋणी: गुप्त बहादुर कार्की बाबुको नाम : भक्त बहादुर कार्की बाजेको नाम : बिर बहादुर कार्की ठेगानाः पावगाडी-०६, स्याङजा हालः खजुरा-०३ बाँके ना.प्र.नं.: ३६८६ जारी गर्ने कार्यालयः जि.का., स्याङजा जारी मिति :२०४२/०७/१५ **कर्जा लिएको शाखा : खजुरा, बाँके**	**ख) नाम: रमा कार्की** बाबुको नाम : ईश्वरी बहादुर डि.सी. पतिको नामः गुप्त बहादुर कार्की ससुराको नामः भक्त बहादुर कार्की ठेगानाः सोरहवा-०६, बर्दिया हालः खजुरा-०३, बाँके ना.प्र.नं.: ८०१०, जारी मिति : २०५५/०९/०३ जारी गर्ने कार्यालय : जि.प्र.का., बाँके **ख) नाम : सुभेक्षा कार्की** बाबुको नामः गुप्त बहादुर काकी बाजेको नामः भक्त बहादुर कार्की ठेगानाः खजुरा-०३ ,बाँके ना.प्र.नं.: ६६-०१-७६-०५५४०, जारी मिति :२०७६-०७-२४ जारी गर्ने कार्यालय : जि.प्र.का., बाँके

ऋणीको विवरण	जमानतकर्ताको विवरण
५) ऋणी: रामलाल वि.क बाबुको नाम : ठाकुर प्रसाद वि.क बाजेको नाम : हिराराल विश्वकर्मा ठेगानाः रुरु-०२, गुल्मी हालः रुरुक्षेत्र-०१, गुल्मी ना.प्र.नं.: १५३९८ जारी गर्ने कार्यालय : जि.प्र.का., गुल्मी जारी मिति : २०४५/०१/२६ **कर्जा लिएको शाखाः रिडी, गुल्मी** **सुरक्षणमा रहेको धितोको विवरण** : श्री मालपोत कार्यालय रुपन्देहीमा रामलाल वि.क को नाममा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल न.पा./गा.वि.स. वडा नं. १० स्थित कि.नं. ३०७ को क्षेत्रफल १९०.५६ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	**क) नाम : मिना विश्वकर्मा** बाबुको नामः चन्द्र बहादुर वि.क पतिको नाम : रामलाल वि.क ससुराको नाम : ठाकुर प्रसाद वि.क. ठेगानाः रुरु-०६, गुल्मी हालः रुरुक्षेत्र -०१, गुल्मी ना.प्र.नं.: ४१३०२५/६६, जारी मिति : २०६३/१०/२५ जारी गर्ने कार्यालय : जि.प्र.का., गुल्मी **ख) नाम : सिद्धान्त कालिराज** बाबुको नाम : रामलाल वि.क बाजेको नाम : ठाकुर प्रसाद वि.क ठेगाना : रुरुक्षेत्र -०१, गुल्मी ना.प्र.नं.: ४१-०१-७८-००९९९ जारी गर्ने कार्यालयः जि.प्र.का, गुल्मी जारी मिति : २०७८/०५/०८

ऋणीको विवरण	जमानतकर्ताको विवरण
६) ऋणी: अनरुद बेल्दार बाबुको नाम : राम दुलारे बेल्दार बाजेको नाम : खदेरु बेल्दार ठेगाना : रामनगर -०१, नवलपरासी हाल : सुनवल -११, नवलपरासी ना.प्र.नं. : ७५६०४, जारी मिति : २०६१/०९/०७ जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी **कर्जा लिएको शाखा : भुमही, नवलपरासी** **जमानतकर्ताको विवरण** **क) नाम : सन्जु देवी बेल्दार** बाबुको नाम : वैजनाथ चौधरी पतिको नामः अनरुद बेल्दार ससुराको नाम : राम दुलारे बेल्दार ठेगाना : रामनगर -०७, नवलपरासी हाल : सुनवल -११, नवलपरासी ना.प्र.नं. : ३६३०३८/१३२३ जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी जारी मिति : २०६३/११/१४ **ख) नाम : भुपनाथ वेल्दार** बाबुको नाम : रामदुलारे वेल्दार बाजेको नाम : खदेरु बेल्दार ठेगाना : रामनगर -०७, नवलपरासी हाल : सुनवल -११, नवलपरासी ना.प्र.नं. : ३६३०३८/१३२५ जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी जारी मिति : २०६३/११/१४	**ग) नाम : जितेन्द्र वेल्दार** बाबुको नाम : राम दुलारे वेल्दार बाजेको नाम : खदेरु बेल्दार ठेगाना : रामनगर -०७, नवलपरासी हाल : सुनवल -११, नवलपरासी ना.प्र.नं. : ३६३०३८/१३२४ जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी जारी मिति : २०६३/११/१४ **घ) नाम : हेमन्ती वेल्दार** बाबुको नाम : लछिराम बेल्दार पतिको नामः भुपनाथ वेल्दार ससुराको नाम : राम दुलारे वेल्दार ठेगाना :रामनगर -०७, नवलपरासी हाल : सुनवल -११, नवलपरासी ना.प्र.नं. : ३६३०६९/६९ जारी गर्ने कार्यालयः जि.प्र.का., ना.टो.नं. ७, नवलपरासी जारी मिति : २०६३/११/१६ **ङ) नाम : रिना बेल्दार** बाबुको नाम : नारायण थारु पतिको नामः जितेन्द्र बेल्दार ससुराको नाम : राम दुलारे बेल्दार ठेगाना :रामनगर -०१, नवलपरासी हाल : सुनवल -११, नवलपरासी ना.प्र.नं. : ३६-०९-७०-१५४२१ जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी जारी मिति : २०७०/११/२६
सुरक्षणमा रहेको धितोको विवरण : श्री भुमीसुधार तथा मालपोत कार्यालय परासी नवलपरासी (व.सु.प) मा अनरुद बेल्दार, जितेन्द्र वेल्दार तथा भूपनाथ वेल्दारको संयुक्त नाममा दर्ता कायम रहेको नवलपरासी जिल्ला, रामनगर -०७ स्थित कि.नं. २० को क्षेत्रफल १४९.२० व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

ऋणीको विवरण	जमानतकर्ताको विवरण
७) ऋणी: देव कुमारी खत्री पतिको नामः तक व. खत्री ससुराको नाम : ललित बहादुर खत्री ठेगाना : फुलासी -०३, रामेछाप हालको ठेगाना : मन्थली -१३, रामेछाप ना.प्र.नं. : २८५८ जारी गर्ने कार्यालय : जि.का., रामेछाप जारी मिति : २०४६/१२/३० **कर्जा लिएको शाखा : मन्थली, रामेछाप**	**क) नाम : तक वहादुर खत्री** बाबुको नाम : ललित वहादुर खत्री बाजेको नाम :भुबन सिंह खत्री ठेगाना : फुलासी -०३, रामेछाप, हालः मन्थली -१३, रामेछाप ना.प्र.नं. : ४०,२११०३४/८६८१, जारी मिति : २०४४/१०/०६ जारी गर्ने कार्यालय : जि.प्र.का., रामेछाप **ख) नाम : राजेश खत्री** बाबुको नाम : तक बहादुर खत्री बाजेको नाम : ललित बहादुर खत्री ठेगाना : फुलासी -०३, रामेछाप, हालः मन्थली -१३, रामेछाप ना.प्र.नं. : २१-०१-७०-३८६३५, जारी मिति : २०७०/०३/१३ जारी गर्ने कार्यालय : जि.प्र.का., रामेछाप

का.नि.इ.नं.१२८/०६३/६४, म.ले.हु.नि.इ.न. १७/०६९/०७०

■ आइसिसी पुरुष टी-२० विश्वकप

विश्वकपमा चम्किएका अनुहारहरू

एजेन्सी/ भारत र श्रीलंकामा चलिरहेको आइसिसी टी-२० विश्वकपमा सुपर एटका खेल जारी छन् । सुपर एटका तीन खेल सकिएपछि सेमिफाइनल समीकरण पक्का हुनेछ । हालसम्म दुईपटकको च्याम्पियन इंग्ल्यान्ड र दक्षिण अफ्रिका अन्तिम चारमा पुगिसकेका छन् । अब, दुई स्थानलाई चार टिमबिच प्रतिस्पर्धा चलिरहेको छ । २० टिम सहभागी लिग स्वाभाविक रूपमा निकै चर्चामा रह्यो । भारत-पाकिस्तानको भूराजनीतिक तनावदेखि लिएर सुरुको विश्वकपमा केही कीर्तिमान पनि बनेका छन् । एसोसिएट राष्ट्रका खेलाडीले पनि शतक बनाएका छन् । यो विश्वकपमा चार शतक बन्दा पाकिस्तानका साहिबजाद फर्हान सर्वाधिक रन बनाउने खेलाडीको शीर्ष स्थानमा छन् । उनले शतक पनि बनाएका छन् । यस्तै, विकेटतर्फ पनि पुराना खेलाडीलाई विस्थापित गर्दै नयाँ खेलाडी शीर्ष स्थानमा आएका छन् ।



साहिबजाद फर्हान (पाकिस्तान)

रन : २८३

पाकिस्तानका साहिबजाद फर्हानले यो विश्वकपमा शतक मात्रै बनाएका छैनन्, सर्वाधिक रन बनाउने खेलाडीको सूचीमा शीर्ष स्थानमा छन् । त्यसैले पनि यो विश्वकप उनका लागि अविस्मरणीय बनेको छ । उनले आफ्नो करिअरकै पहिलो शतक बनाएका छन् । २९ वर्षीय दायाँहाते ब्याटरले नामिबियाविरुद्ध अविजित एक सय रन बनाएका हुन् । यो विश्वकपमा बनेको तेस्रो शतक हो । पाकिस्तानी खेलाडीबाट टूवान्टी-२० विश्वकपमा बनाएको यो दोस्रो शतक बन्यो । कोलम्बोमा फर्हानले ५८ बलमै एक सय रन बनाएका थिए । त्यसक्रममा उनले ११ चौका र चार छक्का हिर्काए । फर्हानले हालसम्म पाँच इनिङ्समा एक शतक र दुई अर्धशतकसहित दुई सय ८३ रन बनाएका छन् ।

ब्रायन बेनेत (जिम्बावे)

रन : २७७

प्रतियोगितामा सानदार प्रदर्शन गरेपछि जिम्बावे सुपर एटबाट माथि बढ्न सकेन । अघिल्लो विश्वकपमा छनोटसमेत नभएको जिम्बावेले यो विश्वकपमा सानदार प्रदर्शन गऱ्यो र सुपर एटको बाटो तय गऱ्यो । टोलीको लगातार उत्कृष्ट प्रदर्शनमा ओपनिङ ब्याटर ब्रायन बेनेतको प्रभाव देखियो । उनी जारी विश्वकपमा सर्वाधिक दुई सय ७७ रन बनाउने दोस्रो खेलाडी हुन् । उनले तीन अर्धशतक बनाए । सबैभन्दा धेरै भारतविरुद्ध अविजित ९७ रन बनाए । मात्र तीन रनले शतक बनाउने चुकेका थिए । २२ वर्षीय ब्याटरले अस्ट्रेलिया, श्रीलंका र भारतविरुद्ध अर्धशतक बनाएका थिए । ओमानविरुद्ध पनि अविजित ४८ रन बनाएका थिए ।

धेरै विकेट लिने खेलाडी

साड्ली भान साल्कविक (अमेरिका)

विकेट : १३



अमेरिकाका बलर साड्ली भान साल्कविक यो विश्वकपमा अप्रत्याशित रूपमा धेरै विकेट लिने खेलाडीको सूचीमा शीर्ष स्थानमा छन् । उनले चार इनिङ्समा १३ विकेट लिएका थिए । उनले पाकिस्तान र भारतविरुद्ध नै समान चार विकेट लिएका थिए । भारतविरुद्ध पहिलो खेलमै चार विकेट लिएपछि सनसनी मच्चाए । तेस्रो खेलमा नेदरल्यान्ड्ससँग तीन तथा चौथो खेलमा नामिबियासँग दुई विकेट लिएका हुन् । उनी विश्वकपको चारै खेलमा विकेट लिने बलर पनि बने । तर, एक सय एक रन खर्चिएका छन् । एसोसिएट क्रिकेटको प्रतिनिधित्व गर्दै टेस्ट राष्ट्रका बलरलाई पछि पार्न सफल भएका छन् ।



ऐडन मारक्रम (दक्षिण अफ्रिका)

रन : २६४

दक्षिण अफ्रिका लगातार टी-२० विश्वकपको सेमिफाइनलमा प्रवेश गर्दा कप्तान ऐडन मारक्रमले सानदार प्रदर्शन गरिरहेको छन् । मुम्बईस्थित बिसिसिआईको कार्यालयमा भएको प्रतियोगिताअघिको पत्रकार सम्मेलनमै उनले टिमलाई उपाधि जिताउन खेल्ने बताएका थिए । सोहीअनुसार आफ्नो लय कायम राखेका छन् । विश्वकपमा मारक्रमले तीन अर्धशतकसँगै दुई सय ६४ रन बनाएका छन् । उनी विश्वकपमा धेरै रन बनाउने खेलाडीको सूचीमा तेस्रो स्थानमा पर्छन् ३१ वर्षीय दायाँहाते ब्याटरले पछिल्लो खेलमा वेस्ट इन्डिजविरुद्ध अविजित ८२ रन बनाएका थिए । त्यसअघि न्युजिल्यान्डविरुद्ध पनि अविजित ८६ र क्यानडाविरुद्ध ५९ रन बनाएका थिए ।

ब्लेसिङ मुजाराबानी (जिम्बावे)

विकेट : १२



एसोसिएट राष्ट्रका साड्ली भानपछि विश्वकपमा धेरै विकेट लिने खेलाडीमा जिम्बावेका ब्लेसिङ मुजाराबानी रहेका छन् । उनले पाँच खेल खेल्दा १२ विकेट लिएका हुन् । २९ वर्षीय तीव्र गतिका बलरले विश्वकपका सबै खेलमा विकेट लिएका छन् । उनले अस्ट्रेलियालाई हराउँदै सर्वाधिक चार विकेट लिएका थिए । जुन खेलमा उनले मात्र १७ विकेट लिएका थिए । यस्तै, ओमानविरुद्ध तीन तथा श्रीलंका र वेस्ट इन्डिजविरुद्ध समान दुई विकेट लिएका हुन् । पछिल्लो खेलमा भारतविरुद्ध भने एक विकेट लिएका थिए । तर, उनले उत्कृष्ट प्रदर्शन बाबजुद टिमलाई सेमिफाइनलमा भने पुऱ्याउन सकेनन् ।

न्युजिल्यान्ड हार्दा पाकिस्तानको सम्भावना कायमै



श्रीलंका | राति ७:१५ बजे | पाकिस्तान

एजेन्सी

इंग्ल्यान्डले न्युजिल्यान्डलाई चार विकेटले हराएपछि आइसिसी टी-२० विश्वकपमा पाकिस्तानको सेमिफाइनल पुग्ने सम्भावना कायमै भएको छ । इंग्ल्यान्डको जितको कामना गरेको पाकिस्तानले मैदानबाहिरै रहेर सोचेजस्तै नतिजा पायो । अब, अन्तिम खेलमा सहआयोजक श्रीलंकालाई ठुलो अन्तरले पराजित गरे मात्रै पाकिस्तान सेमिफाइनलमा पुग्नेछ । यदि पाकिस्तान श्रीलंकासँग पराजित भए वा सानो स्कोरको जित निकाले न्युजिल्यान्ड नै अन्तिम चारमा पुग्नेछ ।

सुपर एटको समूह-२ मा इंग्ल्यान्ड भने लगातार तेस्रो जित निकाल्न सफल भयो । उसले तीन खेलबाट ६ अंक जोड्दै शीर्ष स्थान सुरक्षित गरेको छ । न्युजिल्यान्डको तीन खेलबाट तीन अंक छ । टोली दोस्रो स्थानमा छ । पाकिस्तानको एक अंक रहँदा श्रीलंकाले अंक जोड्न सकेको छैन । कोलम्बोमा सुरुमा ब्याटिङ गरेको न्युजिल्यान्डले सात विकेट गुमाउँदै एक सय ६० रनको लक्ष्य दिएको थियो । प्रत्युत्तरमा इंग्ल्यान्डले ६ विकेट गुमाउँदा तीन बलअघि जित निकालेको हो ।

इंग्ल्यान्डको जितमा टम बान्टोनले ३३, विल ज्याक्सले अविजित ३२, कप्तान ह्यारी ब्रुकले २६, साम करनले २४ तथा ज्याकोव बेथेलले २१ रन बनाएका थिए । इंग्ल्यान्डको जितमा ज्याक्स र रेहान अहमेदले १६ बलमा अविजित ४४ रनको साझेदारी गरेका थिए । यसअघि ब्रुक र बेथेलले ४८ रनको साझेदारी गरेका हुन् ।

न्युजिल्यान्डका रचिन रवीन्द्रले सर्वाधिक तीन विकेट लिएका थिए । म्याट हेनरी र लोकी फर्गुसन तथा ग्लेन फिलिप्सले समान एक विकेट लिए ।

यसअघि प्रेमादासा मैदानमा टस जितेर ब्याटिङ गरेको न्युजिल्यान्डका लागि ग्लेन फिलिप्सले सर्वाधिक ३९ रन बनाए । उनले २८ बलमा चार चौका र एक छक्का हिर्काएका थिए । ओपनर टिम सेइफर्टले २५ बलमा २५ रन बनाएका हुन् । फिन एलेनले २९ रनको योगदान गरेका हुन् ।

इंग्ल्यान्डका लागि आदिल रसिद, विल ज्याक्स र रेहान अहमदले समान दुई विकेट लिएका थिए । लिआम डावसनले एक विकेट लिएका हुन् ।

निर्वाचनका कारण कोशी प्राइड लिग चैतमा हुने

नयाँ पत्रिका

कोशी प्राइड प्रालिले आयोजना गर्ने टी-२० कोशी प्राइड लिग (केपिएल) तेस्रो संस्करणको मिति परिवर्तन भएको छ । विभिन्न सात फ्रेन्चाइज टिमले सहभागिता जनाउने लिग अब चैत ८ देखि २० गतेसम्म सुनसरीमै हुनेछ । प्रतिनिधिसभाको निर्वाचनका कारण प्रतियोगिता सारिएको आयोजकले जनाएको छ ।

प्रतियोगिताको नयाँ मितिलाई नेपाल क्रिकेट संघ (क्यान)ले समेत स्वीकृत दिएको छ । यसअघि फागुन ९ देखि २१ सम्म हुने भनिएको थियो । प्रतियोगितालाई कोशी प्रदेश क्रिकेट संघले प्राविधिक सहयोग गर्नेछ । प्रतियोगिताका लागि सहभागी टिमले अक्सनबाट समान १२ खेलाडी अनुबन्ध गरिसकेका छन् । यस्तै, हरेक टिमले ड्राफबाट तीनदेखि ६ खेलाडीसम्म अनुबन्ध गरेका छन् । अक्सनमा दुई सय ३२ खेलाडी समावेश थिए । क्याटागोरी 'ए'मा ३४, क्याटागोरी 'बी'मा ९५ तथा क्याटागोरी 'सी'मा एक सय तीन खेलाडी रहेका थिए । दुई सय ३२ खेलाडीमध्ये ८४ खेलाडी बिक्री भएका हुन् ।

आकाश खड्का मालिक रहेको एभरेस्ट थन्डर्सले राष्ट्रिय टिमका करण केसी, सोमपाल कामी, युवराज खत्री र रञ्जित कुमारलाई ड्राफबाट ल्याउँदा अक्सनबाट नारायण जोशी, आकाश त्रिपाठी, दीपेन्द्र रावत, रोशन विश्वकर्मा, पूजन विक, सलाहुद्दिन खान, सहिल पटेल, प्रज्वल थापा, लोकेश जोशी, भोलाकुमार शाह, सिभम तिवारी र रवीन्द्र मण्डललाई अनुबन्ध गरेको छ ।

धर्म न्यौपाने मालिक रहेको नमुना ब्लास्टर्सले राष्ट्रिय टिमका नन्दन यादवसहित गौरव कट्वाल र प्रकाश कार्कीलाई ड्राफबाट लिएको छ । यस्तै, अक्सनबाट अमित श्रेष्ठ, विपिन रावल, किरणकुमार ठगुन्ना, दयानन्द मण्डल, विपिन आचार्य, सन्दीप ढुंगाना, प्रतीक श्रेष्ठ, अभिशेष गौतम, राजु विश्वकर्मा, प्रभात राई, सचिन लेखक र नितेशकुमार यादव छन् ।

रिचार्डको ह्याट्रिक

काठमाडौं/ विदेशी खेलाडी रिचार्ड ओन्यमाले ह्याट्रिक गरेपछि संकटा एफसी एन्फा राष्ट्रिय लिगमा दोस्रो जित निकालेको छ । शुक्रबार सातदोबाटोस्थित एन्फा मुख्यालयमा भएको खेलमा संकटाले पहिलोपटक राष्ट्रिय लिग खेलिरहेको चित्लाङ एफसीलाई ४-० ले हरायो । यो जितपछि संकटा नवौं स्थानमा उक्लिएको छ । मैदानमा संकटालाई जित दिलाउन रिचर्ड ओन्यमाले ह्याट्रिक गरे । उनले खेलको पहिलो मिनेटमै, पहिलो हाफको इन्जुरी समय र ७५औं मिनेटमा गरी तीन गोल पूरा गरेका हुन् । एक गोल अर्का विदेशी खेलाडी टाय ड्यानियलको नाममा रह्यो । तीन गोल पहिलो हाफमा सम्भव भएका थिए ।

जितसँगै संकटाले तीन स्थान सुधार गरेको छ । संकटाको आठ खेलबाट नौ अंक छ । चित्लाङको यो तेस्रो हार हो । समान खेलबाट चित्लाङ सात अंक जोड्दै १२ औं स्थानमा झरेको छ । दिनको दोस्रो खेलमा लालीगुराँस एसोसिएसनले फ्रेन्ड्स क्लबसँग १-१ को बराबरी खेलेको छ ।

२० खेलाडी बन्द प्रशिक्षणमा

काठमाडौं/ नेपाल क्रिकेट संघ (क्यान)ले आइसिसी पुरुष क्रिकेट विश्वकप लिग-२ अन्तर्गतको त्रिकोणात्मक सिरिजका लागि २० खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाइएको छ । राष्ट्रिय टोलीका नियमित सदस्य तथा जय टूफीको प्रदर्शनका आधारमा क्यानले रोहित पौडेलको कप्तानीमा २० खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाएको हो ।

त्रिवि क्रिकेट मैदानमा हुने शृंखलाको नेपालसहित युएई र ओमान सहभागी हुनेछन् । खेल २६ फागुनदेखि ६ चैतसम्म हुनेछ । प्रशिक्षक स्टुआर्टलेले टी-२० विश्वकपपछि घोषणा गरेको टिममा कप्तान रोहित र उपकप्तान दीपेन्द्रसिंह ऐरीसँगै सन्दीप लामिछाने, कुशल भुर्तेल, आरिफ शेख, आसिफ शेख, अर्जुन साउद, भीम सार्की, बसिर अहमद, गुल्सन झा, सोमपाल कामी, करण केसी, नन्दन यादव, रिजन ढकाल, ललित राजवंशी, साहब आलम, शेर मल्ल, इसान पाण्डे, आकाश चन्द र हेमन्त धामी छन् ।

कामदार चाहियो
मासुकाट्न जानेको
अनुभबी ३ जना
कामदार चाहियो ।
हात्तीगौडा, काठमाडौं
फोन नं. ९८५१२४५९३०

नेपाल सरकार
अर्थ मन्त्रालय
राजस्व परामर्श समिति, २०८२ को सूचना

आगामी आर्थिक वर्ष २०८३/८४ को आर्थिक ऐन तर्जुमा गर्ने प्रयोजनका लागि अवलम्बन गर्नुपर्ने राजस्व नीतिका साथै भन्सार महसुल, मूल्य अभिवृद्धि कर, आयकर, अन्तःशुल्क, गैरकर एवम् राजस्व चुहावट नियन्त्रण लगायत समग्र राजस्व प्रशासनमा गर्नुपर्ने सुधारका विषयमा मिति **२०८२ चैत्र ३० गतेसम्म**मा सुझाव उपलब्ध गराइदिनुहुन निजी क्षेत्र, सरकारी निकाय एवम् सरोकार राख्ने सबैमा राजस्व परामर्श समिति हार्दिक अनुरोध गर्दछ । सुझावहरू उपलब्ध गराउँदा यस मन्त्रालयको वेबसाइटमा राखिएको देहायको QR Scan वा लिंक प्रयोग गरी व्यवस्थित रुपमा उपलब्ध गराउनुहुन समेत अनुरोध छ । उक्त QR Scan वा लिंकमा पठाउन नसकिएको अवस्थामा देहायका इमेल ठेगानामा समेत सुझाव पठाउन सकिने व्यहोरा सबैमा जानकारी गराईन्छ ।

सुझावको लागि लिंकः
https://bit.ly/budget_sujhab_form

१) राजस्व परामर्श समिति, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं, e–mail: rmd@mof.gov.np
२) विषयगत सुझाव निम्न उपसमितिहरूमा पठाउन सकिनेछ :

क्र.सं.	उपसमिति	इमेल
१.	**आन्तरिक राजस्व उपसमितिः** आन्तरिक राजस्व विभाग, लाजिम्पाट	policyird@ird.gov.np, dgpa@ird.gov.np
२.	**भन्सार उपसमितिः** भन्सार विभाग, त्रिपुरेश्वर	tariff@customs.gov.np, dg@customs.gov.np
३.	**उद्योग, वाणिज्य, लगानी तथा निर्यात प्रवर्द्धन उपसमितिः** उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार	ipdivision@moics.gov.np, info@moics.gov.np
४.	**राजस्व चुहावट नियन्त्रण तथा अनुसन्धान उपसमितिः** राजस्व अनुसन्धान विभाग, हरीहरभवन, ललितपुर	info@dri.gov.np
५.	**कृषि, उर्जा तथा पर्यटन क्षेत्र उपसमितिः** योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा, अर्थ मन्त्रालय, सिंहदरबार	moev@mof.gov.np
६.	**बैङ्क, वित्तीय संस्था, बीमा, सहकारी तथा पूँजी बजार उपसमितिः** वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, अर्थ मन्त्रालय, सिंहदरबार	fsmd@mof.gov.np
७.	**गैरकर तथा अन्तर-सरकारी राजस्व व्यवस्थापन उपसमितिः** वित्तीय संघीयता समन्वय महाशाखा, अर्थ मन्त्रालय, सिंहदरबार	ffcd@mof.gov.np
८.	**समष्टिगत आर्थिक उपसमितिः** आर्थिक नीति विश्लेषण महाशाखा, अर्थ मन्त्रालय, सिंहदरबार	epad@mof.gov.np
९.	**सम्पत्ति शुद्धीकरण निवारण तथा अनुसन्धान उप-समितिः** सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर	information@dmli.gov.np

३) अर्थ मन्त्रालय अन्तर्गतका सम्बन्धित विभाग तथा कार्यालयहरू ।

■ जय ट्रफी पुरुष इलिट कप

उपाधिका लागि आर्मी र पुलिस भिड्ने

नयाँ पत्रिका

पुनः एकपटक विभागीय टोलीद्वय त्रिभुवन आर्मी क्लब र नेपाल पुलिस क्लबले दुईदिवसीय जय ट्रफी पुरुष इलिट कप क्रिकेटको उपाधिका लागि प्रतिस्पर्धा गर्ने भएका छन् । अब, फाइनल खेल भने तीन दिनको हुनेछ । यसअघि फागुन १७-१९ का लागि तय भएको फाइनल खेल आसन्न प्रतिनिधिसभाको चुनावका कारण सारिएको छ । अब, फाइनल खेल चैत २१ देखि २३ सम्म हुनेछ ।

आर्मीले लिग चरणमा ६६ अंक जोडेर शीर्ष स्थानमा रहँदै फाइनलमा पुगेको हो । अन्तिम खेलमा बागमती प्रदेशलाई हराएको नेपाल पुलिसले ६५.५ अंक जोडेर आर्मीसँगको भेट पक्का गऱ्यो । दुवै टोली लगातार फाइनलमा स्थान बनाउन सफल भए । यसअघि पनि आर्मी र पुलिस नै फाइनलमा पुगेका थिए ।

फाइनलमा पुलिस २८ रनले विजयी हुँदै उपाधि जितेको थियो । पुलिस लगातार दोस्रोपटक उपाधि जित्ने योजनामा रहनेछ । आर्मी भने पहिलोपटक उपाधि जित्ने लक्ष्यमा छ । दुवै टोलीमा राष्ट्रिय टोलीका खेलाडीको बाहुल्य रहेको छ ।

आर्मी र एपिएफको ड्र

प्रतियोगिताको तेस्रो खेलमा आर्मीले अर्को विभागीय टोली एपिएफ क्लबविरुद्ध 'ड्र' खेल्यो । मूलपानी क्रिकेट मैदानमा भएको दोस्रो इनिङमा आर्मीले तीन सय ८१ रनको लक्ष्य प्रस्तुत गरेको थियो । एपिएफले दिनको समाप्तिमा ४७ ओभरमा दुई सय २८ रन बनाउँदा मात्र सात विकेट गुमाएपछि हार टारेको थियो ।



दोस्रो इनिङ्समा एपिएफका लोकेश बमले सर्वाधिक ६४ रन बनाए । कप्तान रोहित पौडेलले ३५, दीपक बोहराले ३२ अनि आसिफ शेख र सुमित महर्जनले समान ३१ रन बनाए । आर्मीका नरेन साउदले सर्वाधिक पाँच विकेट लिए ।

त्यसअघि दोस्रो इनिङ्स सुरु गर्दा आर्मीले एक सय १२ रनको अग्रता बनाएको थियो । आर्मीका बसिर अहमदले अविजित एक सय एक रनको शतकीय इनिङ्स खेले । कप्तान विनोद भण्डारीले ६३ रन बनाए । इमरान शेखले ४१ रन बनाए । सोमपाल कामीले २९ रन बनाए । एपिएफका कप्तान रोहितले तीन विकेट लिएका थिए ।

यसअघि बिहीबार टस हारेर पहिले ब्याटिङ गरेको आर्मीले पहिलो दिनमा ६८.४ ओभर खेल्यो । नौ विकेट गुमाएर दुई सय ५२ रन बनाउँदा इनिङ समाप्तिको घोषणा गरेको थियो । ओपनर तृतराज दासले एक सय दुई रन बनाएका थिए भने इमरान शेखले ७१ रन बनाएका हुन् । यी दुई मिलेर सानदार सुरुवात गर्दै पहिलो विकेटका लागि एक सय ७२ रनको साझेदारी गरेका थिए ।

एपिएफका लागि पहिलो इनिङमा युवराजले पाँच विकेट लिए । कप्तान रोहित पौडेलले दुई विकेट लिए । त्यसपछि जवाफी ब्याटिङमा एपिएफले अलआउट हुँदै एक सय ४० रन मात्र बनाउन सक्यो । कप्तान रोहित पौडेलले सर्वाधिक ४८ रन बनाएका थिए । आर्मीका सोमपाल कामीले चार विकेट लिएका थिए ।

पुलिस लगातार फाइनलमा

पुलिस भने लगातार प्रतियोगिताको फाइनलमा स्थान बनाउन सफल भयो । शुक्रबार कीर्तिपुरस्थित त्रिवि मैदानमा पुलिसले बागमती प्रदेशलाई आठ विकेटले हरायो । दोस्रो इनिङमा बागमती प्रदेशले दिएको ८९ रनको लक्ष्य पुलिसले दुई विकेट गुमाएर पूरा गऱ्यो । पुलिसका लागि सोहेल कुँवरले अविजित ३५ रन बनाए । शंकर रानाले २७ रन बनाए भने करण केसीले अविजित २५ रन बनाए ।

त्यसअघि दोस्रो इनिङमा पुलिसले बनाएको एक सय ४९ रनको अग्रता पछ्याउँदा बागमती दुई सय ३७ रन बनाएर अलआउट भयो । इसान पाण्डेले सर्वाधिक ८० रन बनाएका थिए । त्यसअघि खेलमा टस हारेर पहिले ब्याटिङ गरेको बागमती प्रदेशले पहिलो इनिङमा ५३.५ ओभरमा अलआउट हुँदा मात्र एक सय ८५ रन बनाएको थियो ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com